Disappearance Preaface  6/11/09  11:48 AM  Page 1

# बेपत्ता नागरिकको अधिकार संरक्षणसम्बन्धी
# आधारभूत जानकारी

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
इमेल: hrtmcc@hrtmcc.org, वेब साइट: www.hrtmcc.org

**बेपत्ता नागरिकको अधिकार संरक्षणसम्बन्धी**
**आधारभूत जानकारी**


**प्रकाशन मिति** : चैत २०६५

**सङ्ख्या** : १,००० प्रति

**प्रकाशक** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**सर्वाधिकार** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**संयोजन** : विद्या चापागाई

**आवरण/लेआउट** : गीता माली

**मुद्रण** : इन्द्रेणी अफसेट प्रेस, अनामनगर
फोन नं. ४६६०५३३, ४७७१४४८

# भूमिका

हरेक व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादाका साथै जबर्जस्ती बेपत्ताबाट संरक्षणको अधिकार पूर्णरूपमा सुनिश्चित गरिनु पर्दछ। जबर्जस्ती बेपत्ताबाट भौतिकरूपमा व्यक्तिको कानुनद्वारा संरक्षण पाउने अधिकारलगायत विभिन्न आधारभूत अधिकारको हनन मात्र नभई बेपत्ता नागरिकको अवस्थाबारे सत्य जान्न पाउने र न्याय खोज्ने बेपत्ता नागरिकको परिवारको अधिकार समेतको हनन हुन्छ।

व्यक्तिको व्यक्तिगत स्वतन्त्रता र सुरक्षा, कानुनी उपचारको अधिकार, यातना तथा क्रुर अमानवीय र अपमानजनक व्यवहार विरुद्धको अधिकार र जीवनको अधिकारलगायतका मौलिक स्वतन्त्रता र आधारभूत मानवअधिकारको उल्लङ्घन भएको हुनाले जर्बजस्ती वा अनिच्छापूर्वक बेपत्ता जटिल प्रकृतिको फौजदारी अपराध हो।

जबर्जस्ती वा अनिच्छापूर्ण बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलमा ठूलो सङ्ख्यामा बेपत्ताका उजुरीहरूको दर्ता भएका कारणले नेपाललाई सबैभन्दा बढी बेपत्ता पारिने देशको रूपमा केही वर्ष यतादेखि लिइएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अनुसार सशस्त्र द्वन्द्वको दश वर्षभित्र हाल ९३३ जना व्यक्तिहरू बेपत्ता रहेका छन्। यी नागरिकहरूको खोजी र बेपत्ता पार्ने कार्यको अनुसन्धान गरी यसमा संलग्नहरूलाई कारबाही गर्न नेपाल सरकारले कुनै संयन्त्रको निर्माण गरेको छैन। सरकारको यस्तो बेवास्ताले हजारौंका सङ्ख्यामा रहेका पीडित र पीडित परिवारको जीवन वर्षौंदेखि कष्टकर बनाएको छ। गहिँरिदो दण्डहीनताको कुसंस्कृति र यसलाई अन्त्य गर्न कुनै पहल नभएकोमा उनीहरू दोहोरो पीडाको अवस्थामा रहेका छन्।

सर्वोच्च अदालतले १८ जेठ २०६४ मा दिएको महत्वपूर्ण निर्णयमा सरकारलाई बेपत्ता नागरिकको स्थिति छानबिन गर्न र बेपत्ता पारिने कार्यलाई अपराध ठहर गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको कानुन निर्माण गर्न आदेश दिएको छ। विस्तृत् शान्ति सम्झौता र अन्तरिम संविधानमा बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको स्थिति सार्वजनिक गर्न र बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति पत्ता लगाउन अनुसन्धान आयोगको गठन गरिने प्रतिबद्धता व्यक्त गरिएअनुरूप सरकारले यस सम्बन्धमा छानबिन गर्न कानुन २०६५ फागुन १ गते तर्जुमा गरेको छ। जसले बेपत्ता बनाउने कार्यलाई अपराधी मान्दै छानबिन आयोगको गठन गर्ने व्यवस्था गरे तापनि मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको आदेशको अनुरूप भने गरेको छैन्। ठूलो सङ्ख्यामा नागरिक बेपत्ता पार्ने मुलुकको रूपमा नेपालको संयुक्त राष्ट्रसङ्घमा दर्ता भएकोले गर्दा नेपालले बेपत्तासम्बन्धी सन्धिको अनुमोदन गरी बेपत्ता पार्ने कार्यलाई राष्ट्रिय कानुनअन्तर्गत अपराधीकरणमा सामेल गर्न आवश्यक छ।

बेपत्ता नागरिकको अधिकारलाई सम्बोधन गर्न नेपाल सरकारद्वारा "बेपत्ता पार्ने कार्य (अपराध र सजाय) ऐन, २०६५ सम्बन्धी अध्यादेश २०६५" ३१ चैत २०६५ मा जारी गरिएको छ। बेपत्ता पार्ने कार्यसँग सम्बन्धित व्यवहारलाई अपराधी मान्ने र १ फागुन २०५२ देखि ५ मङ्सिर २०६४ सम्म चलेको सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता पारिएका घटनाको सम्बोधन गर्नका लागि एक छानबिन आयोगको गठन गर्ने मनसाय प्रस्तुत विधेयकले लिएको देखिन्छ। बेपत्ता पार्ने कार्यसँग सम्बन्धित क्रियाकलापलाई अपराधी मान्ने, विगतमा भएका बेपत्ताका घटनाको अनुसन्धान गर्ने, पीडकलाई कारबाही गर्ने र पीडितलाई परिपूरण दिने सम्बन्धमा नेपाल सरकारले महत्वपूर्ण कदम अघि सारेको छ, जसले सरकार मानवअधिकार ज्यादती र उल्लङ्घनका पीडितहरूलाई न्याय दिन खोजेको देखिन्छ। देशमा व्याप्त दण्डहीनतालाई निष्कृय गर्ने पहलको रूपमा यस विधेयक ल्याइएको हुनुपर्दछ।

तर विधेयकमा बेपत्ता बनाइने कार्यको परिभाषा, यसमा संलग्न रहेकाहरूमाथि जवाफदेहीता सुनिश्चतता, अभियुक्तलाई सजाय र बेपत्ता बनाइएकोमा छानबिन गर्न व्यवस्था गरिएको हदम्यादलगायतका प्रावधान बेपत्ता विरूद्धको महासन्धि र सर्वोच्च अदालतको आदेशअनुरूप नभएकोले सो अनुकूल संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

बेपत्ता नागरिक र उनीहरूको परिवारको अधिकार संरक्षणमा सहयोग पुऱ्याउन सम्पूर्ण सरोकारवालाहरूलाई संयुक्त राष्ट्रसङ्घीय बेपत्ता नागरिकको अधिकारसम्बन्धी महासन्धि बारे जानकारी दिने उद्देश्यले यो पुस्तिका तयार गरिएको हो। महासन्धि र यसमा रहेका प्रावधानहरू, संयुक्त राष्ट्रसङ्घीय विशेष प्रक्रियाअन्तर्गत रहेको जबर्जस्ती वा अनिच्छापूर्वक बेपत्तासम्बन्धी कार्यदललगायतका संयन्त्रहरू र मापदण्डहरूबारे सरोकारवालाहरूलाई जानकारी प्रदान गरी महासन्धिलाई व्यवहारमा लागू गर्न यो पुस्तिका सहयोगसिद्ध हुनेछ भन्ने आशा गरिएको छ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा यो पुस्तिका तयार पारिएको हो। पुस्तिकाको अनुसूचीमा रहेको महासन्धिको नेपाली अनुवादको पूर्वपाठ उपलब्ध गराई सहयोग गर्ने *मानवअधिकार र प्रजातन्त्र मञ्च*लाई धन्यवाद दिन चाहन्छु। यस पुस्तिका तयारीमा संलग्न समितिकी कार्यक्रम संयोजक विद्या चापागाई तथा समितिको सचिवालयमा फेलोको रूपमा कार्यरत *सेन्टर फर ह्युम्यान राइट्स र डिभलप्मेन्ट* (मङ्गोलिया) की बाटहीसग बादार्च विशेष धन्यावादको पात्र हुनुहुन्छ। त्यसैगरी लेआउट र डिजाइनमा सहयोग गर्नुहुने इन्सेककी गीता मालीलाई पनि धन्यवाद दिन चाहन्छु।

**सुबोधराज प्याकुरेल**

अध्यक्ष

सचिवालय मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

# विषयसूची


१. **अध्याय एक** : बलपूर्वक बेपत्ता १

२. **अध्याय दुई** : बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी छलफल प्रक्रियाको इतिहास १०

३. **अध्याय तीन** : महासन्धिअन्तर्गत अनुगमन संयन्त्र २२

४. **अध्याय चार** : बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदल २९


**अनुसूचीहरू**


**अनुसूची १** : जबर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६, ४१

**अनुसूची २** : जबर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र १९९२ ६४

**अनुसूची ३** : बलपूर्वक बेपत्ता पारिएको पीडितको बारेमा बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदल समक्ष निवेदन पेश गर्नका लागि भर्नुपर्ने फाराम ७२

# अध्याय १

## बलपुर्वक बेपत्ता

बलपूर्वक बेपत्ता हुनबाट सबै नागरिकको संरक्षणसम्बन्धी महासन्धिको धारा १ अनुसार जबर्जस्ती बेपत्ता भन्नाले प्रकारान्तर त्यस्तो व्यक्तिलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी स्वतन्त्रताको हरण गरेको सकार्नमा नामन्जुरी वा बेपत्ता व्यक्तिको अवस्था वा अत्तोपत्तोको दपोट गर्ने हिसाबले राज्यका प्रतिनिधिहरू वा राज्यको अख्तियारी, समर्थन वा सम्मतिसाथ काम गर्ने व्यक्तिहरू वा व्यक्तिहरूका समूहहरूद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य स्वरूपलाई मानिनेछ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको धारा ७ ले पनि बलपूर्वक बेपत्तालाई मानवता विरुद्धको अपराध भनी परिभाषा गरेको छ।

महासन्धिले गरेको परिभाषाअनुसार राज्यको संलग्नतामा व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरी उसको अवस्थालगायत उसँग सम्बन्धित सबै सूचना दबाई व्यक्तिलाई कानुनको पहुँच र संरक्षणबाट टाढा राख्नु नै बलपूर्वक बेपत्ता हो।

नेपालमा नागरिक बेपत्ता पारिने परम्पराको इतिहास लामो छ। आजभन्दा करिब ५६ वर्ष अघिदेखि मानवअधिकारविरोधी यस्तो क्रियाकलाप चल्दै आएको छ। फरक यत्तिमात्र हो कि कुनै कालखण्डमा केही कम नागरिक यस्तो ज्यादतीबाट पीडित भए भने कुनै कालखण्डमा अत्यधिक बढी। पञ्चायती शासन व्यवस्थाकालमा केही दर्जन नागरिकहरूलाई निर्मम ढङ्गले बेपत्ता पारियो। २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि यस्तो क्रम रोकिन्छ भन्ने आशा आम नागरिकहरूमा जागेको थियो। तर दुर्भाग्य, देश पुनः सोही चक्रमा फस्न पुग्यो। २०५२ सालमा सशस्त्र द्वन्द्वको शुरूवात भएपछि बेपत्ता पारिने क्रम यति बढ्यो कि राज्य र माओवादी दुवै पक्ष नागरिकका आधारभूत अधिकारहरूप्रति संवेदनहीन बन्दै गए।

**बेपत्ता पारिने कार्यबाट उल्लङ्घन हुने अधिकारहरू**

मानिसहरूलाई बलपूर्वक बेपत्ता पारिने अभ्यासले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरू एवम् प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूमा व्यवस्था गरिएका कैयन् मानवअधिकारको उल्लङ्घन गर्दछ। बेपत्ता पारिने कार्यबाट सन् १९५७ मा संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्द्वारा पारित बन्दीहरूमाथि हुने व्यवहारका लागि विशेष न्यूनतम नियमहरूका साथै राष्ट्रसङ्घीय महासभाद्वारा क्रमशः १९७९ र १९८८ मा पारित कानुन कार्यान्वयन अधिकारीहरूका लागि आचारसंहिता र कुनै प्रकारको थुनुवा वा कैदमा रहेका सबै व्यक्तिहरूको संरक्षणका लागि सिद्धान्तहरूको पनि गम्भीर उल्लङ्घन हुन्छ। बेपत्ताका क्रममा निम्नलिखित व्यक्तिगत अधिकारहरूसमेत उल्लङ्घन हुन सक्छन् :

- कानुनका सामु व्यक्तिका रूपमा मान्यता पाउने अधिकार,
- व्यक्तिगत स्वतन्त्रता तथा सुरक्षाको अधिकार,
- यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको शिकार हुन नहुने अधिकार,
- जीवनको अधिकार आदि।

बेपत्ता पारिने कार्यबाट आमरूपमा व्यक्तिको पारिवारिक जीवनको अधिकारका साथै उपयुक्त जीवनस्तरको अधिकार र शिक्षाको अधिकारजस्ता कैयन आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उल्लङ्घन हुन्छ। परिवारको मुख्य आर्थिक आधारका रूपमा रहेको व्यक्तिलाई बेपत्ता पारिएमा, विशेषतः कम आयस्तर भएका समाजमा उक्त परिवारको आर्थिक-सामाजिक अवस्था निकै कष्टकर हुनजाने र त्यसबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिमा उल्लेख गरिएका अधिकांश अधिकारहरू उपभोग वा बोध गर्न नसकिने अवस्था सृजना हुने विभिन्न अध्ययनहरूले देखाएका छन्।

बेपत्ताका कारण सृजना हुने गम्भीर कष्टकर अवस्थाको शिकार प्रायःजसो महिलाहरू हुने गरेका छन्। महिलाहरू बेपत्ताका घटनामा प्रत्यक्ष पीडित भएको अवस्थामा उनीहरू विशेषगरी यौनजन्य र अन्यखाले हिंसाका शिकार हुने गर्दछन्। यसका अतिरिक्त, आफ्ना परिवारका सदस्यहरूको बेपत्तालाई सुल्झाउनका लागि हुने सङ्घर्षमा प्रायः महिलाहरू नै अग्रपंक्तिमा रहने गर्दछन्। यस्तो अवस्थामा उनीहरू विभिन्नखाले

धम्की, दूर्व्यवहार र दमनका शिकार हुने गरेका छन्।

बेपत्ताका घटनाबाट बालबालिकाहरू पनि प्रत्यक्ष र परोक्ष दुवैरूपमा पीडित हुने गरेका छन्। कुनै बालक वा बालिकालाई बेपत्ता पारिनु व्यक्तिगत पहिचानको अधिकारका साथै बालअधिकार महासन्धिका कैयन् प्रावधानहरूको स्पष्ट बर्खिलाप हो। कुनै आमा-बाबु वा अभिभावकलाई बेपत्ता पारिनु एउटा बालक वा बालिकाको मानवअधिकारको पनि गम्भीर उल्लङ्घन हो।

**बलपूर्वक बेपत्ताका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घ**

विश्वभरबाट बेपत्ताका घटनासम्बन्धी निकै धेरै प्रतिवेदनहरू प्राप्त गरिसकेपछि सन् १९७८ मा संयुक्त राष्ट्रसङ्घीय महासभाले बलपूर्वक वा जबर्जस्ती बेपत्ताको अवस्थासम्बन्धमा यसको पहिलो प्रस्ताव पारित गऱ्यो। सैनिक शासनमा रहेका ल्याटिन अमेरिका र एसियाका कैयन् राष्ट्रहरूको विरोधका बाबजूद २९ फेब्रुवरी १९८० मा संयुक्त राष्ट्रसङ्घीय तत्कालीन मानवअधिकार आयोगद्वारा एक प्रस्ताव (नं. २०(३६) पारित गरी त्यसमार्फत् बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदल (यसपछि कार्यदल भनिन्छ) स्थापना गऱ्यो। यो कार्यदल हालसम्म कार्यरत छ। विशेषगरी बेपत्ता नागरिकका परिवार र सम्बन्धित राष्ट्रको सरकारबीच सञ्चार-सम्पर्क सूत्रका रूपमा कार्य गर्ने यो कार्यदलको कार्यादेश निश्चितरूपमा मानवीय प्रकृतिको छ। कार्यदलले सन् १९९२ देखि सोही वर्ष संयुक्त राष्ट्रसङ्घद्वारा पारित बेपत्तासम्बन्धी घोषणापत्रको सबै राष्ट्रहरूमा कार्यान्वयन स्थिति अनुगमन पनि गर्दै आएको छ। यो कार्यदलसँग कानुनीरूपमा बाध्यकारी शक्ति र न्यायिक अधिकारको भने कमी छ। मानवअधिकार उल्लङ्घनको विषयलाई लिएर कुनै राज्यको आलोचना गर्ने वा गम्भीर र गहन अनुसन्धानको आदेश जारी गर्ने वा परिपूरण प्रदान गर्ने शक्ति पनि यसलाई छैन।

**बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र, १९९२**

१८ डिसेम्बर १९९२ मा संयुक्त राष्ट्रसङ्घीय महासभाले, प्रस्ताव नं. ४७/१३३ द्वारा, बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र जारी गऱ्यो। घोषणापत्रको व्याख्या कार्यमा सक्रियतापूर्वक भाग लिएको कार्यदलले महासभाको यो कदमलाई स्वागत गर्दै यो घोषणापत्र बेपत्ता पारिने कार्यविरुद्धको संयुक्त प्रयासमा कोशेढुङ्गा भएको र कार्यदल आफैको भावी कार्यका लागि

पनि महत्वपूर्ण आधार भएको उल्लेख गऱ्यो। कार्यदलले विगतमा पारित गरेका र यसका वार्षिक प्रतिवेदनहरूमा प्रकाशित गरेका कैयन् प्रस्ताव र सिफारिस/सुझावहरू यो घोषणापत्रमा समेटिए।

घोषणापत्र अनुसार बेपत्ताको योजनाबद्ध कार्य मानवताविरोधी अपराधको प्रकृतिको हुन्छ र यसमा कानुनका सामु व्यक्तिका रूपमा मान्यता पाउने अधिकार, व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार र यातनाको शिकार हुन नहुने अधिकारको उल्लङ्घन समावेश भएको हुन्छ। यसले व्यक्तिको जीवनको अधिकार उल्लङ्घन गर्दछ वा जीवनको अधिकारमा गम्भीर खतरा उत्पन्न गर्दछ। राज्यहरू बलपूर्वक बेपत्ता पारिने कार्य रोकथाम र अन्त्य गर्न र, विशेषत: त्यस्ता कार्यलाई फौजदारी कानुनअन्तर्गतका अपराधका रूपमा परिभाषित गर्न र त्यसमा नागरिक उत्तरदायित्व स्थापित गर्न प्रभावकारी कानुनी, प्रशासनिक, न्यायिक वा अन्य कदमहरू चाल्नुपर्ने दायित्वमा बाँधिएका हुन्छन्।

घोषणापत्रले शीघ्र र प्रभावकारी न्यायिक उपचारको अधिकार तथा राष्ट्रिय निकायहरूद्वारा सबै थुनुवा केन्द्रहरूमा निर्वाध निरीक्षण गर्न पाउने अधिकारको व्यवस्था गर्नुका साथै बन्दी प्रत्यक्षीकरण, हिरासत वा थुनामा रहेका सबै व्यक्तिहरूको केन्द्रीय अभिलेखको अधिकार तथा बेपत्ता पारिएको भनी आरोपित सबै घटनाहरूको पूर्ण अनुसन्धानको कर्तव्य, बेपत्ता पार्ने कार्यमा संलग्न भनी आरोपित सबै पीडकहरूलाई नागरिक (गैरसैनिक) अदालतमा अभियोजन गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी दण्डहीनता बढाउने गरी आरोपित व्यक्तिहरू वा अभियोग लगाइएका व्यक्तिहरूलाई कुनै विशेष क्षमादान दिने कानुन वा त्यससँग मिल्दाजुल्दा नियमहरूमार्फत् अपराधको सजायबाट उम्कन दिन नहुनेतर्फ घोषणापत्रले विशेष जोड दिएको छ।

सन् १९९३ देखि संयुक्त राष्ट्रसङ्घको तत्कालीन मानवअधिकार आयोगले निरन्तर विभिन्न प्रस्तावहरू पारित गरी विश्वका सबै सरकारहरूलाई बेपत्ता पार्ने कार्यको रोकथाम तथा अन्त्यका लागि महासन्धिलाई आधार मान्दै उपयुक्त कानुनी वा अन्य कदमहरू चाल्न आग्रह गऱ्यो। यसो गर्दा संयुक्त राष्ट्रसङ्घसँग समन्वय गर्न र राष्ट्रिय तथा क्षेत्रीय तहमा समेत यस्ता कार्यहरू अगाडि बढाउन सरकारहरूलाई आयोगले प्रोत्साहित गऱ्यो। आयोगले महासन्धिका प्रावधानहरूमा विशेष ध्यान दिन, यसको कार्यान्वयनका क्रममा देखा परेका व्यवधानहरूका बारेमा आफ्ना प्रतिवेदनहरूमा उल्लेख गर्न तथा तिनको निराकरणका लागि चालिनुपर्ने कदमका बारेमा सुझाव प्रदान गर्न त्यस्ता प्रस्तावहरूमार्फत् आयोगले बेपत्तासम्बन्धी कार्यदललाई पनि आग्रह गऱ्यो।

यो घोषणापत्र प्रस्ताव नं. ४७/१३३ मार्फत् महासभाले १८ डिसेम्बर १९९२ मा सर्वसम्मत ढङ्गले पारित गरेको यस्तो दस्तावेज हो, जसले बेपत्ता पार्ने कार्यको रोकथाम र अन्त्यका क्षेत्रमा विश्वव्यापी मापदण्ड निर्धारण गरेको छ। कानुनीरूपमा वाध्यकारी नभए तापनि यो महासन्धिले विभिन्न सिद्धान्तहरू स्थापित गरेको छ; जसले सबै राज्यहरूलाई मार्गनिर्देशन गर्दछन्। महासन्धिले स्थापित गरेका केही प्रमुख मान्यता वा सिद्धान्तहरू निम्नानुसार छन् :

- बेपत्ता पारिने कार्य र मानवअधिकार उल्लङ्घनको प्रकृतिबारे वर्णन,
- सबै परिस्थितिमा बेपत्ता पारिने कार्यलाई अस्वीकृति,
- प्रत्येक राज्यले आफ्नो क्षेत्राधिकारअन्तर्गतको भू-भागमा बेपत्ता पारिने कार्यको रोकथाम तथा अन्त्यका लागि प्रभावकारी कानुनी, प्रशासनिक, न्यायिक र अन्य उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता,
- प्रत्येक राज्यद्वारा बलपूर्वक बेपत्ता पारिने कार्यलाई फौजदारी कानुनअन्तर्गत पर्ने अत्यन्त गम्भीर अपराधको रूपमा लिइने,
- कुनै पनि निर्वाचित जनप्रतिनिधि, नागरिक, सैनिक वा अरु कसैको आदेश वा निर्देशन बलपूर्वक बेपत्ता पार्ने कामलाई उचित साबित गर्ने कारण हुन नसक्ने,
- सबै थुनुवाहरूलाई आधिकारिक हिरासत वा थुनुवा केन्द्रहरूमा राख्नुपर्ने र उनीहरूका परिवारलाई त्यससम्बन्धी सूचना प्रदान गरिनुपर्ने (सूचनाको हक),
- आरोपित वा जानकारी गराइएका सबै घटनाहरूको बारेमा राज्यले अनुसन्धान गर्नुपर्ने (सत्य-तथ्य जानकारी पाउनुपर्ने अधिकार) र गम्भीर वा जटिल घटनाहरूमा प्रमाण वा अन्य महत्वपूर्ण विषय-वस्तुको संरक्षण गर्नुपर्ने,
- बलपूर्वक बेपत्ता पारिनु एउटा जघन्य अपराध हो, तसर्थ यसलाई छूट दिने कुनै पनि खालको कानुनी व्यवस्था गर्न नहुने,
- व्यापक र योजनाबद्ध अभ्यासको एक अङ्गका रूपमा बलपूर्वक बेपत्ता गरिएको भए त्यसलाई मानवताविरोधी अपराधको रूपमा लिइनुपर्ने,
- कुनै व्यक्तिलाई बेपत्ता पारेको भनी आरोपित व्यक्तिले कुनै पनि प्रकारको उन्मुक्ति/क्षमादान कानुन वा त्यस्तै अन्य मापदण्डहरूबाट फाइदा लिन पाउनु हुँदैन,
- बलपूर्वक बेपत्ताका घटनाहरूको सुनुवाइ केवल सक्षम नागरिक ट्रिब्युनलहरूबाट मात्र हुनुपर्ने,
- पीडित र उनीहरूका परिवारहरूलाई पुनर्स्थापना, सुधार र परिपूरणको अधिकार छ,
- पीडित बनाइएका बालबालिकाहरूलाई विशेष संरक्षण प्रदान गरिनुपर्ने र

बालबालिकाको अपहरण निकै गम्भीर उल्लङ्घन हुने।

कार्यदलले सरकारहरूलाई कानुनी, प्रशासनिक, न्यायिक वा अन्य कदमहरू चालेर घोषणापत्रका प्रावधानहरू कार्यान्वयन गर्नुपर्ने उनीहरूको दायित्वका बारेमा बारम्बार झक्झकाइरहे पनि व्यवहारमा ज्यादै कम प्रगति भएको छ। केही अपवादहरूलाई छाडेर, राज्यहरूले घोषणापत्रका प्रावधान वा सिद्धान्तहरूलाई राष्ट्रिय कानुनमा समावेश गर्नका लागि योजनाबद्ध कदमहरू चालेका छैनन्। घोषणापत्रको कार्यान्वयन विगतमा बेपत्ताका घटना भएका वा हालसम्म पनि त्यस्ता घटना जारी रहेका राज्यहरूमा मात्र सान्दर्भिक नभई त्यस्ता कार्य भविष्यमा नदोहोरिने सुनिश्चित गर्न सबै राज्यहरूद्वारा कानुनी तथा रोकथामका अन्य उपायहरू अवलम्बन गर्नुपर्ने विषयमा कार्यदलले निरन्तर जोड दिँदै आएको छ।

## बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

यो महासन्धि सन् १९९२ को घोषणापत्रभन्दा फरक मापदण्ड हो। यसको अनुमोदन गरेको राज्यका लागि यो कानुनीरूपमा वाध्यकारी दस्तावेज हो। यो महासन्धि २३ सेप्टेम्बर २००५ मा यसको मस्यौदा समितिद्वारा पारित भएको थियो। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्द्वारा २७ जुन २००६ मा पारित गरेको थियो। अन्त्यमा, २० डिसेम्बर २००६ मा संयुक्त राष्ट्रसङ्घीय महासभाले यसलाई पारित गऱ्यो र ७ फेब्रुवरी २००७ मा फ्रान्सको पेरिसमा ५७ राष्ट्रले हस्ताक्षर गरे। मार्च २००९ सम्ममा १० राष्ट्रले अनुमोदन र ८१ राष्ट्रले हस्ताक्षर गरेका छन्। २० राज्यले अनुमोदन गरेपछि यो कार्यान्वयनमा आउनेछ।

### महासन्धिको आवश्यकता

महासन्धि जारी गर्नुपर्ने कारणको मूल सार निकै स्पष्ट छ। यसको सन्दर्भ खासगरी दोश्रो विश्वयुद्ध पछि विश्वमा बेपत्ताका घटनाहरूको व्यापकतासँग जोडिएको छ। दोश्रो विश्वयुद्धयता हालसम्म संसारभर कैयौं सत्ताधारीहरूले बलपूर्वक बेपत्ता पार्ने कार्य गर्दै आएका छन्। हाल विश्वका सबै महादेशका कैयन् राष्ट्रहरूमा बलपूर्वक बेपत्ताका घटना भइरहेका छन्। महासन्धि जारी गर्नु पर्ने प्रमुख कारण हो- व्यक्तिहरूलाई यो अपराधबाट संरक्षण प्रदान गर्नु। अन्य मानवअधिकार उल्लङ्घन (जस्तैः यातना) जस्तो बलपूर्वक बेपत्ता पारिने कार्यविरुद्ध कानुनीरूपमा वाध्यकारी कुनै अन्तर्राष्ट्रिय मापदण्ड

नभएको सन्दर्भमा यो महासन्धि जारी भएको हो। यद्यपि, निम्न अन्तर्राष्ट्रिय मापदण्डहरूमा बेपत्ता पारिने कार्यबाट व्यक्तिहरूलाई संरक्षण प्रदान गर्ने प्रावधानहरू समेटिएका छन् :

- बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र
- व्यक्तिहरूको जबर्जस्ती बेपत्तासम्बन्धी अन्तर-अमेरिकी महासन्धि (अमेरिकी राष्ट्रहरूका लागि मात्र)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि
- मानवअधिकारसम्बन्धी युरोपेली महासन्धि (युरोपेली राष्ट्रहरूका लागि मात्र)

विद्यमान कानुनी मापदण्डहरूमा धेरै अपूर्णता र अस्पष्टताहरू थिए र ती मापदण्डहरू बलपूर्वक बेपत्ताबाट व्यक्तिहरूलाई संरक्षण प्रदान गर्न अक्षम सावित भएका थिए। बलपूर्वक बेपत्ता पारिने कार्यको रोकथामका लागि कानुनीरूपमा बाध्यकारी अन्तर्राष्ट्रिय मापदण्डको निकै जरुरी थियो। सोही आवश्यकताका कारण यो महासन्धि तयार र पारित गरिएको हो।

निम्नलिखित अवस्था वा पक्षका कारण सेप्टेम्बर २००५ मा यो महासन्धि सफलताका साथ पारित/जारी भएको थियो :

- विद्यमान अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनमा रहेको अपूर्णता, जसले विश्वभर, खासगरी एसियाका कैयन् राष्ट्रहरूमा बलपूर्वक बेपत्ता पारिने कार्यको विकास र फैलावट रोक्न सकेन।
- केवल घोषणा र आग्रहमा मात्र सीमित कार्यादेशका कारण १९९२ को घोषणापत्र र बेपत्तासम्बन्धी कार्यदल (डब्लूजीईआईडी) विश्वभर फैलिरहेको बलपूर्वक बेपत्ता पारिने कार्य रोक्न असफल भए। बेपत्ता पारिने कार्य रोक्न प्रभावकारी र कानुनीरूपमा वाध्यकारी अन्तर्राष्ट्रिय मापदण्ड एकदमै जरुरत हुनपुग्यो।
- विश्वका विभिन्न भागमा बेपत्ता पारिएका व्यक्तिहरूका परिवारका संस्थाहरू र राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूबीच समन्वय/सहकार्य, जसले महासन्धिका पक्षमा, सन् २००२ देखि २००५ सम्म यसको मस्यौदा प्रक्रियामा खासगरी विशेष कार्यादेश पाएको संयुक्त राष्ट्रसङ्घीय कार्यदलसँग संयुक्तरूपमा लबि गरे। बेपत्ता पारिएका व्यक्तिहरूका परिवारको जीवन-भोगाइको अनुभव र

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कानुनी विशेषज्ञताको निकै राम्रो संयोजनका कारण महासन्धिको महत्वलाई अझ बढाउनुका साथै यसलाई यथाशक्य छिटो पारित गर्नुपर्ने आवश्यकतामा बल पुऱ्यायो र संयुक्त राष्ट्रसङ्घमा यो आवाज बुलन्द पार्न सक्षम भयो।

- संयुक्त राष्ट्रसङ्घमा गरिएको लबी र बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका संस्थाद्वारा सम्बन्धित राष्ट्रहरूमा त्यहाँका परराष्ट्र मन्त्रालय तथा जेनेभा र न्युयोर्कस्थित स्थायी नियोगहरूमा गरिएको भेटघाट-छलफलका कारण बेपत्ता पारिएका व्यक्ति, उनीहरूका परिवार र अन्य सबै व्यक्तिहरूका निम्ति महासन्धिको राजनीतिक, नैतिक र व्यवहारिक महत्वप्रति सरकारहरूलाई विश्वास दिलाउन सहयोग गऱ्यो।
- यी सबै प्रयासहरूमा सञ्चारमाध्यम र नागरिक समाजको सहयोग अपरिहार्य र महत्वपूर्ण रह्यो।

यो महासन्धि अनुमोदन गर्ने राज्य यसको अन्तर्राष्ट्रिय दायित्व पूरा भएको सुनिश्चितताका लागि उक्त राष्ट्र आवश्यक कानुनहरू निर्माण गर्न बाध्य हुन्छ। यसले राज्यका राष्ट्रिय नीतिहरू, विशेषत: सुरक्षा र राजनीतिक क्षेत्रका नीतिहरू, मानवअधिकारको सम्मानविपरीत हुन नदिन तथा राज्यको व्यवहारलाई मानवीय बनाउन मद्दत पुग्दछ। साथै, बलपूर्वक बेपत्ता पारिने कार्यको रोकथाम र अन्त्यका लागि कानुनी, प्रशासनिक, न्यायिक र अन्य उपयुक्त कदमहरू चाल्न महासन्धिका प्रावधानहरूले मार्गनिर्देशन गर्दछन्।

**पीडित र उनीहरूका परिवारका लागि महासन्धिको व्यवहारिक महत्व**

दण्डहीनताविरुद्धको सङ्घर्षका लागि यो महासन्धि पारित हुनु एक महत्वपूर्ण कदम हो। यसले पीडकहरूको भर्त्सना सुनिश्चित गर्नुका साथै पीडित, उनीहरूका परिवारजन र नातेदारमा आशा प्रदान गर्दछ। अवश्य पनि, यो महासन्धिको शीघ्र अनुमोदन गर्न स्थानीय सरकारहरूसँग लबी गर्नु यसका निम्ति एकदमै महत्वपूर्ण छ। राज्यले महासन्धि अनुमोदन नगर्दाको अवस्थामा पनि पीडितका परिवारहरूका सङ्घसंस्थाहरूले विद्यमान उपचारात्मक संयन्त्रहरूको उपयोगका लागि निम्नलिखित कदमहरू चाल्न सक्दछन् :

- कार्यदलसमक्ष बेपत्ताका घटनाहरूसम्बन्धी सूचना निरन्तर पठाइरहनु। कुनै पनि

समाचार वा नयाँ तथ्यका बारेमा कार्यदललाई निरन्तर अद्यावधिक एकदमै महत्वपूर्ण हुन्छ। यदि घटनाका बारेमा कार्यदललाई सूचना प्रदान गरिसकिएको छ भने, कार्यदलले सो घटनाका सम्बन्धमा उक्त सूचना प्रदान गर्ने व्यक्ति वा संस्थासँग गरेको सञ्चार-सम्पर्कलाई बेवास्ता गर्नु हुँदैन। (यसलाई "छ-महिने नियम" पनि भनिन्छ। यसको अर्थ हो, यदि कार्यदलले उक्त "श्रोत"लाई कुनै सूचना प्रदान गर्दछ र उक्त श्रोतले त्यसलाई छ महिनाभित्र सम्बोधन गर्दैन र कार्यदलसँग सञ्चार-सम्पर्क गर्दैन भने, कार्यदलले त्यो मुद्दालाई अगाडि बढाउँदैन।) कुनै थप सूचना छ भने पनि त्यसबारे कार्यदललाई तत्काल जानकारी दिनु पर्दछ।

- यदि आफूलाई कुनै जोखिम वा धम्की छ भने तत्काल कार्यदललाई सूचित गर्नु र तुरुन्त कदम चाल्न आग्रह गर्नु पर्दछ। कार्यदलसँग लाभदायी र निरन्तर सम्वाद स्थापित गरिरहनका लागि बेला-बेला सूचना प्रदान गरिरहनु महत्वपूर्ण हुन्छ।
- सरकारले घोषणापत्र कार्यान्वयन गर्नुपर्ने दायित्व कत्तिको पालना गरेको छ भन्ने सम्बन्धमा प्रतिवेदनहरू तयार पारी कार्यदलसमक्ष पेश गर्न सकिन्छ।
- यदि राज्यले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र यसको पहिलो ऐच्छिक आलेख अनुमोदन गरेको छ भने बेपत्ताका घटनाका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको मानवअधिकार समितिसमक्ष उजुरी दिन पनि सकिन्छ।

# २ अध्याय

## बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी छलफल प्रक्रियाको इतिहास

सन् १९८१ यता तयार पारिएका सान्दर्भिक दस्तावेजहरूमाथिको बहसदेखि सन् २००६ मा महासन्धि पारित हुँदासम्म यससम्बन्धी छलफलका विभिन्न चरणहरू पार भएका थिए। संयुक्त राष्ट्रसङ्घले सन् १९७९ मा अर्जेन्टिनाको निरङ्कुश शासनका कार्यहरूसम्बन्धी प्रतिक्रियाका क्रममा बलपूर्वक बेपत्ताको विषयमाथिको छलफल शुरु गरेको थियो। महासन्धिको इतिहासका प्रमुख घटनाक्रम यस प्रकार छन् :

१९७९ : फ्रान्सले संयुक्त राष्ट्रसङ्घीय महासभामा बलपूर्वक बेपत्तासम्बन्धी पहिलो प्रस्ताव (३३/१७३) पेश गऱ्यो।

१९८० : प्रस्ताव नं. २० (३६) द्वारा मानवअधिकार आयोगले बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदल स्थापना गऱ्यो। कार्यदलको कार्यादेश त्यसपछि निरन्तर नवीकरण हुँदै आएको छ। कार्यदलले बेपत्ता पारिएका व्यक्तिहरूका परिवार वा नातेदार वा उनीहरूको तर्फबाट कुनै मानवअधिकार संस्थाहरूद्वारा पठाइएका प्रतिवेदनहरू प्राप्त गर्ने र तिनको अध्ययन गर्दछ। त्यस्ता प्रतिवेदनहरूले कार्यदलद्वारा तय गरिएका विभिन्न मापदण्डहरू पूरा गरे-नगरेको अध्ययन गरिसकेपछि कार्यदलले ती घटना वा विषयका बारेमा सम्बन्धित राष्ट्रको सरकारलाई सोध्ने गर्दछ र त्यससम्बन्धमा अनुसन्धान गरी कार्यदललाई जानकारी गराउन आग्रह गर्दछ।

१९८२ : संयुक्त राष्ट्रसङ्घीय महासभाले प्रस्ताव नं. ४७/१३३ मार्फत् बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र पारित गऱ्यो।

२००३ : बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिलाई संरक्षण प्रदान गर्ने कानुनीरूपमा वाध्यकारी मस्यौदाउपर थप छलफल र व्याख्या गर्नका लागि मानवअधिकार आयोगद्वारा स्थापित कार्यदलको पहिलो बैठक सम्पन्न भयो।

२३ **सेप्टेम्बर** २००५ : कार्यदलले सर्वसम्मतरूपमा मस्यौदा महासन्धि पारित गऱ्यो।

२९ **जुन** २००६ : मानवअधिकार परिषद्को पहिलो बैठकले मस्यौदा महासन्धि पारित गऱ्यो।

२० **डिसेम्बर** २००६ : संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा 'बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि' पारित भयो।

६ **फेब्रुवरी** २००७ : महासन्धिमा राष्ट्रहरूद्वारा हस्ताक्षरका लागि खुल्ला गरियो।

**मार्च** २००९ : १० राष्ट्रद्वारा अनुमोदन र ८१ राष्ट्रद्वारा हस्ताक्षर

## महासन्धिबारे विस्तृत जानकारी

महासन्धिमा बलपूर्वक बेपत्ता पारिनबाट व्यक्तिहरूलाई संरक्षण प्रदान गर्नको निम्ति राज्यको दायित्व, पीडित (बेपत्ता पारिएका व्यक्ति र बलपूर्वक बेपत्ताबाट प्रत्यक्षरूपमा असर परेका व्यक्तिहरू) को अधिकार, अनुगमन संयन्त्र र त्यसमा पनि विशेष गरी बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिको दायित्व र क्षमता, शीघ्र अपिलका लागि हुने व्यक्तिगत अनुरोधसम्बन्धी कार्यविधि, पक्षराष्ट्रहरूको सम्मेलन, पक्षराष्ट्रहरूको प्रतिवेदन संयन्त्रजस्ता विभिन्न सवालहरूसम्बन्धी प्रावधान समेटिएका छन्।

## "बलपूर्वक बेपत्ता"को परिभाषा

महासन्धिले कुनै पनि व्यक्तिको बलपूर्वक बेपत्ता पारिन नहुने अधिकारलाई मान्यता प्रदान गरेको छ। यो निलम्बन गर्न नपाइने अधिकार हो। यसको अर्थ हो, कसैलाई कुनै पनि बहानामा बलपूर्वक बेपत्ता पार्न पाइँदैन। यो महासन्धि बलपूर्वक बेपत्ता परीनुबाट सबै व्यक्तिलाई संरक्षण प्रदान गर्ने र बेपत्ता पारिनबाट व्यक्तिहरूले संरक्षण पाउनुपर्ने अधिकार स्थापित गर्ने पहिलो दस्तावेज हो।

महासन्धिले बेपत्ताका पक्षमा विश्वव्यापीरूपमा स्वीकार्य परिभाषा प्रदान गरेको छ, जसमा निम्नलिखित सवालहरू समेटिएको छ :

१. राज्यका निकायहरू वा अधिकारीहरूद्वारा वा उनीहरूको सहयोग वा मञ्जुरीमा कुनै व्यक्तिलाई उसको स्वतन्त्रताबाट वञ्चितीकरण
२. स्वतन्त्रताको यस्तो वञ्चितीकरण स्वीकार गर्न नमानिएको वा
३. बेपत्ता पारिएको व्यक्तिको अवस्था वा ऊ रहेको ठाउँको खुलासा नगरिएको अवस्था,
४. जसका कारण त्यस्तो व्यक्ति कानुनको संरक्षणभन्दा बाहिर रहनुपरेको वा राखिएको हुन्छ।

**महासन्धिमा व्यवस्था गरिएका प्रमुख पक्षहरू**

- यसले कुनै पनि व्यक्तिलाई बलपूर्वक बेपत्ताको भागीदार बनाइन नहुने अधिकारको व्यवस्था गरेको छ। युद्धको अवस्थासमेत कुनै पनि अपवादजनक परिस्थितिलाई बलपूर्वक बेपत्ताको पुष्ट्याइँका रूपमा आधार मान्न सकिने छैन। (धारा १)
- यसले बलपूर्वक बेपत्ता पारिने कार्य निश्चित अवस्थामा मानवताविरुद्धको अपराध हुन्छ भन्ने मान्यता प्रदान गर्दछ। (धारा ५)
- यो महासन्धिले पीडितका अधिकारहरू स्थापित गरेको छ। पीडित भन्नाले बेपत्ता भएको व्यक्ति र बलपूर्वक बेपत्ताको प्रत्यक्ष परिणामबाट सताइएको जुनसुकै व्यक्ति-विशेषलाई जनाउँछ। पीडितहरूलाई बलपूर्वक बेपत्ताका बारेमा सत्य-तथ्य थाहा पाउने र क्षतिपूर्तिसहित परिपूरण प्राप्त गर्ने अधिकार पनि महासन्धिमा व्यवस्था गरिएको छ। (धारा २४)
- पक्षराष्ट्रहरूको निम्नलिखित दायित्व हुन्छ :
  - बलपूर्वक बेपत्तालाई आफ्नो फौजदारी कानुनमा अपराध घोषणा गर्ने (धारा ४),
  - बलपूर्वक बेपत्ताको कसुरलाई दण्डनीय बनाउने (धारा ७), र बलपूर्वक बेपत्ताका सम्बन्धमा हदम्यादको कानुनी व्यवस्था गर्दा कसुरको चरम गम्भीरतासँग समानुपातिक हुने गरी राख्नुपर्ने (धारा ८),
  - बलपूर्वक बेपत्ता पार्ने, पार्न आदेश दिने, पुनरावृत्ति गर्ने वा उक्साउने, बेपत्ता पार्न उद्योग गर्ने, मतियार रहने वा सहभागी हुने तथा आफूले के गरिरहेको छु भन्ने जान्दा-जान्दै वा जान्नु पर्ने उपल्लो ओहदाका व्यक्तिहरूसमेतका व्यक्तिलाई फौजदारी रूपमा उत्तरदायी बनाउनुपर्ने (धारा ६),

**महासन्धिमा व्यवस्था गरिएका पीडितहरूका अधिकार**

महासन्धिमा बेपत्ताको घटना भएपछि अवलम्बन गर्नुपर्ने संरक्षणका उपायसम्बन्धी प्रावधानहरू छन्। उदाहरणका लागि, राज्यले बलपूर्वक बेपत्ताका घटनाबारे रिपोर्ट गर्न व्यक्तिहरूलाई सबल बनाउनुका साथै साक्षीहरूको संरक्षण सुनिश्चित गर्नु र बेपत्तासम्बन्धी उजुरी र प्रतिवेदनहरूका बारेमा अनुसन्धान गर्नु पर्दछ।

महासन्धिले पीडितहरूका अधिकारहरू स्थापित गरेको छ। बलपूर्वक बेपत्ता पारिने कार्यले त्यस्ता कार्यबाट प्रत्यक्षरूपमा स्वतन्त्रता गुमाउने व्यक्तिबाहेक अन्य धेरै व्यक्तिहरूलाई पीडित बनाउँछ। बेपत्ता पारिने कार्यबाट पीडितहरूको परिभाषाभित्र बेपत्ता

- आफ्नो भू-भागभित्र भेटिएको बलपूर्वक बेपत्ता पार्ने कार्यका लागि आरोपित कसुरदार व्यक्तिलाई सक्षम निकायमा बुझाउने, अर्को राज्यमा सुपुर्दगी गर्ने वा वा अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरणसमक्ष समर्पण गर्ने (धारा ९ र ११),
- बलपूर्वक बेपत्तासम्बन्धी उजुरी र प्रतिवेदनहरूको अनुसन्धान गर्ने, साक्षी र अनुसन्धानमा संलग्न अन्य व्यक्तिहरूलाई कुनै पनि प्रकारको दूर्व्यवहार र त्रासबाट संरक्षण प्रदान गर्ने र अनुसन्धानकारी निकायसँग प्रभावकारी अनुसन्धान गर्नका लागि आवश्यक अधिकार तथा स्रोत-साधन भएको सुनिश्चित गर्ने (धारा १२),
- स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको संरक्षणका लागि कडा सुरक्षा व्यवस्था गर्ने (धारा १७, १८ र २१),
- हिरासतमा रहेका वा स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई रेखदेख वा उनीहरूसँग व्यवहार गर्ने सबै अधिकारीहरू महासन्धिका प्रावधानहरूका बारेमा प्रशिक्षित भएको सुनिश्चित गर्ने (धारा २३),
- बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास गर्ने र मृत्यु भएको अवस्थामा तिनको शवाशेष ठम्याउने, त्यसको सम्मान गर्ने र फिर्ता गर्ने (धारा २४),
- अवस्था थाहा नभएका व्यक्तिको कानुनी स्थिति र तिनका नातेदारहरूको सामाजिक भलाइ, आर्थिक मामिला, पारिवारिक, कानुनी र सम्पत्तिको अधिकारसम्बन्धी सवाल सम्बोधनका लागि कदम चाल्ने (धारा २४),
- बलपूर्वक बेपत्ता पारिएका पीडितहरूका बालबालिकाको गलत निष्काशन कार्य रोकथाम र दण्डित गर्नुका साथै त्यस्ता बालबालिकाको खोजी, पहिचान र आवश्यकतानुरूप उनीहरूको परिवारसम्म पुऱ्याउने व्यवस्था गर्ने (धारा २५)।

पारिएका व्यक्तिहरूका परिवार तथा बलपूर्वक बेपत्ताको प्रत्यक्ष परिणामस्वरूप उत्पन्न हानिकारक अवस्थाबाट प्रभावित हुन पुगेका व्यक्तिहरूसमेत पर्दछन्।

धारा १८ मा सूचनाको अधिकारको प्रत्याभूति गरिएको छ। सरोकारवाला प्रत्येक व्यक्तिलाई स्वतन्त्रता गुमाएका व्यक्ति कहाँ छन् र उनलाई कहिले, कुन समयमा र कहाँबाट नियन्त्रणमा लिइएको हो भन्नेजस्ता आधारभूत सूचनामा पहुँच हुनु पर्दछ। कुनै व्यक्ति न्यायिक नियन्त्रणमा छ र त्यस्तो नियन्त्रणले बलपूर्वक बेपत्ताको अवस्था निम्त्याउँदैन भन्ने सुनिश्चित छ भने मात्र यस्ता सूचनामा कानुनबमोजिम रोक लगाउन सकिने अवस्था रहन सक्दछ।

महासन्धिको धारा २४ अनुसार पीडित भन्नाले बेपत्ता पारिएको व्यक्ति र बलपूर्वक बेपत्ताको प्रत्यक्ष परिणामस्वरूप उत्पन्न हानीबाट प्रभावित व्यक्तिलाई जनाउँदछ।

**बलपूर्वक बेपत्ता पारिने कार्यबाट पीडित व्यक्तिका केही प्रमुख अधिकारहरू**

- बलपूर्वक बेपत्ता पारिँदाको परिस्थिति, अनुसन्धानको प्रगति विवरण र परिणाम र बेपत्ता पारिएको व्यक्तिको वर्तमान अवस्थाका बारेमा सत्य-तथ्य जानकारी पाउने अधिकार
- आफ्नो राष्ट्रमा उपयुक्त सरकारी अधिकारीसँग तत्काल सम्पर्क-सञ्चारको अधिकार
- अनुसन्धानका सबै प्रक्रियाहरूमा निष्पक्ष व्यवहारको सुनिश्चितताको अधिकार
- कानुनद्वारा स्थापित ट्रिब्युनल वा सक्षम, स्वतन्त्र र निष्पक्ष अदालतबाट निष्पक्ष न्याय प्राप्त गर्ने अधिकार
- बलपूर्वक बेपत्ताबाट पीडित व्यक्तिहरूलाई परिपूरण तथा सर्वसुलभ, निष्पक्ष र उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न पक्षराष्ट्रले कानुनीरूपमै आवश्यक व्यवस्था गर्नुपर्ने माग राख्न पाउने अधिकार। यस्तो व्यवस्था गर्नु पक्षराष्ट्रका दायित्व नै हो।
- परिपूरणले माथि उल्लिखित भौतिक तथा मानसिक क्षतिका साथै अन्य प्रकारका परिपूरणलाई पनि जनाउँदछ, जस्तै :
  - क्षतिपूर्ति
  - पुनर्स्थापना
  - स्वाभिमान वा गरिम, सम्मान र पुनर्स्थापनासमेतको सन्तुष्टि
  - पुन: त्यस्तो कार्य नदोहारिने सुनिश्चितता

- बेपत्ता पारिएका व्यक्तिहरू र उनीहरूको अवशेषहरूको खोजी गर्ने, राखिएको स्थान पत्ता लगाउने र रिहा गर्ने कार्यका लागि महासन्धिका प्रत्येक पक्षराष्ट्रले सबै उपयुक्त कदमहरू चाल्नु पर्दछ।
- बेपत्ता पारिएको व्यक्तिको अवस्था पत्ता नलाइदासम्म अनुसन्धान जारी राख्नुपर्ने दायित्वप्रति कत्ति पनि दूराग्रह नराखी, प्रत्येक पक्षराष्ट्रले अवस्था सार्वजनिक नगरिएका बेपत्ता व्यक्ति तथा उनीहरूका नातेदारको कानुनी अवस्था स्पष्ट पार्न उपयुक्त कदम चाल्नु पर्दछ। यस्तो कानुनी अवस्था स्पष्ट पार्नुपर्ने क्षेत्रहरूमा सामाजिक कल्याण, आर्थिक सवालहरू, पारिवारिक कानुन र सम्पत्तिको अधिकारजस्ता विषयवस्तु वा क्षेत्रहरू पर्दछन्।
- बलपूर्वक बेपत्ता पारिएका घटना वा अवस्थालाई मान्यता प्रदान वा स्थापित गर्ने, बेपत्ता पारिएका व्यक्तिलाई के भयो भन्ने कुरा सार्वजनिक गराउने, बलपूर्वक बेपत्तामा पीडित व्यक्तिहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले सङ्घ-संस्था खोल्ने र तिनमा सहभागी हुन पाउने व्यक्तिको अधिकारलाई प्रत्येक पक्षराष्ट्रले सुनिश्चित गर्नु पर्दछ।
- बेपत्ता पारिएको व्यक्तिको कानुनी अवस्था सुनिश्चित गर्ने सम्बन्धमा राज्यले आवश्यक कदम चाल्नु पर्दछ।

**पक्षराष्ट्रको दायित्व**

महासन्धिको भाग १ (धारा ३-२५) मा उल्लेख भएबमोजिम, पक्षराष्ट्रका दायित्वहरूलाई निम्न खण्डमा स्पष्ट गर्न सकिन्छ :

**सुनिश्चितताको दायित्व (धारा ३-७)**

प्रत्येक पक्षराष्ट्रले बलपूर्वक बेपत्ताका घटनाहरूको अनुसन्धान गर्न र बलपूर्वक बेपत्तासँग सम्बन्धित विषयहरूका बारेमा कार्य गर्न आवश्यक कदमहरू चाल्नुका साथै बलपूर्वक बेपत्ता पारिने कार्य राष्ट्रिय र अन्तर्राष्ट्रिय फौजदारी कानुनअन्तर्गत अपराधको दायराभित्र पर्दछ भन्ने सुनिश्चित गर्नेछन्। प्रत्येक पक्षराष्ट्रले बलपूर्वक बेपत्ता पारिने कसुरलाई यसको चरम गम्भीरता ख्याल गर्दै उपयुक्त सजायको व्यवस्थाद्वारा दण्डनीय बनाउनेछन्। स्वतन्त्रताबाट वञ्चितीकरणका सम्बन्धमा प्रत्येक पक्षराष्ट्रले आफ्नो कानुनमा निश्चित व्यवस्थाहरू गर्नेछन् र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको अधिकारका सम्बन्धमा उपयुक्त कानुनी व्यवस्था सुनिश्चित गर्नेछन्। त्यसैगरी, बेपत्ता पारिएका

व्यक्तिहरूको खोजी गर्ने, राखिएको स्थान पत्ता लगाउने र रिहा गर्ने एवम् मृत्यु भएको अवस्थामा उक्त व्यक्तिको अवशेषको स्थान पत्ता लगाउने, त्यसप्रति जनाउनुपर्ने सम्मान व्यक्त गर्ने र परिवार वा नातेदारसमक्ष पुऱ्याउने कार्यका लागि सबै उपयुक्त कदमहरू चाल्नेछन्।

**रोकथामको दायित्व**

धारा २३ अनुसार प्रत्येक पक्षराष्ट्रले कानुन कार्यान्वयन गर्ने निजामती वा सैनिक दुवैखाले अधिकारी, स्वास्थ्य सेवासँग सम्बद्ध अधिकारी, सरकारी कर्मचारी वा सार्वजनिक पदाधिकारी र हिरासत वा स्वत्रन्त्रताबाट वञ्चित व्यक्तिलाई हेरचाह गर्ने वा उनीहरूसँग व्यवहार गर्ने कार्यमा संलग्न हुनसक्ने अन्य व्यक्तिहरूलाई प्रदान गरिने तालिमहरूमा महासन्धिका सान्दर्भिक प्रावधानहरूको बारेमा आवश्यक जानकारी दिने कार्य सुनिश्चित गर्नेछन्। खासगरी बलपूर्वक बेपत्ता पार्ने कार्यमा यस्ता पदाधिकारीहरूको संलग्नता रोक्न, बलपूर्वक बेपत्ताका सम्बन्धमा रोकथाम र अनुन्धानको महत्वमाथि जोड दिन र बलपूर्वक बेपत्ताका विषयहरूलाई समाधान गर्ने जरुरी आवश्यकतालाई मान्यता प्रदान गर्न यस्तो शिक्षा र जानकारी महत्वपूर्ण हुन्छ।

प्रत्येक पक्षराष्ट्रले बलपूर्वक बेपत्ता पार्ने कार्य गर्न आदेश र अख्तियारी दिने वा प्रोत्साहन गर्ने आदेश वा निर्देशनको निषेध सुनिश्चित गर्नेछन्। त्यस्तो आदेश मान्न अस्वीकार गर्ने व्यक्तिलाई सजाय नहुने कुरा प्रत्याभूत गर्नेछन्।

धारा २५ अनुसार प्रत्येक पक्षराष्ट्रले आफ्नो फौजदारी कानुनअन्तर्गत निम्नलिखित कार्यको रोकथाम र सजायका लागि आवश्यक कदम चाल्नेछन् :

(क) बलपूर्वक बेपत्ता पारिएका बालबालिका, बाबु-आमा वा कानुनी अभिभावकलाई बलपूर्वक बेपत्ताको शिकार बनाइएका बालबालिका वा बलपूर्वक बेपत्ताको शिकार बनाइएकी आमाबाट थुनामा रहेको बेला जन्माइएका बालबालिकाको अपराधपूर्ण निष्काशन/विस्थापन र

(ख) माथि उपदफा (क) मा उल्लिखित बालबालिकाको सही पहिचान प्रमाणित गर्ने अभिलेखहरूको मिथ्याकरण, दपोट वा विनाश।

**फौजदारी कारबाहीसम्बन्धी दायित्व (धारा ८-११)**

- बलपूर्वक बेपत्ताका सम्बन्धमा हदम्यादको कानुनी व्यवस्था सुनिश्चित गर्नुका साथै बलपूर्वक बेपत्ताका पीडितहरूका अधिकार प्रत्याभूत गर्नुपर्ने,

■ बलपूर्वक बेपत्ताको कसुर भएको स्थानका आधारमा, यस्तो कसुरउपर आफ्नो क्षेत्राधिकार प्रयोग गर्ने सक्षमता स्थापित गर्नुपर्ने,

■ आफूलाई प्राप्त तथ्य वा जानकारीमाथि छानबिनपछि सन्तुष्ट भई आवश्यक ठानिएमा आफ्नो भू-भागमा बलपूर्वक बेपत्ता पारिने कार्य गरेको आशङ्का गरिएको व्यक्ति रहेको खण्डमा जुनसुकै राज्यपक्षले निजलाई हिरासतमा लिने वा निजको उपस्थिति सुनिश्चित गर्न आवश्यक अन्य कानुनी उपाय अपनाउने र उक्त तथ्य स्थापित गर्नका लागि तत्कालै प्रारम्भिक छानबिन वा अनुसन्धान गर्नुपर्ने,

■ बलपूर्वक बेपत्ताको कार्यमा आरोपित व्यक्ति फेला परेको भू-भागमाथि क्षेत्राधिकार भएको राज्यले आफ्नो अन्तर्राष्ट्रिय दायित्वअनुरूप अर्को राज्यसमक्ष निजलाई सुपुर्दगी वा समर्पण नगरेमा वा क्षेत्राधिकारको मान्यताप्राप्त अन्तर्राष्ट्रिय न्यायाधीकरणसमक्ष निजलाई समर्पण नगरेमा अभियोजनको प्रयोजनका लागि सक्षम अधिकारीहरूसमक्ष प्रस्तुत गर्नुपर्ने।

**छानबिन वा अनुसन्धान गर्नुपर्ने दायित्व (धारा १२-२५)**

■ कुनै व्यक्तिलाई बलपूर्वक बेपत्ताको भागीदार बनाइएको आरोप लगाउने जुनसुकै व्यक्ति-विशेषलाई यस्तो आरोपको तत्काल र निष्पक्ष जाँचबुझ गर्ने र आवश्यक भएमा अविलम्ब पूर्ण र निष्पक्ष अनुसन्धान गर्ने सक्षम अधिकारीहरूसमक्ष त्यसका तथ्यहरूको प्रतिवेदन गर्ने अधिकार रहने कुरा हरेक राज्यपक्षले सुनिश्चित गर्नुपर्ने,

■ घटनाको अनुसन्धान वा छानबिन गर्नुपर्ने अधिकारीहरूलाई अनुसन्धानसँग सान्दर्भिक अभिलेख र अन्य सूचनासम्मको पहुँचलगायत प्रभावकारी अनुसन्धान गर्नका लागि आवश्यक अधिकार तथा स्रोत-साधन भएको सुनिश्चित गर्नुपर्ने र आवश्यक भएको खण्डमा बेपत्ता पारिएको व्यक्ति रहेको विश्वास गर्ने मनासिब आधार भएको थुनछेकको कुनै स्थान वा अन्य स्थानमा तत् विषयको रोहमा न्यायिक अधिकारीको पूर्व अख्तियारीसाथ पहुँच हुने कुरा सुनिश्चित गर्नुपर्ने,

■ बलपूर्वक बेपत्ताका पीडितहरूलाई सहयोग गर्ने हेतुले बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिन गर्ने, उनीहरू रहे-भएको ठाउँ निश्चित गर्ने र रिहा गराउने, मृत्यु भएको खण्डमा तिनको अवशेष वा रहलपहलहरू खोतल्ने, पहिचान गर्ने र फर्काउने कार्यमा पक्षराष्ट्रहरूले एक-अर्काबीच सहयोग आदान-प्रदान तथा पारस्परिक सहयताका सर्वोत्तम उपायहरू विनिमय गर्नुपर्ने,

■ स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरू वास्तविकरूपमा रिहा भएको विश्वसनीय र

आधिकारिक पुष्टिको सुनिश्चितताका लागि हरेक पक्षराष्ट्रले आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने, साथै त्यस्ता व्यक्तिहरूको शारीरिक अखण्डता तथा राष्ट्रिय कानुनको अधीन रही त्यस्ता व्यक्तिहरूको कुनै दायित्वप्रति पूर्वाग्रह नराखी रिहाको अवस्थामा उनीहरूले आफ्ना अधिकारहरू उपभोग गर्न पाउन सुनिश्चित गर्न आवश्यक कदमहरू चाल्नुपर्ने।

**अन्तर्राष्ट्रिय सहयोग**

महासन्धिलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय सहयोग महत्वपूर्ण आवश्यकता हो। बलपूर्वक बेपत्ताको सवाल प्राय:जसो एकभन्दा बढी राज्यहरूको सरोकारको विषय पनि हो।

महासन्धिको धारा २८ ले बलपूर्वक बेपत्ताविरुद्ध सबै व्यक्तिहरूको संरक्षणका लागि कार्यरत विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूद्वारा स्थापित सन्धिजनित निकायहरू, संयुक्त राष्ट्रसङ्घीय विशेष कार्यविधिहरू र अन्य सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरका अन्तरसरकारी सङ्गठनहरूसँग संयुक्त राष्ट्रसङ्घका सबै सान्दर्भिक निकाय, कार्यालय र विशिष्टीकृत निकाय तथा कोषहरूको अन्तर्राष्ट्रिय सहयोगको व्यवस्था गरेको छ।

पक्षराष्ट्रहरूले बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिन तथा त्यस्ता व्यक्तिको मृत्यु भइसकेको अवस्थामा उनीहरूको शव वा अवशेष पत्ता लगाउने र तिनको पहिचान तथा फिर्ता गर्ने कार्यमा सहयोग पुर्‍याउनु पर्दछ।

पक्षराष्ट्रहरूले बलपूर्वक बेपत्ता पार्ने कार्यमा संलग्न भनी आरोपित/आशङ्कित व्यक्तिहरूलाई आफ्नो भू-भागमा फेला पारेमा सक्षम वा अधिकारप्राप्त निकायसमक्ष पेश गर्ने, अर्को सम्बन्धित राज्यमा फिर्ता गर्ने वा अन्तर्राष्ट्रियस्तरको फौजदारी अदालतसमक्ष समर्पण गर्ने कार्य गर्नु पर्दछ।

पक्षराष्ट्रहरूले बलपूर्वक बेपत्ताको शिकार बनाइनसक्ने कुनै पनि व्यक्तिलाई आफ्नो भू-भागबाट निष्काशन, फिर्ता, समर्पण वा निकाला गर्नु हुँदैन।

**महासन्धिको अनुमोदन तथा कार्यान्वयन**

**अनुमोदन**

महासन्धिको धारा ३९ का अनुसार यो महासन्धि सदस्य राष्ट्रहरूले अनुमोदन वा सम्मिलन गरेको बीसौं लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवलाई बुझाएको तीस दिनपछि लागू हुन्छ। हरेक राज्यले अनुमोदन वा सम्मिलन लिखत बुझाइसकेपछि

अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राज्यका लागि यो महासन्धि त्यस राज्यले अनुमोदन वा सम्मिलन गरेको लिखत बुझाएको तीन दिनपश्चात् लागू हुन्छ।

सम्बन्धित राज्यको स्थितिमा आधारित भएर अनुमोदन प्रक्रियाले केही महिनादेखि कैयौं वर्ष पनि लिन सक्दछ। केवल राज्यहरूको राजनीतिक इच्छाशक्तिले मात्र अनुमोदनको प्रक्रियालाई निर्धारण गर्दैन। महासन्धिमा हस्ताक्षर गर्नुभन्दा फरक यसको अनुमोदन गर्नु भनेको त्यसैबेलादेखि महासन्धिमा व्यवस्था गरिएका प्रावधानहरू उक्त राष्ट्रमा वाध्यकारी ढङ्गले लागू हुन्छन् र तिनको उल्लङ्घनका लागि उक्त राष्ट्र जवाफदेही हुनु पर्दछ। महासन्धि अनुमोदनपश्चात् कतिपय राष्ट्रमा राष्ट्रिय कानुनहरूमा व्यापक परिवर्तन गर्नुपर्ने अवस्था रहन सक्दछ। कैयौं राष्ट्रहरूमा अनुमोदन गर्नुअघि नै राष्ट्रिय कानुनहरूमा परिवर्तन वा संशोधन तथा नयाँ नियम-कानुनहरू अवलम्बन गर्नुपर्ने अवस्था पनि रहन सक्दछ। यस्तो प्राथमिकता राज्यले महासन्धिलाई कसरी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न चाहन्छ भन्ने कुरामा पनि निर्भर रहन्छ।

अल्बानिया यो महासन्धि अनुमोदन गर्ने पहिलो राष्ट्र हो, जसले संयुक्त राष्ट्रसङ्घसमक्ष ८ नोभेम्बर २००७ मा अनुमोदनको लिखत पेश गरेको थियो। सन् २००२ देखि २००४ बीच संसारभरि नै सबैभन्दा बढी बेपत्ताका घटनाहरू भएको नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आग्रह र दबाबका बावजुद हालसम्म पनि महासन्धिको न अनुमोदन गरेको छ न त हस्ताक्षर नै। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरू, संयुक्त राष्ट्रसङ्घीय निकायहरू तथा राष्ट्रिय मानवअधिकार आयोग आदि निकायको निरन्तर दबाब र आग्रह तथा सर्वोच्च अदालतको लिखित फैसलाको प्रतिफलस्वरूप नेपाल सरकारले बेपत्ताविरुद्धको कानुन कार्यान्वयनमा ल्याएको छ। राष्ट्रपतिद्वारा फागुन १ गते जारी गरिएको बेपत्ताविरुद्धको अध्यादेशले बेपत्ता बनाइने कार्यलाई अपराधि कार्य मान्नु, विगतको सशस्त्र द्वन्द्वको समयमा भएको घटनाहरूको छानबिन गर्नुका साथै अपराधिलाई कारबाही र पीडितलाई क्षतिपूर्तिको व्यवस्था समेत गरेको भएतापनि यसका प्रावधानहरू मानवअधिकारसम्बन्धी अर्न्तराष्ट्रिय मापदण्ड र सिद्धान्त अनूरूप भने छैनन्।

**राष्ट्रिय कानुनमा कार्यान्वयन**

अनुमोदनको लिखत संयुक्त राष्ट्रसङ्घसमक्ष पेश गर्नुजस्तो एउटा मात्र कार्यले महासन्धिको कार्यानवयन पूरा हुन सक्दैन। महासन्धिको कार्यान्वयन भन्नाले यसका प्रावधानहरूको अध्ययन र विश्लेषणमा आधारित भएर राष्ट्रिय परिस्थिति, कानुन,

नियमहरू र समग्र प्रयोगमा परिवर्तन ल्याउने र तिनलाई महासन्धिले निर्देश गरेका सिद्धान्तअनुरूप बनाउने बृहत्तर कार्य पर्दछ।

बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि एउटा यस्तो विस्तृत महासन्धि हो जसले विभिन्न प्रकारका कानुन, नियम र अभ्यासहरूको आवश्यकता समेटेको छ। निम्नलिखित विषयवस्तुहरू केही त्यस्ता पक्ष हुन् जसका बारेमा महासन्धिले विशेष जोड दिन्छ :

- बेपत्ता पारिने कार्य दण्डसम्बन्धी कानुनअन्तर्गत दण्डसजायको भागी हुनुपर्ने
- कारबाहीको हदम्यादसम्बन्धी नियम
- बेपत्ताको अपराधलाई मानवताविरोधी अपराधको रूपमा स्वीकृत गर्नु
- सूचना प्रदान गर्न इन्कार गर्नु अपराध हुने
- गोप्य थुनागृहमाथि पूर्ण प्रतिबन्ध
- राज्यको गोपनीयता वा सार्वजनिक सुरक्षाको तर्क दिएर बेपत्ताको विषय वा व्यक्तिका बारेमा सूचना प्रदान नगर्ने वा सूचना प्रदान गर्ने कारण दिने कार्यमाथि प्रतिबन्ध
- अभिभावक बेपत्ता पारिएका बालबालिकालाई उनीहरू नै माथि भएको अपराध ठानिनु पर्ने
- बन्दी वा कैदीहरूको केन्द्रीय र आधिकारिक अभिलेखीकरणको व्यवस्था
- कुनै पनि व्यक्तिको अवस्था सार्वजनिक गर्नुपर्ने र त्यस्तो दायित्वसम्बन्धी व्यवस्था निलम्बन गर्न नहुने कुराको प्रत्याभूति
- बेपत्ता पारिएका व्यक्तिका नातेदारहरूलाई पनि बलपूर्वक बेपत्ताका पीडितको मान्यता
- बेपत्ता पारिने कार्यलाई बढावा वा उन्मुक्ति दिने निर्णय, नियम, कानुन आदिलाई मान्यता प्रदान नगर्न कानुनी उपायहरू अवलम्बन गर्नुपर्ने।

**स्वतन्त्रताबाट वञ्चित व्यक्तिको आधिकारिक सूचीकरण**

महासन्धिको धारा १७ र १८ बमोजिम, प्रत्येक पक्षराष्ट्रले स्वतन्त्रतावाट वञ्चित व्यक्तिहरूको अद्यावधिक आधिकारिक अभिलेख वा दर्ता राखिएको सुनिश्चित गर्नु पर्दछ र स्वतन्त्रताबाट वञ्चित व्यक्तिका नातेदार वा उनीहरूका प्रतिनिधि तथा परामर्शदाताहरूजस्ता उनीहरूको सूचनाका लागि मान्यताप्राप्त रुचि वा सरोकार राख्ने व्यक्तिहरूलाई कम्तिमा पनि निम्नलिखित सूचना प्रदान गर्नु पर्दछ :

(अ) स्वतन्त्रताबाट वञ्चित गर्न आदेश दिने अधिकारी

(आ) सो व्यक्तिको स्वतन्त्रता हरण गरिएको वा स्वतन्त्रताबाट वञ्चित गरिएको मिति, समय र स्थान

(इ) स्वतन्त्रताको वञ्चितीकरणउपर सुपरिवेक्षण गर्ने जिम्मेवारी भएको अधिकारी

(ई) स्वतन्त्रताबाट वञ्चित गरी राखिएको स्थानबाट अन्यत्र सरुवा गरिएको भए त्यस्तो गन्तव्य र सरुवा गर्ने जिम्मेवार अधिकारीलगायत स्वतन्त्रताबाट वञ्चित व्यक्तिको अवस्थाबारे जानकारी

(उ) रिहा गरिएको भए त्यसको मिति, समय र स्थान

(ऊ) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको स्वास्थ्य स्थितिसम्बन्धी जानकारी

(ए) स्वतन्त्रताबाट वञ्चित अवस्थामै मृत्यु भएको भए त्यस बेलाको परिस्थिति, मृत्युको कारण र शवाशेष रहेको स्थान।

महासन्धिको धारा १९ र २० ले माथि उल्लिखित सूचनाको प्रसारमा सीमिततालाई नियमन गर्दछन्। धारा १९(१) का अनुसार बेपत्ता भएको व्यक्तिको खोजतलासको स्वरूपभित्र सङ्कलित र/वा आदानप्रदान गरिएका चिकित्सा तथा आनुवांशिक तथ्य-तथ्याङ्कलगायत व्यक्तिगत विवरण बेपत्ता पारिएको व्यक्तिको खोजतलासी बाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिने वा उपलब्ध गराइने छैन। धारा २०(१) का अनुसार, कुनै पनि व्यक्ति कानुनको संरक्षणअन्तर्गत राखिएको र स्वतन्त्रताको वञ्चना न्यायिक नियन्त्रणको विषय भएको अवस्थामा मात्र धारा १८ मा उल्लिखित सूचनाको अधिकार, कानुनले व्यवस्था गरेको र एकदमै आवश्यक भएको अवस्थामा र सो जानकारी वा सूचना आदानप्रदानले सो व्यक्तिको व्यक्तिगत गोपनीयता वा सुरक्षालाई प्रतिकूल प्रभाव पार्न सक्ने, फौजदारी अनुसन्धानलाई व्यवधान खडा गर्न सक्ने वा कानुनबमोजिमको समान कारणका लागि र लागू हुने अन्तर्राष्ट्रिय कानुनसङ्गत हुनेगरी र यस महासन्धिको उद्देश्यअनुरूप अपवादजनक आधारमा मात्र नियन्त्रित हुन सक्नेछ।

# ३ अध्याय

## महासन्धिअन्तर्गत अनुगमन संयन्त्र

महासन्धिले स्वतन्त्र विज्ञहरूको एक समिति गठन गरी महासन्धि अन्तर्राष्ट्रियस्तरमा कार्यान्वयनको अनुगमनको व्यवस्था गरेको छ। यो समितिको नाम "बलपूर्वक बेपत्तासम्बन्धी समिति" हो। यो समितिले पक्षराष्ट्रहरूद्वारा प्रेषित प्रतिवेदनहरूको समीक्षा गर्दछ। ती प्रतिवेदनहरूको आधारमा समितिले सम्बन्धित राष्ट्रहरूसँग छलफल गर्दछ र त्यस्ता पक्षराष्ट्रहरूलाई निष्कर्षात्मक सुझाव र टिप्पणी प्रदान गर्नुका साथै विभिन्न सिफारिसहरू गर्ने गर्दछ।

महासन्धिले यो समितिलाई अन्य विभिन्न प्रकारका अनुगमन कार्य गर्ने कार्यादेश प्रदान गरेको छ :

१. व्यक्तिगत र राज्यको उजुरी कार्यविधि, जसमा समितिले व्यक्तिगत वा महासन्धिअन्तर्गतको अन्य कुनै राज्यबाट उजुरी, अनुरोध वा निवेदनहरू प्राप्त गर्दछ
२. राष्ट्रभ्रमण
३. संयुक्त राष्ट्रसङ्घको महासभामा बलपूर्वक बेपत्ताका विषयमा जानकारी

महासन्धिको अर्को संयन्त्र भनेको पक्षराष्ट्रहरूको सम्मेलन हो (धारा २७), जसले महासन्धिको कार्यान्वयन अवस्थाका बारेमा विशेष अनुपरीक्षण गर्दछ।

**बलपूर्वक बेपत्तासम्बन्धी समिति**

महासन्धिको धारा २६ मा उल्लेख गरिएबमोजिम महासन्धिअन्तर्गत व्यवस्था गरिएका कार्यहरू सम्पन्न गर्नका लागि बलपूर्वक बेपत्तासम्बन्धी एक समिति स्थापना गरिनेछ। समितिमा उच्च नैतिक चरित्र र मानवअधिकारका क्षेत्रमा ख्यातीप्राप्त दश जना

विशेषज्ञ रहनेछन् जसले व्यक्तिगतरूपमा स्वतन्त्र र निष्पक्ष रहेर काम गर्नेछन्। समितिका सदस्यहरू विश्वका विभिन्न भू-भागबाट समतामूलक ढङ्गले पक्षराष्ट्रहरूद्वारा चुनिन्छन्। समितिमा सम्बन्धित कानुनी ज्ञान र अनुभव तथा सन्तुलित लैङ्गिक प्रतिनिधित्वलाई विशेष ध्यान दिइन्छ। समितिका सदस्यहरू चार वर्षको लागि चुनिन्छन्। समितिले यस महासन्धिअन्तर्गत समितिका कार्यहरूका बारेमा पक्ष राष्ट्रहरू र संयुक्त राष्ट्रसङ्घ महासभामा वार्षिक प्रतिवेदन पेश गर्नु पर्दछ।

## समितिका कार्यहरू

क. समितिले सम्बन्धित राष्ट्रमा महासन्धि कार्यान्वयनमा आएको दुई वर्षपछि पक्षराष्ट्रले महासन्धि कार्यान्वयनका लागि चालेका कदमहरूका बारेमा राज्यपक्षले पठाएका राज्यपक्षका प्रतिवेदनहरू प्राप्त गर्नुका साथै तिनमाथि अध्ययन-छलफल र त्यस सम्बन्धमा आफ्ना टिप्पणी, प्रतिक्रिया र सुझावहरू सम्बन्धित राज्यलाई प्रदान गर्दछ।

ख. बेपत्ता पारिएको कुनै व्यक्तिको बारेमा समितिद्वारा निर्धारित समयभित्र सूचना प्रदान गर्न पक्षराष्ट्रलाई आग्रह गर्दछ (आफ्ना प्रियजनको खोजीका लागि बेपत्ता पारिएका व्यक्तिका नातेदारले समितिसमक्ष आग्रह गर्न सक्दछन्)। सम्बन्धित पक्षराष्ट्रको प्रत्युत्तरका आधारमा उक्त राज्यसमक्ष समितिले निश्चित सिफारिस वा सुझावहरू प्रेषण गर्दछ र यो सबै प्रक्रियाका बारेमा समितिसमक्ष निवेदन दिने व्यक्तिलाई जानकारी गराउँदछ। समितिले सम्बन्धित राज्यलाई बेपत्तासम्बन्धी घटना वा विषयका बारेमा कुनै अन्तरिम उपायहरूलगायतका उपयुक्त कदमहरू चाल्न तथा त्यससम्बन्धमा समितिका सदस्यहरूलाई जानकारी गराउन अनुरोध गर्दछ। बेपत्ता पारिएको व्यक्तिको अवस्था सार्वजनिक नहुञ्जेलसम्म समितिले सम्बन्धित राज्यसँग नजिक रहेर कार्य जारी गर्दछ।

ग. सम्बन्धित राज्यको सहमतिमा, यदि समितिको कार्यादेश पूरा गर्न कुनै पक्षराष्ट्रको भ्रमण गर्नु आवश्यक छ भने, उक्त राज्यको अध्ययन भ्रमण गर्न र उक्त अध्ययन भ्रमणको परिणामका बारेमा अविलम्ब समितिसमक्ष प्रतिवेदन पेश गर्न समितिका एक वा सोभन्दा बढी सदस्यहरूलाई अनुरोध गर्दछ।

घ. महासन्धिका प्रावधानहरूको उल्लङ्घनबाट पीडित भएको दाबी गर्दै कुनै व्यक्ति आफैले वा उसको तर्फबाट अरु कुनै व्यक्ति वा संस्थाले पठाएका उजुरी वा

निवेदनहरू प्राप्त गर्ने र तिनको थप अध्ययन गर्ने कार्य पनि समितिले गर्दछ। यसका लागि महासन्धिको पक्षराष्ट्रले महासन्धि अनुमोदन गर्दा वा त्यसपछि अन्य कुनै समयमा समितिको सक्षमता वा कार्यादिश स्वीकार गरेको हुनु पर्दछ। यदि पक्षराष्ट्रले समितिको सक्षमता वा कार्यादिश स्वीकार गरेको छैन भने समितिले व्यक्तिगत उजुरी वा निवेदनहरू दर्ता वा प्राप्त नगर्न सक्दछ।

ङ. सम्बन्धित पक्षराष्ट्रहरूले समितिको सक्षमता वा कार्यादिश स्वीकार गरेको घोषणा गरेपछि समितिले एउटा कुनै राष्ट्रले महासन्धिअन्तर्गतको दायित्व पूरा नगरेको भनी अन्य कुनै राष्ट्रले गरेको उजुरी वा निवेदन पनि समितिले प्राप्त गर्न र त्यसमाथि थप अध्ययन-अनुसन्धान गर्न सक्दछ।

च. बेपत्तासम्बन्धी कुनै विषयवस्तु वा घटना वा प्रवृत्तिका बारेमा महासचिवमार्फत् संयुक्त राष्ट्रसङ्घको महासभाको ध्यानाकर्षण गर्ने कार्य पनि समितिले गर्दछ। खासगरी कुनै पक्षराष्ट्रमा बलपूर्वक बेपत्ता पारिने कार्य व्यापक र सुनियोजित ढङ्गले भएको/गरिएको छ भन्ने विश्वसनीय र पर्याप्त सूचना प्राप्त गरेको अवस्थामा समितिले त्यस्ता विषयवस्तु वा घटना वा प्रवृत्तिका बारेमा राष्ट्रसङ्घका उच्चतम निकायसमक्ष आफ्नो सरोकार व्यक्त गर्दछ।

**समितिका क्रियाकलापहरू**

महासन्धि कार्यान्वयनमा आउनेबित्तिकै यो समिति गठन हुनेछ। समितिले निम्नलिखित कार्यहरू गर्नेछ :

**प्रतिवेदन**

महासन्धिको धारा २९ अनुरूप प्रत्येक पक्षराष्ट्रले सम्बन्धित पक्षराष्ट्रमा महासन्धि लागू भएको दुई वर्षभित्र महासन्धिको अनुमोदनद्वारा सृजित दायित्व पूरा गर्ने सन्दर्भमा चालिएका कदमहरूका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत् समितिसमक्ष प्रतिवेदन पेश गर्नु पर्दछ। राष्ट्रसङ्घका महासचिवले पक्षराष्ट्रको यस्तो प्रतिवेदन महासन्धिका सम्पूर्ण पक्षराष्ट्रहरूका लागि उपलब्ध गराउँदछन्।

प्रत्येक प्रतिवेदनमाथि समितिले व्यापक अध्ययन/छलफल गर्दछ र आवश्यकता अनुसार आफ्नो टिप्पणी, सुझाव वा सिफारिसहरू दिने गर्दछ। यस्तो टिप्पणी, सुझाव वा सिफारिसहरू सम्बन्धित राज्यलाई जानकारी गराइन्छ, जसका बारेमा पक्षराष्ट्रले

आफ्नै पहल वा समितिको अनुरोधमा स्पष्ट पार्न सक्दछ। महासन्धिको कार्यान्वयनका सम्बन्धमा पक्षराष्ट्रसँग थप सूचना पनि समितिले माग्न सक्दछ।

**व्यक्तिगत उजुरी वा निवेदन**

महासन्धिको धारा ३० मा व्यवस्था भएबमोजिम बेपत्ता पारिएको कुनै व्यक्तिको खोजतलास गरियोस् वा उसको स्थिति पत्ता लगाइयोस् भन्ने अनुरोध बेपत्ता व्यक्तिको नातेदार वा कुनै कानुनी प्रतिनिधि, वकिल वा तिनले अख्तियार गरेको कुनै पनि व्यक्ति र वैधानिक सरोकार राख्ने जुनसुकै व्यक्तिले समितिसमक्ष जरुरी सवालका रूपमा निवेदन वा उजुरी दिन सक्दछन्। समितिसमक्ष प्रेषित सबै अनुरोधहरूमाथि भने कारबाही अगाडि बढ्न सक्दैन। खासगरी त्यस्ता निवेदन वा उजुरीहरूमा उल्लेख गरिएका अपूरा सूचना वा घटनाको प्रकृति गम्भीर नभएको अवस्थामा समितिले थप कारबाही अगाडि बढाउँदैन।

निम्नलिखित अवस्था वा रित पुगेको अनुरोधमाथि समितिले कारबाही आरम्भ गर्दछ :

क. सूचना स्पष्टरूपमा तथ्यहीन छैन भन्ने ठानेमा,
ख. त्यस्तो अनुरोध वा उजुरी दायर गर्नसक्ने अधिकारको उल्लङ्घन नहुने भएमा,
ग. सम्बन्धित पक्षराष्ट्रका आधिकारिक निकाय, जस्तैः अधिकारप्राप्त अनुसन्धान निकायमा छानबिनका लागि जानसक्ने सम्भाव्यता रहेको अवस्थामा त्यस्ता निकायमा समयमै अनुरोध प्रस्तुत गरिएको तर ती निकायबाट कुनै सुनुवाइ नभएको अवस्थामा,
घ. यस महासन्धिका प्रावधानहरूसँग बेमेल हुने नभएमा र
ङ. अन्तर्राष्ट्रिय वा सोही प्रकृतिको प्रक्रियाअन्तर्गत अन्य कुनै जाँचबुझद्वारा सो घटनाको जाँचबुझ वा छानबिन भइरहेको नभएमा।

शीघ्र अपिलका लागि गरिएको अनुरोधलाई लिएर समितिले सम्बन्धित पक्षराष्ट्रलाई उक्त घटना वा विषयवस्तुका सम्बन्धमा समितिले सम्बन्धित पक्षराष्ट्रलाई बेपत्ता पारिएको व्यक्तिलाई यस महासन्धिअनुसार राख्न र सुरक्षा प्रदान गर्न, त्यसका लागि अन्तरिमलगायत सबै अन्य आवश्यक उपायहरू अवलम्बन गर्न र स्थितिको गम्भीरतालाई ध्यानमा राखी अवलम्बन गरिएका उपायहरूको बारेमा तोकिएको समयभित्र समितिलाई सूचना प्रदान गर्न आग्रह गर्दछ। बेपत्ता पारिएको व्यक्तिको अवस्थाबारे उत्ता नलाग्दासम्म समितिले सम्बन्धित पक्षराष्ट्रको राज्यको नजिक रहेर कार्य गर्ने आफ्नो

प्रयत्नलाई निरन्तरता दिनेछ। यी सबै प्रक्रियाका बारेमा सम्बन्धित निवेदकलाई पनि नियमितरूपमा सूचित गर्नेछ।

**उजुरी वा निवेदनको कार्यविधि**

महासन्धिको धारा ३१ अनुरूप, कुनै पक्षराष्ट्रले महासन्धि अनुमोदनको बेला वा त्यसपछि कुनै पनि बेला, महासन्धिका प्रावधानको कुनै पक्षराष्ट्रको राज्यले उल्लङ्घन गरेको घटनामा उक्त घटनामा पीडित भएको दाबी गर्ने व्यक्ति वा उसका तर्फबाट अन्य कुनै व्यक्तिसँग पत्राचार गर्ने र यसबाट जानकारी लिने क्षेत्राधिकारका सम्बन्धमा समिति समर्थ रहेको घोषणा गर्न सक्नेछ। यस्तो घोषणा गर्नु भनेको समितिको सक्षमता वा कार्यादेश स्वीकार गर्नु हो। यस्तो घोषणा नगर्ने कुनै पनि पक्षराष्ट्रका घटनाका सम्बन्धमा यस समितिले सञ्चार-सम्पर्क गर्ने वा घटनाको छानबिन गर्ने छैन।

निम्नलिखित अवस्थामा समितिले सञ्चार-सम्पर्क गर्नेछैन :

क. उक्त निवेदन वा उजुरी अज्ञात भएमा,
ख. सो निवेदन वा उजुरीबाट त्यस्तो निवेदन वा उजुरी दिन पाउने अधिकार उल्लङ्घन भएमा वा उक्त निवेदन वा उजुरी यस महासन्धिको प्रावधानसँग मेल खाने नभएमा,
ग. सो घटनाको जाँचबुझ अन्तर्राष्ट्रिय जाँचबुझ वा अन्य कुनै सोही प्रकृतिको प्रक्रियाअन्तर्गत भइरहेको भएमा वा
घ. सबै उपलब्ध राष्ट्रिय कानुनी उपचार व्यवस्थाहरू पूर्णतया गुजारी सकेको अवस्था छैन भने। राष्ट्रिय निकायद्वारा कानुनी उपचार कार्य विनाकारण लम्ब्याइएको अवस्थामा भने यो नियम लागू हुँदैन।

कुनै निवेदन वा उजुरी उल्लिखित व्यवस्था वा अवस्थाहरूजस्तो नभइ समितिको कार्यादेश र पुग्नुपर्ने सबै रित र सूचना समेटिएको छ भने त्यस उजुरी वा निवेदनमा उठाइएको विषयवस्तुका बारेमा समितिले सम्बन्धित पक्षराष्ट्रसँग सम्पर्क गर्दछ र समितिलाई राज्यको सुझाव वा टिप्पणी पेश गर्न राज्यसमक्ष आग्रह गर्दछ। निवेदन वा उजुरी प्राप्त भएपछि र सोसम्बन्धमा कुनै पनि निर्णयमा पुग्नु अगावै समितिले सम्बन्धित पक्षराष्ट्रलाई आरोपित उल्लङ्घनका पीडितहरूलाई सम्भाव्य अपूरणीय क्षति हुनबाट रोक्न आवश्यक अन्तरिम उपायहरू अवलम्बन गर्न अनुरोध गर्न सक्नेछ। समितिले यस्तो स्वविवेकको अधिकार अभ्यास गर्नुको अर्थ निवेदनको ग्राह्यता वा स्वीकार्यतासम्बन्धी वा

अन्तर्निहित विषयवस्तुसम्बन्धी निर्णय भन्ने चाहिँ हुँदैन। राज्यले उक्त घटना वा विषयका बारेमा दिएको प्रतिक्रियाका बारेमा समितिले निवेदन वा उजुरीकर्तालाई जानकारी गराउँदछ। जब समितिले समग्र प्रक्रियालाई अन्तिम रूप दिने निर्णय गर्दछ तब यसले आफ्नो दृष्टिकोणका बारेमा राज्यपक्ष र निवेदन वा उजुरीकर्तालाई जानकारी गराउनेछ।

महासन्धिको धारा ३२ मा यस महासन्धिको कुनै एक पक्षराष्ट्रले कुनै पनि समय अर्को राज्यपक्षले यस महासन्धिअन्तर्गतको दायित्व पूरा नगरेको दाबी गरिएको उजुरी वा निवेदन ग्रहण गर्न र त्यसमाथि विचार गर्न समिति समर्थ भएको घोषणा गर्न सक्नेछ। यस्तो घोषणा नगरिएको राज्यपक्षसँग सम्बन्धित र यस्तो घोषणा नगर्ने राज्यपक्षबाट समितिले निवेदन लिने छैन भनी उल्लेख गरिएको छ।

**राष्ट्र भ्रमण**

महासन्धिको धारा ३३ अनुसार कुनै पक्षराष्ट्रले यस महासन्धिका प्रावधानहरूको गम्भीर उल्लङ्घन गरिरहेको छ भन्ने विश्वसनीय सूचना समितिलाई प्राप्त भएमा समितिले सम्बन्धित पक्षराष्ट्रसँग परामर्श गरेपछि आफ्ना एक वा सोभन्दा बढी सदस्यहरूलाई सम्बन्धित राष्ट्रको भ्रमण गरी समितिसमक्ष यथाशीघ्र प्रतिवेदन पेश गर्न अनुरोध गर्न सक्नेछ। उक्त भ्रमणपश्चात् समितिले सम्बन्धित पक्षराष्ट्रलाई आफ्नो धारणा र सुझावहरूका सम्बन्धमा जानकारी गराउँदछ।

**महासभाको ध्यानाकर्षण**

महासन्धिमा शीघ्र अपिलसँग सम्बन्धित केही निश्चित प्रावधानहरू उल्लेख गरिएका छन्। यदि कुनै पक्षराष्ट्रको क्षेत्राधिकारभित्र पर्ने भू-भागमा व्यापक वा सुनियोजित ढङ्गले बलपूर्वक बेपत्ता पार्ने कार्य भइरहेको छ भन्ने जानकारी समितिलाई प्राप्त भएमा सम्बन्धित पक्षराष्ट्रबाट त्यस्तो अवस्थाका बारेमा विस्तृत सूचना मागपश्चात् उक्त अवस्थाका बारेमा समितिले तुरुन्त संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत् राष्ट्रसङ्घको महासभाको ध्यानाकर्षण गर्दछ।

कुनै पक्षराष्ट्रसम्बन्धी समितिको धारणा यसको वार्षिक प्रतिवेदनमा प्रकाशित हुनुपूर्व समितिले सम्बन्धित पक्षराष्ट्रलाई अग्रिम सूचना प्रदान गर्नेछ र त्यससम्बन्धमा आफ्नो जवाफ दिन पक्षराष्ट्रलाई पर्याप्त समय दिनेछ। उक्त पक्षराष्ट्रले आफ्नो मत वा राय सो प्रतिवेदनमा उल्लेख गर्न समितिसमक्ष अनुरोध गर्नसक्नेछ।

**पक्षराष्ट्रहरूको सम्मेलन**

महासन्धिको धारा २७ ले 'पक्षराष्ट्रहरूको सम्मेलन' नामक एक नयाँ अनुगमन संयन्त्रको व्यवस्था गरेको छ। महासन्धि लागू भएको कम्तिमा चार र बढीमा छ वर्षभित्र समितिको कार्यसम्पादन मूल्याङ्कन गर्न तथा धारा ४४(२) को प्रक्रिया (सम्मेलनमा उपस्थित एवम् मतदानमा भाग लिएका पक्षराष्ट्रहरूको दुई-तिहाई बहुमतद्वारा गरिनसक्ने महासन्धि संशोधनलाई संयुक्त राष्ट्रसङ्घका महासचिवले समर्थनका लागि सम्पूर्ण पक्षराष्ट्रका सामू प्रस्तुत गर्ने) अनुरूप यस महासन्धिको कार्यान्वयन अनुगमन कार्य अर्को कुनै अङ्गलाई हस्तान्तरण गर्न उपयुक्त छ वा छैन भन्ने निर्णय गर्नका लागि यो सम्मेलनको आयोजना हुनेछ।

पक्षराष्ट्रहरूको सम्मेलनका कुनै पनि दस्तावेज समर्थनका लागि संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा महासन्धिका सबै पक्षराष्ट्रहरूसामू प्रस्तुत गरिनेछ।

Disappearance 5/25/09 3:38 PM Page 29

# अध्याय ४

## बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदल

बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदल (यसपछि कार्यदल भनिनेछ) संयुक्त राष्ट्रसङ्घका विशेष कार्यविधिहरूमध्ये एक हो। कार्यदल, विशेष समाधीक्षक, महासचिवका विशेष प्रतिनिधि, महासचिवका प्रतिनिधि, स्वतन्त्र विज्ञ आदि नाममा फरक भए तापनि यी विशेष कार्यविधिहरूको आम कार्यशैली र जिम्मेवारीमा धेरै भिन्नता हुँदैन। विशेष कार्यविधिहरू मुख्यतया दुई प्रकारका हुन्छन्। पहिलो, कुनै निश्चित राष्ट्र विशेषमा मात्र सीमित रही त्यहाँको मानवअधिकार अवस्था अनुगमन गर्ने, सल्लाह वा सिफारिस प्रदान गर्ने र प्रतिवेदन तयार/पेश गर्ने कार्यादेश भएको विशेष कार्यविधि, जसलाई राष्ट्र-विशेषको कार्यादेश पनि भनिन्छ। अर्को, विश्वव्यापीरूपमा मानवअधिकारका प्रमुख विषयवस्तु वा सवालहरूमा सीमित रही त्यससम्बन्धी अनुगमन, सल्लाह वा सिफारिस प्रदान गर्ने र प्रतिवेदन तयार/पेश गर्ने कार्यादेश भएका विशेष कार्यविधि, जसलाई विषयगत कार्यादेश पनि भनिन्छ। वर्तमान अवस्थामा, संयुक्त राष्ट्रसङ्घका यस्ता २९ वटा विषयगत कार्यादेश र नौवटा राष्ट्र-विशेषको कार्यादेश भएका संयन्त्रहरू छन्। कार्यदल विषयगत कार्यादेश भएका २९ मध्ये एक संयन्त्र हो।

२९ फेब्रुवरी १९८० मा संयुक्त राष्ट्रसङ्घको तत्कालीन मानवअधिकार आयोगद्वारा प्रस्ताव नं. २०(३६) मार्फत् बलपूर्वक वा जबर्जस्ती बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदल स्थापना गरिएको हो। तत्पश्चात् यो कार्यदलको कार्यादेश र अवधि निरन्तर तत्कालीन मानवअधिकार आयोगद्वारा नवीकरण तथा आर्थिक तथा सामाजिक परिषद्द्वारा पारित गरियो। सन् १९८६ देखि यस्तो नवीकरण र पारित गर्ने कार्य हरेक दुई-दुई वर्षमा तथा सन् १९९२ देखि हरेक तीन-तीन वर्षमा गरियो। सन् २००४ मा तत्कालीन मानवअधिकार आयोगद्वारा यसको प्रस्ताव नं. २००४/४० मार्फत् कार्यदलको कार्यादेश र अवधि तीन वर्ष थप गरियो। मानवअधिकार आयोगलाई विस्थापित गरी

मानवअधिकार परिषद्को स्थापना भएपश्चात् पनि यो कार्यदलले निरन्तरता पाउँदै आएको छ। परिषद्ले २७ मार्च २००७ मा प्रस्ताव ए/एचआरसी/एल.७ मार्फत् कार्यदलको कार्यावधि थप तीन वर्षका लागि बढायो।

यो कार्यदलको कामका मापदण्डहरू संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र एवम् अभि/महासन्धिहरू, आर्थिक तथा सामाजिक परिषद्को प्रस्ताव नं. १२३५(XLI), राष्ट्रसङ्घीय महासभाद्वारा १८ डिसेम्बर १९९२ मा प्रस्ताव नं. ४७/१३३ मार्फत् पारित 'बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र', आदिद्वारा निर्देशित वा निश्चित गरिएका छन्।

**कार्यदलको कार्यादेश**

- पर्याप्त मात्रामा अभिलेख राखिएका र स्पष्टरूपमा पहिचान गरिएका व्यक्तिगत घटनाहरू अनुसन्धान गरिएको सुनिश्चित गर्न विशेषगरी बेपत्ता पारिएका नागरिकका परिवार र सम्बन्धित सरकारबीच सञ्चार-सम्पर्क असफल भएको अवस्थामा उनीहरूबीचको सञ्चार-सम्पर्क सम्बर्द्धन गर्ने,
- सञ्चार-सम्पर्क व्यवस्थापन तथा सरकारहरूद्वारा पेश गरिएका प्रत्युत्तरमाथि विचार-विमर्श गर्ने सवालमा संयुक्त राष्ट्रसङ्घीय मापदण्ड र अभ्यासहरूको अवलोकन गर्ने,
- बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्रका सान्दर्भिक प्रावधानहरूको कोणबाट र दण्डहीनताविरुद्धको सङ्घर्षमार्फत् मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि विद्यमान सिद्धान्तहरूलाई मध्यनजर गर्दै दण्डहीनताको प्रश्नमा छलफल गर्ने,
- बलपूर्वक बेपत्ताको शिकार बनाइएका बालबालिका तथा बेपत्ता पारिएका व्यक्तिहरूका बालबालिकाका सवालमा विशेष ध्यान दिने र त्यस्ता बालबालिकाको खोजी र पहिचानका लागि सम्बन्धित सरकारसँग नजिकमा रहेर सहयोग आदान-प्रदान गर्ने,
- मानवताको दृष्टिकोणबाट एकदमै जरुरी र बेपत्ता पारिएका घटनाका प्रत्यक्षदर्शी वा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूका नातेदारहरूमाथि हुनसक्ने वा भएका दूर्व्यवहार र गम्भीर धम्कीका बारेमा कार्यदलसमक्ष पेश गरिएका घटना वा सवालहरूमाथि विशेष ध्यान दिने,

- जुनसुकै स्थानमा भएका भए पनि मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन र संरक्षणका लागि कार्यरत व्यक्तिहरूलाई बेपत्ता पारिएका घटनाहरूका सम्बन्धमा विशेष ध्यान दिने र त्यस्ता बेपत्ताहरू रोकथाम तथा त्यस्ता व्यक्तिहरूको संरक्षणमा सुधार ल्याउनका लागि उपयुक्त सिफारिस वा सुझावहरू प्रदान गर्ने,
- सूचना सङ्कलन र सिफारिस वा सुझावहरू दिनेलगायत कार्यदलको प्रतिवेदन प्रक्रियामा लैङ्गिक दृष्टिकोण प्रदान गर्ने,
- राज्यहरूद्वारा गरिने घोषणापत्र र विद्यमान अन्तर्राष्ट्रिय मापदण्ड वा नियमहरूको कार्यान्वयनमा उपयुक्त सहयोग उपलब्ध गराउने,
- आफ्नो कार्यशैली प्रभावकारी बनाउने जिम्मेवारी वहन गर्ने र मानवअधिकार परिषद्लाई बुझाउने प्रतिवेदनहरूमा माथि उल्लिखित विषयवस्तु वा सवालका बारेमा उल्लेख गर्ने,
- आफ्नो वार्षिक कार्यक्रम वा कार्ययोजना अनुरूप कार्यदलले आफ्नो कार्यादेश पूरा गरेकोबारे मानवअधिकार परिषद्समक्ष निरन्तर प्रतिवदेन पेश गर्ने।

महासन्धिको धारा २८ ले बलपूर्वक बेपत्तासम्बन्धी समिति र संयुक्त राष्ट्रसङ्घीय विशेष कार्यविधिहरूबीच नजिकको सहयोग र सहकार्यको व्यवस्था गरेको छ। तसर्थ, कार्यदलको भूमिकाअन्तर्गत पक्षराष्ट्रहरूमा महासन्धि कार्यान्वयनको अवस्था अनुगमन गर्नु पनि पर्दछ।

कार्यदलको बैठक वर्षमा तीनपटक बस्दछ। पाँचदेखि आठदिनसम्म आयोजना गरिने यस्ता बैठकहरूमध्ये एउटा न्यूयोर्कमा र दुईवटा जेनेभामा बस्दछन्। कार्यदलका बैठकहरू गोप्यरूपमा हुने गर्दछन्। तर पनि, यसमा निरन्तररूपमा विभिन्न सरकारहरूका प्रतिनिधिहरू, गैससका प्रतिनिधिहरू र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिका परिवार तथा त्यस्ता घटनाका प्रत्यक्षदर्शीहरूलाई पनि बैठकहरूमा आमन्त्रण गर्ने गरिन्छ। प्रत्येक बैठकपश्चात्, कार्यदलले आफ्ना निर्णयहरूका बारेमा सम्बन्धित राष्ट्रका सरकारहरूलाई लिखितरूपमा जानकारी प्रदान गर्दछ। कम्तिमा वर्षको एकपटक समितिसमक्ष विगतमा पेश गरिएका कूल घटना सङ्ख्या र सरकारद्वारा कार्यदललाई स्पष्ट नपारिएका घटनाहरूका सम्बन्धमा सोध्ने गर्दछ। त्यसैगरी बेपत्तासम्बन्धी घटनामा शीघ्र अपिल जारी गरिएका घटनाहरूका सम्बन्धमा सरकारहरूलाई वर्षमा दुईपटक सम्झाउने गर्दछ।

कार्यदलले आफ्ना क्रियाकलापहरूका बारेमा संयुक्त राष्ट्रसङ्घको मानवअधिकार

परिषद्समक्ष वार्षिक प्रतिवेदनहरू पेश गर्दछ। सरकार र गैरसरकारी संस्थाहरूसँगको सञ्चार-सम्पर्क, बैठक तथा अन्य क्रियाकलापहरू र आफ्ना कार्यहरूका बारेमा कार्यदलले परिषद्लाई जानकारी गराउँदछ। बलपूर्वक बेपत्तासम्बन्धमा वर्षभरी आफूले प्राप्त गरेका सूचना वा प्रतिवेदनहरू र तिनका सम्बन्धमा आफूले चालेका कदमका बारेमा प्रत्येक देशको छुट्टाछुट्टै विवरणसहित कार्यदलले मानवअधिकार परिषद्समक्ष आफ्नो प्रतिवेदन पेश गर्ने गर्दछ।

आफ्नो स्थापनाकालदेखि हालसम्म कार्यदलले ७० भन्दा बढी मुलुकका गरी करिब ५० हजार व्यक्तिगत घटनाका सम्बन्धमा अध्ययन वा जानकारी हासिल गरेको छ। यसका अतिरिक्त सन् १९९३ देखि बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्रको कार्यान्वयन अवस्था र झेल्नुपरेका समस्या वा व्यवधानका सम्बन्धमा पनि राष्ट्रसङ्घमा प्रतिवेदन पेश गर्दै आएको छ। त्यसैगरी बेपत्ताको सवालसँग सम्बन्धित विषयवस्तुहरूका बारेमा पनि विभिन्न समयमा प्रतिवेदनहरू तयार गर्ने र सम्बन्धित राष्ट्रसङ्घीय निकायहरूमा पेश गर्ने कार्य पनि कार्यदलले निरन्तर गर्दै आएको छ।

**कार्यदलको कार्यपद्धति**

कार्यदलको कार्यपद्धति तत्कालीन मानवअधिकार आयोगको प्रस्ताव नं. २० (३६) मा उल्लेख भएबमोजिमको कार्यादेशमा आधारित छन् र यसको मुख्य उद्देश्यमा लक्षित छन्। कार्यदलको उद्देश्य बेपत्ता पारिएका व्यक्तिहरूका परिवारहरूलाई बेपत्ताको अवस्थामा र कानुनको संरक्षणबाहिर रहेका उनीहरूका आफन्तहरूको भाग्य निर्धारण गर्न वा अवस्था पत्ता लगाउन सहयोग पुऱ्याउनु हो। यसका साथै, कार्यदलको संशोधित कार्यपद्धति संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा ३० नोभेम्बर २००७ मा पारित गरियो।

आफ्नो सीमाभित्र भएका मानवअधिकार उल्लङ्घनका लागि राज्य जिम्मेवार हुन्छ र मानवअधिकार उल्लङ्घन रोकथाम गर्नु र उल्लङ्घनका घटना भइसकेपछि तिनको अनुसन्धान गर्नु पनि राज्यको दायित्व हो भन्ने सिद्धान्तमा कार्यदलको कार्य आधारित छ। राज्यमा सरकारहरू परिवर्तन भए पनि राज्यको दायित्व सृजना हुने अन्य सबै अवस्थाहरूमा झैं यस्तो दायित्व र जिम्मेवारी उत्तिकै कायम रहन्छ। कार्यदलले १२ अगष्ट १९४९ का चार जेनेभा महासन्धिहरू र १९७७ का अतिरिक्त आलेखहरूद्वारा परिभाषित अन्तर्राष्ट्रिय प्रकृतिका सशस्त्र द्वन्द्वको अवस्था भने हेर्दैन। यस्ता अवस्थाहरूमा

कार्य गर्न रेडक्रसहरूको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) को सक्षमता भएको हुनाले यसो गरिएको हो।

माथि उल्लेख गरिएबमोजिम आफ्नो सीमाभित्र भएका मानवअधिकार उल्लङ्घनका लागि राज्य जिम्मेवार हुने सैद्धान्तिक मान्यताका आधारमा कार्यदलले बेपत्ताका घटना वा मुद्दाहरूको छानबिन वा अध्ययन गर्नेक्रममा सरकारहरूसँग घनिभूत ढङ्गले सम्पर्क/सम्बन्ध राख्ने गर्दछ। प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरकारसँग नजोडिएका अपहरणका घटना वा मुद्दाहरू कार्यदलले लिँदैन। तसर्थ, यसले कुनै पनि राष्ट्रको भू-भागमा सरकारसँग सङ्घर्षरत अनियमित वा विद्रोही समूहहरूद्वारा गरिएका बेपत्तासम्बन्धी व्यक्तिगत घटना वा मुद्दाहरूलाई कार्यदलले लिँदैन वा अगाडि बढाउँदैन। तै पनि, कुनै निश्चित राष्ट्रमा बेपत्ताको अवस्था अध्ययन गरेपछि वा बेपत्ताको अवस्थालाई अवलोकन गरिसकेपछि कार्यदलले सबैखाले बेपत्तासम्बन्धी सूचना उपयुक्त मूल्याङ्कनका लागि सान्दर्भिक हुन्छ भन्ने ठान्दछ।

**बेपत्तासम्बन्धी घटना प्रतिवेदनको ग्राह्यता**

बेपत्तासम्बन्धी कुनै सूचना प्रतिवेदन कार्यदलका लागि ग्राह्य हुन उक्त प्रतिवेदन वा सूचना बेपत्ता पारिएका व्यक्तिका परिवार वा मित्रजनबाट पठाइएको हुनु पर्दछ। यस्ता प्रतिवेदन वा सूचना बेपत्ता व्यक्तिका परिवारको प्रतिनिधित्व गर्ने व्यक्ति वा संस्था, सरकार, अन्तरसरकारी सङ्गठन, मानवीय क्षेत्रमा कार्यरत संस्था र अन्य कुनै विश्वसनीय श्रोतमार्फत् पनि कार्यदलसमक्ष प्रेषण गर्न सकिन्छ। त्यस्तो प्रतिवेदन वा सूचना लिखितरूपमा र प्रेषकको स्पष्ट परिचय उल्लेख गरी पठाउनु पर्दछ। यदि प्रेषक पीडितको परिवारको सदस्यबाहेक अन्य व्यक्ति वा संस्था हो भने उक्त व्यक्ति वा संस्था बेपत्ता पारिएको व्यक्तिको अवस्थाका बारेमा नातेदारहरूसँग अनुपरीक्षण गर्न सक्ने अवस्था वा पदमा हुनु जरुरी हुन्छ।

प्रतिवेदन वा सूचनाहरूमा उल्लेख गरिएका सरकारहरूलाई घटनाका सम्बन्धमा अर्थपूर्ण अनुसन्धान गर्नका लागि सक्षम बनाउन कार्यदलले उनीहरूलाई कम्तिमा न्यूनतम आधारभूत तथ्याङ्क समेटिएको सूचना प्रदान गर्दछ। यसका अतिरिक्त कार्यदलले प्रतिवेदन वा सूचना प्रेषक वा त्यसको श्रोतलाई बेपत्ता व्यक्तिको परिचय (यहाँसम्म कि, सम्भव छ भने परिचयपत्रसमेत) र बेपत्ता पारिँदाको परिस्थितिसम्बन्धी जतिसक्यो विस्तृत जानकारी प्रदान गर्न आग्रह गर्दछ।

कार्यदलसमक्ष पठाइने प्रतिवेदन वा सूचनामा कम्तिमा निम्नलिखित सूचना हुनु आवश्यक हुन्छ :

(क) बेपत्ता वा हराइरहेको व्यक्तिको पूरा नाम र थर

(ख) बेपत्ता पारिएको मिति (गिरफ्तार वा अपहरण गरिएको वर्ष, महिना र दिन, वा बेपत्ता पारिएको व्यक्ति पछिल्लो पटक देखिएको वर्ष, महिना र दिन। यदि बेपत्ता पारिएको व्यक्ति पछिल्लो पटक कुनै हिरासत वा थुनागृहमा देखिएको थियो भने त्यसको बारेमा पनि जानकारी)

(ग) गिरफ्तार वा अपहरण गरिएको स्थान वा बेपत्ता पारिएको व्यक्ति पछिल्लो पटक देखिएको स्थान (कम्तिमा पनि कुनै शहर वा गाउँ)

(घ) गिरफ्तार वा अपहरण गर्ने वा बेपत्ता पारिएको व्यक्तिलाई अघोषित थुनामा राख्ने आशङ्कित पक्ष र

(ङ) बेपत्ता पारिएको व्यक्तिको अवस्था पत्ता लगाउन चालिएका कदमहरू।

**घटनाको अनुसन्धान**

रिपोर्ट गरिएका बेपत्तासम्बन्धी घटना विवरण वा मुद्दाहरू बैठकका बेला विस्तृत अध्ययन/अनुसन्धानका लागि कार्यदलसमक्ष पेश गरिन्छन्। माथि उल्लेख गरिएका मापदण्डहरू पूरा गरेका घटनाहरूका बारेमा कार्यदलले आधिकारिकरूपमा सम्बन्धित सरकारहरूलाई सोध्ने गर्दछ र तिनका बारेमा अनुसन्धान गर्न र त्यसको परिणामका बारेमा कार्यदललाई जानकारी गराउन सरकारहरूसँग अनुरोध गर्दछ।

यस्ता घटनासम्बन्धी सूचना वा विषयहरूका बारेमा सामान्यत: कार्यदलका अध्यक्षद्वारा संयुक्त राष्ट्रसङ्घका लागि सम्बन्धित सरकारका स्थायी प्रतिनिधिमार्फत् ती सरकारहरूलाई पत्र पठाएर सञ्चार-सम्पर्क गरिन्छ। तथापि, कार्यदलद्वारा बेपत्तासम्बन्धी प्रतिवेदन वा विवरण प्राप्त गरेको समयभन्दा तीन महिनाअघिसम्म भएका घटनाहरूका बारेमा सिधा र द्रूत माध्यमबाट सिधै सम्बन्धित राष्ट्रको परराष्ट्र मन्त्रालयलाई सोध्ने गरिन्छ। यसलाई 'शीघ्र अपिल कार्यविधि' भनिन्छ। यस्ता सञ्चार-सम्पर्कहरूलाई कार्यदलका अध्यक्षद्वारा आफूलाई प्रत्यायोजन गरिएको निश्चित अधिकारका आधारमा आधिकारिकता प्रदान गर्न सकिन्छ। सचिवालयद्वारा प्रतिवेदन वा विवरण प्राप्त गरेको समयबाट तीन महिनाभन्दा अघि भएका तर एक वर्ष बितिनसकेका घटनाहरूका सम्बन्धमा अध्यक्षद्वारा आधिकारिकता प्रदान गरी कार्यदलका बैठकहरूबीचको अवधिमा पत्रमार्फत् सम्बन्धित सरकारलाई सोध्ने गरिन्छ। त्यस्ता घटनाहरू तीन महिनाभित्र

विवरण प्राप्त गरिएकामध्ये कुनै न कुनै घटनासँग सम्बन्धित हुनु भने पर्दछ।

बेपत्ताको कुनै घटनामा एकभन्दा बढी राष्ट्रका अधिकारीहरू प्रत्यक्षरूपमा जिम्मेवार वा संलग्न भएको उल्लेख गरिएका प्रतिवेदन वा घटना विवरणहरू बेपत्तासम्बन्धी घटना भएको राष्ट्र र बेपत्ता पारिएको व्यक्तिलाई गिरफ्तार वा अपहरण गर्ने कार्यमा संलग्न अधिकारीहरूको राष्ट्रका गरी दुवै सरकारहरूसँग घटनाका सम्बन्धमा सञ्चार-सम्पर्क गरिन्छ। यद्यपि बेपत्ता पारिएको व्यक्तिलाई जुन राष्ट्रमा थुनामा राखिएको आशङ्का गरिएको छ वा पछिल्लो पटक देखिएको थियो, त्यस्तो राष्ट्रको सरकार अझ बढी जिम्मेवार हुनु पर्दछ।

कुनै गर्भवती महिलाको बेपत्ताको घटनामा उनीबाट जन्मिएको हुनसक्ने बच्चाबारे आमाकै विवरणमा उल्लेख गरिन्छ। कुनै प्रत्यक्षदर्शीले आमाले उनको थुनाकै अवस्थामा बच्चा जन्माएको सूचना दिएको छ भने उक्त बच्चाको घटना वा मुद्दालाई बेग्लै घटना वा मुद्दाको रूपमा लिइन्छ।

स्पष्ट नपारिएका घटनाहरूका बारेमा कार्यदलले कम्तिमा वर्षमा एकपटक सम्बन्धित प्रत्येक सरकारलाई स्मरण गराउने गर्दछ। त्यसैगरी छ महिनाभित्र शीघ्र अपिलमार्फत् सरकारसमक्ष प्रेषित घटनाहरूमध्ये जसलाई सरकारले स्पष्ट पारेको छैन, त्यस्ता घटनाका बारेमा वर्षमा दुईपटक सरकारसँग सोध्ने गर्दछ। यसका साथै आफूसमक्ष प्रेषित घटनाहरूको संक्षिप्त विवरणका लागि वर्षभरि जुनसुकै बेला कुनै पनि सरकारले लिखितरूपमा कार्यदललाई अनुरोध गर्न सक्दछ।

**सरकारद्वारा जवाफ र घटनाहरूको स्पष्टीकरण**

सरकारद्वारा कार्यदलसमक्ष प्राप्त बेपत्ता पारिएका व्यक्तिको अवस्थासम्बन्धमा विस्तृत विवरण उल्लेख गरिएको कुनै पनि जवाफ घटनाको श्रोतसमक्ष पठाइन्छ। सरकारद्वारा प्राप्त सूचना कार्यदलद्वारा घटनाको श्रोतसमक्ष पठाइएको छ महिनासम्म पनि उक्त श्रोतले कुनै सञ्चार-सम्पर्क गर्दैन भने वा कार्यदलले तर्कसंगत नभएका भनी सोधेका र सरकारद्वारा त्यसको प्रत्युत्तर दिइएको अवस्थामा त्यस्ता घटनालाई कार्यदलको वार्षिक प्रतिवेदनको तथ्यांक खण्डमा "सरकारको जवाफद्वारा स्पष्ट पारिएका घटना" शीर्षकअन्तर्गत राखिन्छ। यदि घटनाको श्रोतले सरकारको सूचनामाथि तर्कसङ्गत आधारमा प्रश्न गर्दछ वा असहमति जनाउँछ भने कार्यदलद्वारा त्यसका बारेमा सरकारलाई जानकारी गराइन्छ र त्यसमाथि टिप्पणी गर्न आग्रह गरिन्छ।

सरकारको जवाफमा फरक व्यक्तिको बारेमा स्पष्ट पारिएको घटनाको श्रोतले

रिपोर्ट गरेको अवस्थालाई सम्बोधन नगरिएको वा घटनाको श्रोतसमक्ष छ महिनाको अवधिसम्म नपुगेको अवस्थामा भूलवश कुनै घटना "स्पष्ट पारिएको" ठानिएको छ भने त्यसका बारेमा घटनाको श्रोतले विस्तृत प्रलेखसहितको सूचना प्रदान गरेमा कार्यदलले उक्त घटनाका बारेमा पुनः सरकारलाई सोध्दछ र त्यसका बारेमा जवाफ दिन वा टिप्पणी गर्न अनुरोध गर्दछ। यस्तो अवस्थामा उक्त घटना पुनः "स्पष्ट नपारिएका" घटनाको सूचीमा राख्दछ, र भूल र असङ्गति उल्लेख गर्दै मानवअधिकार परिषद्समक्ष कार्यदलद्वारा पेश गरिने प्रतिवेदनमा उक्त घटना निश्चित अवस्थाको बारेमा विस्तृत विवरण उल्लेख गर्दछ।

कार्यदलमा थाती रहेका वा स्पष्ट नपारिएको कुनै पनि घटनाका सम्बन्धमा घटनाको श्रोतबाट अतिरिक्त सूचना प्रदान गरिएको अवस्थामा कार्यदलबाट स्वीकृत भएपछि त्यसबारे सम्बन्धित सरकारसमक्ष सञ्चार-सम्पर्क गरिन्छ। अतिरिक्त सूचनाले सरकारद्वारा स्पष्ट पारिनुपर्ने निश्चित विषयवस्तु वा पक्ष सङ्केत गर्दछ भने त्यसका बारेमा पनि सरकारलाई जानकारी गराइन्छ।

बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था किटान नगरिँदासम्म त्यस्ता घटनासम्बन्धी सूचना कार्यदलको अभिलेखमा कायमै राख्ने गरिन्छ। सम्बन्धित राष्ट्रमा सरकारहरू परिवर्तन भए पनि बेपत्ताका घटना वा मुद्दाका बारेमा राज्यको जिम्मेवारी कायमै रहन्छ। बेपत्ताको घटना हुँदा शक्तिमा रहेको सरकारले भन्दा पछि बनेको सरकारले मानवअधिकारको उच्च सम्मानप्रति प्रतिबद्धता गरे तापनि बेपत्ताका विगतका घटनाहरूका सम्बन्धमा उक्त नयाँ सरकारको जिम्मेवारी उत्तिकै कायम रहन्छ, तिनका बारेमा नयाँ सरकारले गम्भीरतापूर्वक छानबिन गर्नु र बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्नु पर्दछ। सम्बन्धित राष्ट्रिय कानुनमा तोकिएबमोजिमको सक्षम अधिकारी वा निकायले बेपत्ता पारिएको भनिएको व्यक्तिको मृत्यु भइसकेको घोषणा गरेको वा परिवार र अन्य सान्दर्भिक पक्षलाई त्यस्तो जानकारी दिएको अवस्थामा कार्यदलले उक्त घटना वा मुद्दाको फाइल बन्द गर्न सक्दछ। केही अपवादजनक अवस्थामा, कार्यदलले कुनै घटनाका सम्बन्धमा यसको कार्य वा चासोलाई निरन्तरता प्रदान नगर्ने निर्णय गर्न सक्दछ। जस्तैः यदि कुनै घटनाका बारेमा पीडित परिवारले थप अनुपरीक्षण नगर्ने निर्णय गरेका छन् वा घटनाको श्रोत नै अस्तित्वमा छैन वा घटनाका बारेमा अनुपरीक्षण गर्न असक्षम छ भने त्यस्तो अवस्थामा कार्यदलले यस्तो निर्णय गर्न सक्दछ।

बेपत्ता पारिएको भनिएको व्यक्तिको अवस्था सार्वजनिक भएपछि कार्यदलको कार्यादेश समाप्त हुन्छ। कार्यदलले कुनै व्यक्तिका सम्बन्धमा ऊ बेपत्ता रहेको वा उसको

अवस्था सार्वजनिक नभएको अवस्थासम्म मात्र कार्य गर्न सक्दछ। त्यसभन्दा बाहेकको अवस्थामा संयुक्त राष्ट्रसङ्घका मानवअधिकारसम्बन्धी अन्य कार्यविधिहरूको कार्यादेश आकृष्ट हुनसक्दछ। यदि सम्बन्धित सरकारद्वारा कार्यदलसमक्ष प्रेषित जवाफमा बेपत्ता पारिएको भनिएको व्यक्ति मृत अवस्थामा फेला परेको, यातना दिइएको, स्वेच्छाचारी गिरफ्तारी र थुनामा राखिएको वा अन्य कुनै प्रकारको मानवअधिकार उल्लङ्घनबाट पीडित भएको र त्यसमा सरकारी अधिकारी वा कुनै समूह वा तीसँग सम्बन्धित व्यक्तिहरूको संलग्नता भएको आशङ्का गरिएको स्पष्ट देखिन्छ भने त्यस घटनाका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घका अन्य उपयुक्त संयन्त्र वा अङ्गले अनुपरीक्षण गर्दछन्।

**नातेदार र प्रत्यक्षदर्शीहरूको संरक्षण**

बेपत्ता पारिएका व्यक्तिका नातेदार, कानुनी परामर्शदाता, प्रत्यक्षदर्शी तथा तिनका परिवारजन, नातेदारहरूका संस्थाका पदाधिकारीहरू र बेपत्ताका सम्बन्धमा कार्यरत अन्य गैरसरकारी संस्था र व्यक्तिहरूको संरक्षणका लागि पनि कार्यदलले सरोकार राख्दछ।

यस्ता व्यक्तिहरूविरुद्ध हुने धम्की वा त्रास, अत्याचार वा प्रतिशोधका घटनाका सम्बन्धमा कार्यदलले सम्बन्धित सरकारसँग सम्पर्क गरी यी व्यक्तिहरूको मौलिक अधिकारको संरक्षण गर्न तथा यस्ता घटनाको अन्त्यका लागि उनीहरूमाथि भएको घटनाको पूर्ण अनुसन्धान गर्न आवश्यक सबै कदमहरू चाल्न अपिल गर्दछ।

नातेदारहरू, प्रत्यक्षदर्शी र बेपत्ताको घटनासँग सम्बन्धित संस्था तथा व्यक्तिहरूको संरक्षणका लागि तदारुक पहलकदमी जरुरी हुन्छ। यस्ता व्यक्तिहरूमाथि भएका अत्याचार, धम्की वा त्रास र प्रतिशोधका घटनाका सम्बन्धमा कार्यदलले यथाशक्य द्रूत माध्यमबाट सिधै सम्बन्धित राष्ट्रको परराष्ट्र मन्त्रालयसँग सम्पर्क गर्दछ। बैठकहरू नभएको अवस्थामा यस्तो कार्य गर्नका लागि कार्यदलले यसका अध्यक्षलाई जिम्मेवारी सुम्पेको छ।

**बेपत्तासम्बन्धी घटनाको प्रतिवेदन**

यथाशक्य बढी सूचना प्रदान गर्नु महत्वपूर्ण भए तापनि विस्तृत सूचनाको अभावमा कुनै पनि घटनाको सम्बन्धमा कार्यदलसमक्ष प्रतिवेदन वा घटना विवरण पठाउनबाट कसैले पनि वञ्चित हुनु पर्दैन। यद्यपि, कार्यदलले स्पष्टरूपमा अनुसूची-३ मा समावेश गरिएको नमूना फाराममा उल्लेख भएबमोजिमका न्यूनतम सूचनासहित पहिचान गरिएका व्यक्तिगत घटनालाई मात्र लिने गर्दछ।

१. बेपत्ता व्यक्तिको **परिचय**
२. घटना भएको **मिति** (कम्तिमा पनि महिना र वर्ष)
३. गिरफ्तार वा अपहरण गरिएको **स्थान** वा बेपत्ता भनिएको व्यक्ति अन्तिमपटक देखा परेको स्थान
४. बेपत्ताका लागि जिम्मेवार भएको विश्वास गरिएका **पक्षहरू** (राज्य वा राज्य-समर्थित)
५. बेपत्ता पारिएको व्यक्ति पत्ता लगाउन परिवार वा अन्य व्यक्ति वा संस्थाद्वारा **चालिएको कदम** (जस्तै: प्रहरी, जेल, मानवअधिकार आयोग आदिसँग बुझ्ने, बन्दी प्रत्यक्षीकरणको निवेदन दिने आदि कार्य)। यदि कुनै कदम चाल्न सम्भव भएन भने त्यसको कारणबारे जानकारी।
६. **प्रतिवेदन वा जानकारी पठाउने व्यक्ति वा संस्थाको परिचय** (नाम र ठेगाना) र यस्तो प्रतिवेदन वा जानकारी गोप्य राख्नु पर्छ कि पर्दैन भन्नेबारे जानकारी।

यदि फाराममा भएभन्दा बढी सूचना छन् भने फारामका अतिरिक्त पेजहरू थप्न सकिन्छ। साथै, प्रतिवेदनमा अनुसूचीका रूपमा बन्दी प्रत्यक्षीकरणको रिट, प्रत्यक्षदर्शीको भनाई, बेपत्ता पारिएको व्यक्तिको फोटो जस्ता दस्तावेजहरू पनि पठाउन सकिन्छ। यस्ता दस्तावेजहरूको फोटोकपी पठाउने र सक्कल प्रति आफूसँगै राख्ने गर्नु पर्दछ।

**पुनश्च** : यदि कुनै अतिरिक्त सूचना प्राप्त भयो वा घटनाविवरण वा प्रतिवेदन पठाउने व्यक्ति वा संस्थाको ठेगाना परिवर्तन भयो भने त्यसका बारेमा तत्काल कार्यदललाई जानकारी गराउनु पर्दछ।

**कार्यदलसमक्ष प्रतिवेदन वा घटना विवरण पठाउने ठेगाना**

ईमेल : wgeid@ohchr.org

फ्याक्स : ४१२२ ९१७ ९००६ (पेजको माथिल्लो भागमा "attn: WGEID" लेख्नुपर्ने)

हुलाक ठेगाना : WGEID
OHCHR, Palais des Nations
8-14 Avenue de la Paix
CH-1211 Geneva 10
Switzerland

**नेपालका सम्बन्धमा बेपत्तासम्बन्धी कार्यदलको चासो**

नेपाल सरकारको निमन्त्रणामा, बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलले २०६१ मङ्सिर २१ देखि २९ गते (६-१४ डिसेम्बर २००४) मा नेपालको भ्रमण गरेको थियो। कार्यदलको प्रतिनिधित्व यसका अध्यक्ष समाधीक्षक स्टेफन जे. टूप र कार्यदलका सदस्य सैयद राजी खोरासनीले गरेका थिए। भ्रमणको उद्देश्य कार्यदलले प्राप्त गरी सञ्चार-सम्पर्क गरेका बलपूर्वक बेपत्ताका घटना सम्बन्धमा नेपाल सरकारसँग छलफल गर्नु र मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यताका आधारमा नेपालमा बलपूर्वक बेपत्ताको स्थिति जाँचबुझ गर्नु रहेको थियो। पछिल्ला दुई वर्षमा कार्यदलले बलपूर्वक बेपत्ताका सम्बन्धमा प्राप्त गरेका भयावह सूचनाले यसलाई नेपाल भ्रमणका लागि सरकारसमक्ष अनुरोध गर्ने स्थिति उत्पन्न गरेको थियो।

कार्यदलको प्रतिनिधिमण्डलले सरकारका उच्चपदस्थ अधिकारीहरू, न्यापालिका र सैनिक पदाधिकारीहरू, गैरसरकारी संस्थाहरूका प्रतिनिधि, बेपत्ता पारिएका व्यक्तिहरूका परिवार र नेपालस्थित अन्तर्राष्ट्रिय समुदायका सदस्यहरूसँग भेटघाट तथा छलफल गरेको थियो।

नेपालमा बेपत्ता पार्ने क्रियाकलाप व्यापक रहेको, तत्कालीन विद्रोही माओवादी र सरकारी सुरक्षा निकायद्वारा बेपत्ता पार्ने कार्य स्वेच्छाचारी प्रकृतिको रहेको, पीडकहरूलाई राजनीतिक र कानुनी दण्डहीनताबाट जोगाइएको अवस्था विद्यमान रहेको तथ्य कार्यदलले उल्लेख गरेको थियो।

कार्यदलले नेपाल भ्रमणपश्चात् तयार पारेको प्रतिवेदनमा नेपाल सरकारलाई निम्नलिखित सुझावहरू दिएको थियो :

क. बलपूर्वक बेपत्तालाई अपराधका रूपमा लिइने गरी नेपाली फौजदारी कानुनमा यथाशीघ्र संशोधन गर्नुपर्ने,

ख. नागरिकलाई बलपूर्वक बेपत्ता पारिएको आरोप लागेका सैनिक अधिकारीलाई नागरिक अदालतमा मुद्दा चलाउने प्रावधान राखी सैनिक ऐनमा संशोधन गर्नुपर्ने, यस्तो संशोधनले सैनिक अधिकारीले गरेका नागरिक हत्या र बलात्कारका घटना पनि समेट्नुपर्ने, साथै सैनिक कारबाहीका क्रममा पनि सैनिक अधिकारीले नागरिकविरुद्ध गरेका कुनै पनि अपराधका घटनालाई अपवादका रूपमा नलिने व्यवस्था हुनुपर्ने,

ग. विगत दुई वर्षमा सेनाद्वारा गरिएका सबै कोर्टमार्शलका पूर्ण विवरण छन् भने लिखित फैसलासहित सार्वजनिक गर्नुपर्ने, वर्तमान कानुनअनुसार सर्वसाधारणको अपहरण

गरेको र यातना दिएको आरोप लागेका सैनिक अधिकारीविरुद्ध महान्यायाधिवक्ताले भाष्यिमा प्रभावकारी अभियोजन गर्नुपर्ने,

घ. नेपाल सरकार र नेपालका सुरक्षाकर्मीले सबै बन्दीहरूको अद्यावधिक अवस्थाको सूचना सरोकारवालाहरूले सजिलै प्राप्त गर्नसक्ने गरी राख्नुपर्ने र सो सूचना राष्ट्रिय मानवअधिकार आयोगलगायत नागरिक समाजका संस्था र बन्दीका परिवारजनलाई उपलब्ध गराउनुपर्ने, यस सूचीमा सुन्दरीजललगायत अघोषित हिरासत र सैनिक ब्यारेकजस्ता अनौपचारिक हिरासतका बन्दी पनि समावेश गरिनुपर्ने, सबै बन्दीका नाम र रहेको स्थानको जानकारी गराउन राष्ट्रियरूपमा दर्ता गर्नुपर्ने र त्यस्तो सूची स्थानीय निकायहरूमा राखिनुपर्ने,

ङ. सर्वोच्च अदालतले आफ्नो मानहानीको मुद्दा दायर गर्ने अधिकारलाई सक्रियरूपमा उपयोग गरी अदालतमा इमान्दारीका साथ प्रस्तुत नहुने पदाधिकारीलाई कारबाही गर्नुपर्ने,

च. नेपाल सरकारले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) विधेयक तत्काल फिर्ता लिनुपर्ने,

छ. सरकार र सुरक्षाकर्मीले मानवअधिकार रक्षकहरूलाई उनीहरूको कार्यका कारण हुनसक्ने असुरक्षाबाट अन्तर्राष्ट्रिय कानुनी प्रावधानबमोजिम संरक्षण गर्नुपर्ने,

ज. सरकारले राष्ट्रिय मानवअधिकार आयोगको भूमिका बलियो बनाउन र यसको काममा सहजीकरणका लागि निरन्तररूपमा सबै आवश्यक कदमहरू चाल्नुपर्ने, साथै नियमित संसदीय नियुक्ति नहुँदाको अवस्थामा पनि आयोगको काम-कारबाही निरन्तररूपमा चलनसक्ने सुनिश्चितता गर्नुपर्ने,

झ. राष्ट्रिय मानवअधिकार आयोगलाई विना पूर्वजानकारी वा अनुमति निर्वाधरूपमा सेनाका ब्यारेकलगायत सबै थुनास्थलहरूमा अनुगमन गर्न दिनुपर्ने,

ञ. भविष्यमा नेपाली सैनिकलाई राष्ट्रसङ्घीय शान्ति सेनामा संलग्न गराउनेबारे नेपालमा सेनाद्वारा गरिएको भनिएको बेपत्ता पार्ने क्रम र अन्य मानवअधिकार उल्लङ्घनको स्थितिमा भएको सुधारका आधारमा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्य विभागले मूल्याङ्कन गर्नुपर्ने र यससम्बन्धी प्रगति समीक्षाका लागि मानवअधिकार उच्चायुक्तको कार्यालयको सहयोग लिनुपर्ने।

# अनुसूची १

## जबर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धि महासभाको प्रस्ताव ६१/१७७ द्वारा २० डिसेम्बर २००६ मा जारी

**प्रस्तावना**

यस महासन्धिका राज्यपक्षहरू,

मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान र पालना प्रवर्द्धन गर्ने राज्यहरूको संयुक्त राष्ट्रसङ्घको बडापत्रअन्तर्गतको दायित्वलाई विचार गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई आदर गर्दै,

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र मानवअधिकार, मानवीय कानुन र अन्तर्राष्ट्रिय फौजदारी कानुनको क्षेत्रका अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय अध्यालेखहरूको पुन:स्मरण गर्दै,

संयुक्त राष्ट्रसङ्घको महासभाबाट यसको १९९२ डिसेम्बर १८ को प्रस्ताव ४७/१३३ द्वारा जारी जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्नेसम्बन्धी घोषणापत्रलाई पनि पुन:स्मरण गर्दै,

अपराध र खास परिस्थितिमा अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित मानवता विरुद्धको अपराध कायम हुने जबर्जस्ती बेपत्ताको चरम गम्भीरताप्रति सचेत रहँदै,

जबर्जस्ती बेपत्ताको रोकथाम र जबर्जस्ती बेपत्ताको अपराधको अदण्डतालाई परास्त गर्न कृत-सङ्कल्पित भएर,

कुनै पनि व्यक्तिको जबर्जस्ती बेपत्ताको भागीदार बन्न नपर्ने अधिकार, पीडितहरूको न्याय तथा परिपूरणको अधिकारलाई ख्याल राख्दै,

जोसुकैको जबर्जस्ती बेपत्ताको परिस्थिति, बेपत्ताकृत व्यक्तिको अवस्थाबारे सत्यता जान्न पाउने अधिकार र यसका खातिर जानकारी खोज्न, लिन र बाँड्ने स्वतन्त्रताको अधिकारको पक्कापक्की गर्दै,

निम्नलिखित धाराहरूमा सहमत छन् :

# खण्ड १

**धारा १**

१. कसैलाई पनि जबर्जस्ती बेपत्ताको भागीदार बनाइने छैन।
२. युद्धको अवस्था वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य सार्वजनिक सङ्कट जेसुकै भए पनि कुनै अपवादजनक परिस्थितिलाई जबर्जस्ती बेपत्ताको पुस्ट्याइँका रूपमा याचना गर्न सकिने छैन।

**धारा २**

यस महासन्धिको प्रयोजनका लागि जबर्जस्तस् बेपत्ता भन्नाले प्रकारान्तर त्यस्तो व्यक्तिलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी स्वतन्त्रताको हरण गरेको सकार्नमा नामन्जुरी वा बेपत्ता व्यक्तिको अवस्था वा अत्तोपत्तोको दपोट गर्ने हिसाबले राज्यका एजेन्टहरू वा राज्यको अख्तियारी, समर्थन वा सम्मतिसाथ काम गर्ने व्यक्तिहरू वा व्यक्तिहरूका समूहहरूद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य स्वरूपलाई मानिने छ।

**धारा ३**

राज्यको अख्तियारी, समर्थन वा सम्मति प्राप्त नगरेका व्यक्तिहरू वा व्यक्तिहरूका समूहहरूबाट गरिएका धारा २ मा परिभाषित कार्यहरूको अनुसन्धान गर्न र त्यसका लागि जिम्मेवार रहेकाहरूलाई न्यायसमक्ष ल्याउनका लागि हरेक राज्यपक्षले उपयुक्त उपायहरू अपनाउने छन्।

**धारा ४**

हरेक राज्यपक्षले जबर्जस्ती बेपत्तालाई आफ्नो फौजदारी कानुनमा अपराध कायम गर्ने कुरा निश्चित गर्नका लागि आवश्यक उपायहरू अपनाउने छन्।

**धारा ५**

जबर्जस्ती बेपत्ताको व्यापक र सुनियोजित अभ्यास सम्बद्ध अन्तर्राष्ट्रिय कानुनले परिभाषा गरेअनुसार मानवता विरुद्धको अपराध हुन्छ र त्यस्तो सम्बद्ध अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भएअनुसारको परिणाम आकर्षित हुने छ।

**धारा ६**

१. हरेक राज्यपक्षले फौजदारीरूपमा उत्तरदायी बनाउनका लागि आवश्यक उपायहरू अपनाउनेछन्, कम्तीमा :

(क) जबर्जस्ती बेपत्ता पार्ने, पार्न आदेश दिने, पुनरावृत्ति गर्ने वा उक्साउने, बेपत्ता पार्न उद्योग गर्ने, मतियार रहने वा सहभागी हुने जुनसुकै व्यक्तिलाई,

(ख) तालुकवाला व्यक्तिलाई, जसले :

(१) आफ्नो प्रभावकारी अख्तियारी वा नियन्त्रणमा रहेका मातहतवालाले जबर्जस्ती बेपत्ता पार्ने अपराध गर्दै गरेको वा गर्न लागेको कुरा स्पष्ट सङ्केत गर्ने सूचना थाहा पाएको वा जानाजान अनादर गरेको थियो,

(२) जबर्जस्ती बेपत्ता पार्ने अपराधसँग सम्बन्धित क्रियाकलापउपरको प्रभावकारी उत्तरदायित्व र नियन्त्रणको अधिकार प्रयोग गरेको थियो र

(३) आफ्नो अख्तियारभित्र जबर्जस्ती बेपत्ता पार्ने कार्यको रोक्न वा वशमा लिन वा यस्तो कुराको अनुसन्धान र अभियोजनका लागि सक्षम अधिकारीहरूसमक्ष प्रस्तुत गर्न सबै आवश्यक र उचित उपायहरू नअपनाएको,

(ग) माथिल्लो उप-अनुच्छेद (ख) सैनिक समादेशक वा सैनिक समादेशकसरह काम गर्ने कुनै व्यक्तिलाई लागू हुने सम्बद्ध अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको उत्तरदायित्वका उच्च मापदण्डहरूसँग पूर्वाग्रहरहित छ।

२. कुनै पनि गैरसैनिक, सैनिक वा अन्य सार्वजनिक अधिकारीको आदेश वा निर्देशन जबर्जस्ती बेपत्ताको कसूरको औचित्य पुष्टिका निमित्त याचन हुन सक्ने छैन।

**धारा ७**

१. हरेक राज्यपक्षले जबर्जस्ती बेपत्ताको कसुरलाई यसको चरम गम्भीरतालाई ख्याल राख्ने हिसाबको उपयुक्त सजायहरूद्वारा दण्डनीय बनाउँने छन्।

२. हरेक राज्यपक्षले व्यवस्थित गर्न सक्ने छन् :

(क) शमनकारी परिस्थिति, खासगरी बेपत्ता पारिएको व्यक्तिलाई जीवितै अगाडि ल्याउन वा जबर्जस्ती बेपत्ताको घटनाबारे स्पष्ट पार्न सम्भव बनाएको वा जबर्जस्ती बेपत्ताका कसुरदार (पीडक) पहिचान गर्नमा प्रभावकारी तरिकाले सहयोग गर्ने पार्ने, पार्न आदेश दिने, पुनरावृत्ति गर्ने वा बहकाउने, बेपत्ता पार्न उद्योग गर्ने, मतियार रहने वा सहभागी हुने व्यक्तिका निमित्त,

(ख) अन्य फौजदारी कार्यविधिसित पूर्वाग्रहयुक्त नहुने गरी, उत्तेजक परिस्थिति, खासगरी बेपत्ता पारिएको व्यक्तिको मृत्यु वा गर्भवती महिला, नाबालक, अक्षम व्यक्ति वा अन्य खास किसिमका निम्छरा व्यक्तिहरूको जबर्जस्ती बेपत्ता पार्ने कार्य गरिएको कुरामा।

**धारा ८**

धारा ५ प्रति पूर्वाग्रह नराखी,

१. जबर्जस्ती बेपत्ताका सम्बन्धमा हदम्यादको कानुनी व्यवस्था राख्ने राज्यपक्षले फौजदारी कारबाहीको हदम्याद :

(क) लामो र यस कसुरको चरम गम्भीरतासँग समानुपातिक हुने गरी,

(ख) अटुट प्रकृतिलाई ख्याल राखी जबर्जस्ती बेपत्ताको कसुर पूरा भएको क्षणबाट प्रारम्भ हुने गरी निश्चित पार्नका लागि आवश्यक उपायहरू अपनाउने छन्।

२. हरेक राज्यपक्षले जबर्जस्ती बेपत्ताका पीडितहरूको हदम्यादभित्र प्रभावकारी उपचारका अधिकार प्रत्याभूत गर्ने छन्।

**धारा ९**

१. हरेक राज्यपक्षहरूले जबर्जस्ती बेपत्ताको कसुरउपर क्षेत्राधिकार प्रयोग गर्ने तिनको सक्षमता स्थापना गर्नमा आवश्यक उपायहरू अपनाउने छन् :

(क) आफ्नो क्षेत्राधिकारको कुनै भू-भाग वा सो राज्यमा दर्ता भएको पानीजहाज वा हवाईजहाजमा यस्तो कसुर गरिएमा,

(ख) आरोपित कसुरदार आफ्नो नागरिक भएमा,

(ग) बेपत्ता पारिएको व्यक्ति आफ्नो नागरिक भएको र राज्यपक्षले उपयुक्त ठानेमा।

२. राज्यपक्षहरूले यसैगरी अन्तर्राष्ट्रिय दायित्वअनुसार निजलाई अर्को राज्यमा सुपुर्द वा समर्पित गरेमा वा क्षेत्राधिकारको मान्यताप्राप्त अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरणसमक्ष निजलाई समर्पण गरिएमा बाहेक, आरोपित कसुरदार आफ्नो क्षेत्राधिकारको भू-भागमा रहेको अवस्थामा आवश्यकता अनुसार जबर्जस्ती बेपत्ताको कसुरउपर क्षेत्राधिकार प्रयोग गर्ने आफ्नो सक्षमता स्थापित गर्न सक्ने छन्।
३. यो महासन्धिले राष्ट्रिय कानुनअनुसार प्रचलित अन्य अतिरिक्त फौजदारी क्षेत्राधिकारलाई बाहेक गर्दैन।

**धारा १०**

१. आफूलाई प्राप्त जानकारीको जाँचबुझपछि सन्तुष्ट भई परिस्थितिले आवश्यक भएमा, आफ्नो भू-भागमा जबर्जस्ती बेपत्ताको कसुर गरेको आशङ्का गरिएको व्यक्ति रहेमा जुनसुकै राज्यपक्षले निजलाई हिरासतमा लिने वा निजको उपस्थिति निश्चित गर्न आवश्यक हुने अन्य कानुनी उपाय अपनाउनेछ। हिरासत र अन्य कानुनी उपाय सो राज्यपक्षको कानुनले व्यवस्था गरेअनुसार हुनेछ र फौजदारी, समर्पण वा सुपुर्दगीको कारबाहीमा सो व्यक्तिको उपस्थिति निश्चित पार्न आवश्यक समयका लागि मात्र कायम रहन सक्ने छ।
२. अनुच्छेद १ मा उल्लेख भएअनुसारको उपाय अपनाउने राज्यले तथ्य स्थापित गर्नका लागि तत्कालै प्रारम्भिक छानबिन वा अनुसन्धान गर्नेछ। सो राज्यपक्षले आफूले क्षेत्राधिकार प्रयोग गर्न चाहे-नचाहेको कुरा दर्शाई, धारा ९ को अनुच्छेद १ मा उल्लिखित राज्यपक्षहरूलाई थुनछेक, थुनछेक गर्ने पर्ने परिस्थिति र आफ्नो प्रारम्भिक छानबिन वा अनुसन्धानका प्राप्त तथ्यसमेत यस धाराको अनुच्छेद १ अनुसार अपनाएका उपायहरूको बारेमा जनाउ दिने छ।
३. अनुच्छेद १ अनुसार हिरासतमा रहेको कुनै पनि व्यक्तिले आफू नागरिक रहेको राज्यको निकटस्थ उपयुक्त प्रतिनिधिसँग वा निज राज्यविहीन व्यक्ति भएमा निजले सामान्यतया बसोबास गरेको राज्यको प्रतिनिधिसँग तत्कालै कुराकानी गर्न सक्ने छ।

**धारा ११**

१. जबर्जस्ती बेपत्ताको कसुर गरेको आरोपित व्यक्ति फेला परेको भू-भागको क्षेत्राधिकार रहेको राज्यले आफ्नो अन्तर्राष्ट्रिय दायित्वअनुसार अर्को राज्यसमक्ष निजलाई सुपुर्दगी वा समर्पण नगरेमा वा क्षेत्राधिकारको मान्यताप्राप्त अन्तर्राष्ट्रिय न्यायाधीकरणसमक्ष

निजलाई समर्पण नगरेमा अभियोजनको प्रयोजनका लागि सक्षम अधिकारीहरू समक्ष प्रस्तुत गर्ने छ।

२. यी अधिकारीहरूले सो राज्यपक्षको कानुनअन्तर्गत गम्भीर प्रकृतिका साधारण अपराधको मामिलासरह समान तरिकाले तिनको निर्णय गर्नेछन्। धारा ९ को अनुच्छेद २ मा उल्लिखित मामिलाहरूमा अनुसन्धान र सजाय निर्धारणका लागि चाहिने मापदण्ड कुनै पनि हालतमा धारा ९ को अनुच्छेद १ मा उल्लिखित मामिलाहरूमा लागू हुनेभन्दा कुनै पनि हिसाबले कमशल हुने छैन।

३. जबर्जस्ती बेपत्ताको कसुरको सिलसिलामा कारबाहीमा ल्याइएको व्यक्तिलाई कारबाहीका सबै चरणमा स्वच्छ व्यवहारको प्रत्याभूति रहनेछ। जबर्जस्ती बेपत्ताको कसुरमा पुर्पक्षमा राखिएको जुनसुकै व्यक्तिले कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधीकरणसमक्ष स्वच्छ पुर्पक्षबाट लाभान्वित हुने छ।

**धारा १२**

१. कुनै व्यक्तिलाई जबर्जस्ती बेपत्ताको भागीदार बनाइएको आरोप लगाउने जुनसुकै व्यक्ति-विशेषलाई यस्तो आरोपको तत्काल र निष्पक्ष जाँचबुझ गर्ने र आवश्यक भएमा अविलम्ब पूर्ण र निष्पक्ष अनुसन्धान गर्ने सक्षम अधिकारीहरूसमक्ष त्यसका तथ्यहरूको प्रतिवेदन गर्ने अधिकार रहने कुरा हरेक राज्यपक्षले सुनिश्चित गर्नेछ। आवश्यकता भएअनुसार उजुरकर्ता, साक्षी, बेपत्ता व्यक्तिका नातेदारहरू र तिनको प्रतिरक्षा सल्लाहकार साथ-साथै अनुसन्धानमा सहभागी रहने व्यक्तिहरूलाई उजुर वा कुनै प्रमाण दिएको परिणामस्वरूपका सबै दुर्व्यवहार र त्रासहरू विरुद्ध संरक्षण गर्ने उचित पाइला चालिने छन्।

२. कुनै व्यक्तिलाई जबर्जस्ती बेपत्ता बनाइएको विश्वास गर्नुपर्ने मनासिब आधार भएमा यस धाराको अनुच्छेद १ मा उल्लिखित अधिकारीहरूले औपचारिकरूपमा कुनै उजुर नै नपरेको भए पनि अनुसन्धान अघि बढाउने छन्।

३. हरेक राज्यपक्षले यो धाराको अनुच्छेद १ मा उल्लिखित अधिकारीहरूलाई :

(क) तिनको अनुसन्धानसँग सान्दर्भिक अभिलेखीकरण र अन्य जानकारीको पहुँचलगायत प्रभावकारी अनुसन्धान गर्नका लागि आवश्यक अधिकार तथा स्रोत-साधन हुने,

(ख) बेपत्ता पारिएको व्यक्ति रहेको विश्वास गर्ने मनासिब आधार भएको थुनछेकको कुनै स्थान वा अन्य स्थानमा आवश्यक भए तत् विषयको रोहमा न्यायिक अधिकारीको पूर्व अख्तियारीसाथ पहुँच हुने कुरा सुनिश्चित पार्ने छन्।

४. अनुसन्धानको कार्यलाई बाधा गर्ने कार्यलाई रोक्ने र दण्डित गर्नका लागि हरेक राज्यपक्षले आवश्यक उपायहरू अपनाउनेछन्। तिनले खासगरी जबर्जस्ती बेपत्ताको कसुर गरेको आशङ्का गरिएका व्यक्तिहरू दाबी वा उजुरकर्ता, साक्षी, गायब पारिएको व्यक्तिका नातेदारहरू वा तिनका प्रतिरक्षा सल्लाहकार वा अनुसन्धानमा सहभागी व्यक्तिहरूमा लक्षित त्रास वा प्रतिशोधका माध्यमबाट अनुसन्धानको प्रगतिलाई प्रभावित पार्ने हैसियतमा छैनन् भन्ने कुरा निश्चित पार्ने छन्।

**धारा १३**

१. राज्यपक्षहरू बीचको सुपुर्दगीको प्रयोजनका लागि जबर्जस्ती बेपत्ताको कसुरलाई राजनीतिक कसुर वा राजनीतिक कसुरसँग सम्बद्ध कसुर वा राजनीतिक आशयबाट प्रेरित कसुर मानिनेछैन। यसैगरी यस्तो कसुरमा आधारित सुपुर्दगीको मागलाई यिनै आधारहरूबाट मात्र अस्वीकार गर्न सकिने छैन।

२. जबर्जस्ती बेपत्ताको कसुर यो महासन्धि लागू हुनुभन्दा अगाडि राज्यपक्षहरू बीच रहेका कुनै पनि सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसुरका रूपमा समावेश रहेको मानिने छ।

३. राज्यपक्षहरूले तिनीहरूबीच पछि सम्पन्न हुने सुपुर्दगी सन्धिमा जबर्जस्ती बेपत्ताको कसुरलाई सुपुर्दगीयोग्य कसुरका रूपमा समावेश गर्ने छन्।

४. सन्धिको अस्तित्वमै सुपुर्दगीलाई शर्तमूलक बनाउने कुनै राज्यपक्षले सोसँग सुपुर्दगी सन्धि नभएको अर्को राज्यपक्षले सुपुर्दगीका लागि अनुरोध गरेमा जबर्जस्ती बेपत्ताको कसुरको हकमा यो महासन्धिलाई सुपुर्दगीको आवश्यक कानुनी आधारका रूपमा विचार गर्न सक्ने छ।

५. सन्धिको अस्तित्वमै सुपुर्दगीलाई शर्तमूलक नबनाउने राज्यपक्षहरूले जबर्जस्ती बेपत्ताको कसुरलाई उनीहरूका बीचमा सुपुर्दगीयोग्य कसुरको रूपमा मान्यता दिने छन्।

६. सुपुर्दगी, सबै मामिलामा, खासगरी सुपुर्दगीका लागि न्यूनतम सजायको खाँचो र अनुरोध गरिएको राज्यले सुपुर्दगी इन्कार गर्न सक्ने वा सोलाई खास शर्तको विषय बनाउने कुरा गायतका अनुरोध गरिएको राज्यको कानुनद्वारा व्यवस्था गरिएका शर्तको विषय बनाइएको कुरा वा लागू हुने सुपुर्दगी सन्धिहरूका आधारमा हुनेछ।

७. सुपुर्दगीका लागि गरिएको अनुरोध सो व्यक्तिको लिङ्ग, जाति, धर्म, राष्ट्रियता, जातीय उत्पत्ति, राजनीतिक मत वा खास सामाजिक समूहको सदस्यताका आधारमा निजलाई

अभियोजन वा सजाय गराउने प्रयोजनका लागि वा अनुरोधको परिपूर्तिले सो व्यक्तिउपर यीमध्ये कुनै कारणले क्षति पुऱ्याउने कुराका लागि भएको विश्वास गर्नुपर्ने पर्याप्त आधार अनुरोध गरिएको राज्यसँग हुँदा पनि सुपुर्दगी गर्ने दायित्व रहने अर्थमा यो महासन्धिको कुनै कुराको व्याख्या गरिने छैन।

**धारा १४**

१. राज्यपक्षहरूले कारबाहीका लागि आवश्यक तिनका अधीन रहेका सबै प्रमाणको आपूर्तिलगायत जबर्जस्ती बेपत्ताको कसुरउपर गरिएका फौजदारी कारबाहीका सिलसिलामा पारस्परिक कानुनी सहायताका सर्वोत्तम उपाय एक-आपसमा उपलब्ध गराउने छन्।

२. यस्तो पारस्परिक कानुनी सहायता अनुरोध गरिएको राज्यपक्षको राष्ट्रिय कानुन वा खासगरी अनुरोध गरिएको राज्यले पारस्परिक कानुनी सहायता दिन इन्कार गर्न सक्ने आधारहरूका सम्बन्धका शर्तहरू वा शर्तको विषय बनाउन सक्ने कुरालगायतको परास्परिक कानुनी सहायतासम्बन्धी लागू हुन सक्ने सन्धिहरू अनुसार हुने छ।

**धारा १५**

राज्यपक्षहरूले जबर्जस्ती बेपत्ताका पीडितहरूलाई सहयोग गर्ने दृष्टिले बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास गर्ने, रहे भएको ठाउँ ठम्याउने र छुटकारा गराउने र मृत्यु भएको मामिलामा तिनको रहलपहल वा अवशेषहरू खोतल्ने, पहिचान गर्ने र फर्काउने कुरामा एक-अर्कामा सहयोग आदानप्रदान र पारस्परिक सहायताका सर्वोत्तम उपाय एक-आपसमा उपलब्ध गराउने छन्।

**धारा १६**

१. जबर्जस्ती बेपत्ताको विषय बनाइनसक्ने खतरा निजविरुद्ध रहेको विश्वास गर्नुपर्ने पर्याप्त आधार भएका अवस्थामा कुनै पनि राज्यले कुनै व्यक्तिलाई अर्को राज्यमा निष्कासन गर्ने, फिर्ता पठाउने, समर्पण वा सुपुर्द गर्ने छैनन्।

२. यस्तो आधारहरू भए-नभएको निर्धारण गर्ने प्रयोजनका लागि सक्षम अधिकारीहरूले उपयुक्त भएसम्म सम्बन्धित राज्यका मानवअधिकारको सघन, नग्न वा व्यापक उल्लङ्घन वा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका स्थिर स्वरूपको उपस्थितिलगायत सबै सान्दर्भिक विचारणीय विषयहरूलाई ध्यान दिने छन्।

**धारा १७**

१. कसैलाई पनि गोप्य थुनामा राखिने छैन।

२. स्वतन्त्रताको वञ्चनाका सन्दर्भमा राज्यपक्षका अन्य अन्तर्राष्ट्रिय दायित्वहरूप्रति पूर्वाग्रह नराखी हरेक राज्यपक्षले आफ्ना विधायनमा :

(क) स्वतन्त्रताको वञ्चनाका आदेश दिने शर्तावस्थाहरू स्थापित गर्ने छन्।

(ख) स्वतन्त्रताको वञ्चनाको आदेश दिने अधिकारप्राप्त अधिकारीहरू तोक्ने छन्।

(ग) स्वतन्त्रताबाट वञ्चित गरिएको व्यक्तिलाई औपचारिक मान्यताप्राप्त र सुपरिवेक्षित स्वतन्त्रताको वञ्चना स्थानमा राखिने प्रत्याभूति गर्ने छन्।

(घ) स्वतन्त्रताबाट वञ्चित कुनै पनि व्यक्तिलाई निजको परिवार, सल्लाहकार वा निजले इच्छाएको अन्य कुनै व्यक्तिसँग कानुनद्वारा स्थापित शर्तावस्थामा रही भेटघाट तथा सञ्चार-सम्पर्क/कुराकानी गर्ने, वा, निज विदेशी भएमा लागू हुने अन्तर्राष्ट्रिय कानुनअनुसार निजको कूटनीतिक अधिकारीहरूसमक्ष सञ्चार-सम्पर्क गर्ने अधिकार हुने कुराको प्रत्याभूति गर्ने छन्।

(ङ) सक्षम र कानुनी अधिकारीहरू तथा निकायहरूलाई आवश्यक भए न्यायिक अधिकारीको पूर्वअख्तियारीसहित, व्यक्तिहरूको स्वतन्त्रता वञ्चित गरिएको स्थानमा पहुँचको प्रत्याभूति गर्ने छन्।

(च) स्वतन्त्रता वञ्चित गरिएको व्यक्ति वा जबर्जस्ती बेपत्ता पारिएको आशङ्का गरिएको व्यक्तिका हकमा यस्तो स्वतन्त्रता वञ्चित व्यक्ति स्वयम्ले यो अधिकारको प्रचलन गर्न नसक्ने हुनाले, स्वतन्त्रताबाट वञ्चित व्यक्तिका नातेदारहरू, तिनका प्रतिनिधि वा तिनका सल्लाहकारजस्ता वैधानिक चासो रहेका जुनसुकै व्यक्तिले, सबै अवस्थामा अदालतबाट स्वतन्त्रताको वञ्चनाको न्यायसङ्गतता उपर अविलम्ब निर्णय लिन र यस्तो स्वतन्त्रताको वञ्चना गैरकानुनी ठहरे व्यक्तिको छुटकाराको आदेशका लागि अदालतसमक्ष कारबाही चलाउन पाउने हक प्रत्याभूति गर्ने छन्।

३. हरेक राज्यपक्षले स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको एक वा बढी औपचारिक अद्यावधिक पञ्जिका वा अभिलेखको सङ्ग्रह र व्यवस्था निश्चित पार्नेछन्, जुन यस प्रयोजनका लागि सम्बन्धित राज्यपक्षको कानुन वा राज्यपक्ष पक्ष रहेको सान्दर्भिक अन्तर्राष्ट्रिय कानुनी अध्यालेखद्वारा अख्तियारप्राप्त कुनै न्यायिक वा अन्य सक्षम अधिकारी वा निकायलाई, मागिएको अवस्थामा, यथाशीघ्र उपलब्ध गराइनेछ। त्यसमा रहने जानकारी न्यूनतम :

(क) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको पहिचान,

(ख) सो व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरिएको मिति, समय र स्थान तथा सो व्यक्तिको स्वतन्त्रता वञ्चित गर्ने अधिकारीको पहिचान,

(ग) स्वतन्त्रताको वञ्चनाको आदेश दिने अधिकारी र स्वतन्त्रता-वञ्चनाका आधारहरू,

(घ) स्वतन्त्रताको वञ्चनाउपर सुपरिवेक्षण गर्ने जिम्मेवारी रहेको अधिकारी,

(ङ) स्वतन्त्रताको वञ्चनाको स्थान, स्वतन्त्रताको वञ्चनाको स्थानमा प्रवेश गराइएको मिति र समय र सो स्वतन्त्रता वञ्चनाको स्थानको जिम्मेवार अधिकारी,

(च) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको स्वास्थ्यस्थिति-सम्बद्ध कुराहरू,

(छ) स्वतन्त्रताको वञ्चनामै मृत्यु भएको अवस्थामा परिस्थिति, मृत्युको कारण र शवाशेषको गन्तव्य,

(ज) छुटकारा वा थुनछेकको अन्य स्थानमा सरुवा गरिएको मिति र समय, गन्तव्य र सरुवा गर्ने जिम्मेवार अधिकारी समावेश रहने छ।

**धारा १८**

१. धारा १९ र २० का अधीन रही हरेक राज्यले स्वतन्त्रताबाट वञ्चितका नातेदार, तिनका प्रतिनिधि वा सल्लाहकारजस्ता यो जानकारीप्रति वैधानिक सरोकार भएका व्यक्तिलाई कम्तीमा निम्नानुसारको सूचनाको पहुँचको प्रत्याभूति गर्ने छन् :

(क) स्वतन्त्रताको वञ्चना गर्ने आदेश गर्ने अधिकारी,

(ख) सो व्यक्तिको स्वतन्त्रता हरण गरिएको तथा स्वतन्त्रताको वञ्चनाको स्थानमा प्रवेश गराइएको मिति, समय र स्थान,

(ग) स्वतन्त्रताको वञ्चनाउपर सुपरिवेक्षण गर्ने जिम्मेवारी रहेको अधिकारी,

(घ) स्वतन्त्रताको वञ्चनाको अर्को स्थानमा सरुवा गरिएको भए गन्तव्य र सरुवा गर्ने जिम्मेवार अधिकारीलगायतको स्वतन्त्रताबाट वञ्चित व्यक्तिको अत्तोपत्तोको जानकारी,

(ङ) छुटकारा गरिएको मिति, समय र स्थान,

(च) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको स्वास्थ्यस्थिति-सम्बद्ध कुराहरू,

(छ) स्वतन्त्रताको वञ्चनामै मृत्यु भएको अवस्थामा परिस्थिति, मृत्युको कारण र शवाशेषको गन्तव्य।

२. यस धाराको अनुच्छेद १ मा उल्लिखित व्यक्तिहरू साथ-साथै अनुसन्धानमा सहभागी व्यक्तिहरूलाई स्वतन्त्रताबाट वञ्चित व्यक्तिको जानकारीको खोजतलास गरेको परिणामस्वरूपको कुनै पनि दुर्व्यवहार, डर-त्रास वा अनुशास्तिबाट बचाउनका लागि, आवश्यक भएका अवस्थामा उपयुक्त उपायहरू अपनाइने छन्।

**धारा १९**

१. बेपत्ता भएको व्यक्तिको खोजतलासको ढाँचाभित्र सङ्कलित र/वा आदानप्रदान गरिएका चिकित्सा तथा आनुवांशिक तथ्य-तथ्याङ्कलगायत व्यक्तिगत विवरण बेपत्ता पारिएको व्यक्तिको खोजतलासीबाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिने वा उपलब्ध गराइने छैन। जबर्जस्ती बेपत्ताको कसुरसम्बन्धी फौजदारी कारबाही वा परिपूरण वा क्षतिपूर्ति प्राप्त गर्नका लागि त्यस्तो जानकारी वा विवरणको प्रयोगमा यो कुराको पूर्वाग्रह रहने छैन।
२. चिकित्सा तथा आनुवांशिक तथ्य-तथ्याङ्कलगायत व्यक्तिगत विवरणको सङ्कलन, प्रक्रियाकरण, प्रयोग वा भण्डारणले कुनै पनि व्यक्तिको मानवअधिकार, मौलिक स्वतन्त्रता वा मानव-मर्यादालाई दखल गर्ने वा दखल पार्ने गरी असर पुऱ्याउने छैन।

**धारा २०**

१. कुनै पनि व्यक्ति कानुनको संरक्षणअन्तर्गत राखिएको र स्वतन्त्रताको वञ्चना न्यायिक नियन्त्रणको विषय रहेको अवस्थामा मात्र धारा १८ मा उल्लिखित सूचनाको अधिकार, कानुनले व्यवस्था गरेको र हँदै आवश्यक भएको अवस्थामा र सो जानकारी/सूचनाको आदानप्रदानले सो व्यक्तिको व्यक्तिगत गोपनीयता वा सुरक्षालाई प्रतिकूल प्रभाव पार्न सक्ने, फौजदारी अनुसन्धानलाई व्यवधान गर्न सक्ने, वा कानुनबमोजिमको समान कारणका लागि, र लागू हुने अन्तर्राष्ट्रिय कानुनसङ्गत हुने गरी र यस महासन्धिको उद्देश्य अनुरूप, अपवादजनक आधारमा मात्र नियन्त्रित हुन सक्नेछ। धारा १८ मा उल्लिखित सूचनाको अधिकार उपर, धारा २ मा परिभाषित कार्य हुने गरी वा धारा १७ अनुच्छेद १ को उल्लङ्घन हुने गरी कुनै पनि हालतमा रोकटोक वा नियन्त्रण हुने छैन।
२. व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको वञ्चनाको न्यायसङ्गतता विचार गर्ने कुराप्रति पूर्वाग्रह नराखी राज्यपक्षहरूले धारा १८ अनुच्छेद १ मा उल्लिखित व्यक्तिहरूलाई धारा १८, अनुच्छेद १ मा उल्लिखित जानकारी अविलम्ब पाउने माध्यमका रूपमा

चुस्त र प्रभावकारी न्यायिक उपचारको प्रत्याभूति गर्नेछन्। उपचारको यो अधिकार कुनै पनि स्थितिमा निलम्बित वा नियन्त्रित हुन सक्ने छैन।

**धारा** २१

स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरू तिनीहरू वास्तविकरूपमा मुक्त भएको विश्वसनीय आधिकारिक पुष्टियुक्त तरिकाबाट छुटकारा हुने कुरा सुनिश्चित पार्नका लागि हरेक राज्यपक्षले आवश्यक उपायहरू अवलम्बन गर्नेछन्। हरेक राज्यपक्षले यस्ता व्यक्तिहरूको शारीरिक परिपूर्णता र राष्ट्रिय कानुनको अधीन रही यस्ता व्यक्तिहरूको कुनै दायित्वप्रति पूर्वाग्रह नराखी छुटकाराका समयमा तिनका अधिकारहरूको भरपूर प्रयोग गर्ने तिनको सक्षमताको निश्चितता दिन पनि आवश्यक उपायहरू अपनाउने छन्।

**धारा** २२

धारा ६ प्रति पूर्वाग्रह नराखी हरेक राज्यपक्षले देहायका कार्यको रोकथाम गर्न र अनुशास्ति लगाउनका लागि आवश्यक उपायहरू अपनाउने छन् :

(क) धारा १७, अनुच्छेद २ (च), र धारा २०, अनुच्छेद २ मा उल्लिखित उपचारहरूलाई विलम्बित गर्ने वा व्यवधान गर्ने,

(ख) कुनै पनि व्यक्तिको स्वतन्त्रताको वञ्चना अभिलेख नगर्ने वा औपचारिक दर्ता गर्ने जिम्मेवारी रहेको कर्मचारीले सो सूचना गलत हो भन्ने जानेरै वा थाहा हुँदा-हुँदै त्यस्तो जानकारी अभिलेख गर्ने,

(ग) व्यक्तिको स्वतन्त्रताको वञ्चनाको सूचना वा जानकारी दिन इन्कार गर्ने वा यस्तो सूचना वा जानकारी दिनुपर्ने कानुनी रीत पूरा भएको भए पनि गलत जानकारी वा सूचना दिने।

**धारा** २३

१. हरेक राज्यपक्षले कानुन कार्यान्वयन गर्ने अधिकारी, निजामती वा सैनिक, स्वास्थ्य अधिकारी, सार्वजनिक पदाधकारी र हिरासत वा स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई हेर्ने वा व्यवहार गर्ने काममा सामेल हुन सक्ने अन्य व्यक्तिहरूको तालिममा यो महासन्धिको सम्बन्धित प्रावधानका बारेमा आवश्यक शिक्षा र जानकारी :

    (क) जबर्जस्ती बेपत्ता पार्ने कुरामा यस्ता पदाधिकारीहरूको संलग्नता रोक्न,
    (ख) जबर्जस्ती बेपत्ताको सम्बन्धमा रोकथाम र अनुसन्धानको महत्वलाई जोड दिन,
    (ग) जबर्जस्ती बेपत्ताका मामिलाहरूको समाधान गर्ने शीघ्र खाँचोलाई मान्यता दिलाउनका लागि समावेश गर्ने कुरा सुनिश्चित पार्ने छन्।

२. हरेक राज्यपक्षले जबर्जस्ती बेपत्ता पार्ने कार्य गर्न अह्राउने, अख्तियारी दिने वा प्रोत्साहित गर्ने आदेश वा निर्देशनको निषिद्धता सुनिश्चित पार्नेछन्। हरेक राज्यले यस्तो आदेश मान्न अस्वीकार गर्ने व्यक्तिलाई सजाय नहुने कुरा प्रत्याभूति गर्नेछन्।

३. हरेक राज्यपक्षले जबर्जस्ती बेपत्ता पार्ने कार्य भएको वा योजना बनाएको विश्वास गर्नुपर्ने कारण रहे-भएका यस धाराको अनुच्छेद १ मा उल्लिखित व्यक्तिहरूले तिनका तालुकवालासमक्ष र आवश्यक भएमा, पुनरावलोकन वा उपचारको अधिकार रहेका उपयुक्त अधिकारीहरू वा निकायहरूमा प्रतिवेदन गर्ने कुरा निश्चित पार्नका लागि आवश्यक उपायहरूको अवलम्बन गर्ने छन्।

**धारा २४**

१. यस महासन्धिको प्रयोजनका लागि “पीडित” भन्नाले बेपत्ता भएको व्यक्ति र जबर्जस्ती बेपत्ताको प्रत्यक्ष परिणामस्वरूपको क्षतिबाट सताइएको जुनसुकै व्यक्ति-विशेष सम्झनु पर्छ।

२. हरेक पीडितलाई जबर्जस्ती बेपत्ताको परिस्थितिका बारेमा सत्य, अनुसन्धानको प्रगति र नतिजा एवम् बेपत्ता व्यक्तिको अवस्था थाहा पाउने अधिकार छ। यसबारेमा हरेक राज्यपक्षले उपयुक्त उपायहरू अपनाउने छन्।

३. हरेक राज्यपक्षले बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास, भएको स्थान ठम्याउने तथा मुक्त गर्नका लागि र मृत्यु भएको घटनामा तिनको शवाशेष ठम्याउन, त्यसको सम्मान गर्न र फिर्ता गर्नका लागि उपयुक्त उपायहरू अपनाउने छन्।

४. हरेक राज्यपक्षले आफ्नो कानुनी प्रणालीमा जबर्जस्ती बेपत्ताका पीडितहरूलाई परिपूरण प्राप्त गर्ने तथा शीघ्र, स्वच्छ र पर्याप्त क्षतिपूर्ति पाउने अधिकारको सुनिश्चय गर्ने छन्।

५. यस धाराको अनुच्छेद ४ मा उल्लिखित परिपूरण प्राप्त गर्ने अधिकारले भौतिक र मानसिक क्षति एवम्, उपयुक्त भएसम्म, परिपूरणका अन्य स्वरूपहरूलाई समेट्छ, जस्तो :

(क) सम्पत्ति पुनर्स्थापना,

(ख) पुनर्वास,

(ग) मर्यादा र ख्यातिको पुन:स्थापनालगायतको सन्तुष्टि,

(घ) पुनरावृत्ति नहुने प्रत्याभूतिहरू।

६. बेपत्ता व्यक्तिको अवस्था स्पष्ट नभएसम्म अनुसन्धान निरन्तर गर्ने दायित्वप्रति पूर्वाग्रह

नराखी हरेक राज्यपक्षले अवस्था स्पष्ट नभएको बेपत्ता व्यक्तिको कानुनी स्थितिबारेमा र तिनका नातेदारहरूको सामाजिक भलाइ, आर्थिक मामिला, पारिवारिक कानुन र सम्पत्तिको अधिकारका क्षेत्रमा उपयुक्त पाइला चाल्ने छन्

७. हरेक राज्यपक्षले जबर्जस्ती बेपत्ताको परिस्थिति र बेपत्ता व्यक्तिको अवस्था स्थापना गर्न प्रयास गर्ने तथा जबर्जस्ती बेपत्ताका पीडितहरूलाई सहायता गर्ने कुरासँग सरोकार रहेका सङ्गठन तथा सङ्घ-संस्था स्वतन्त्रतापूर्वक गठन गर्ने र तिनमा भाग लिने अधिकारको प्रत्याभूति गर्ने छन्।

**धारा २५**

१. हरेक राज्यपक्षले आफ्नो फौजदारी कानुनअन्तर्गत निम्नलिखित कुराको रोकथाम र सजाय गर्न आवश्यक उपाय अपनाउने छन् :
   (क) जबर्जस्ती बेपत्ताको विषय बनाइएका बालबालिका, बाबु, आमा वा कानुनी संरक्षक जबर्जस्ती बेपत्ताको विषय बनाइएका बालबालिका वा जबर्जस्ती बेपत्ताको विषय बनाइएकी आमाबाट थुनामा रहेका बेला जन्माइएको बालबालिकाको अपराधपूर्ण निष्कासन,
   (ख) माथि उप-अनुच्छेद (क) मा उल्लिखित बालबालिकाको सही पहिचान प्रमाणित गर्ने अभिलेखहरूको मिथ्याकरण, दपोट वा विनाश,

२. हरेक राज्यपक्षले यो धाराको अनुच्छेद १ (क) मा उल्लिखित बालबालिकाको खोजतलास तथा पहिचान गर्न साथै कानुनी कार्यविधि र लागू हुने अन्तर्राष्ट्रिय सम्झौताहरूअनुसार तिनलाई आफ्नो परिवारमा फर्काउन आवश्यक उपायहरू अपनाउने छन्।

३. राज्यपक्षहरूले अनुच्छेद १(क)मा उल्लिखित बालबालिको खोजतलास, पहिचान गराई र रहेको स्थान ठम्याउने कार्यमा एक-अर्कामा सघाउ पुऱ्याउने छन्।

४. यस धाराको अनुच्छेद १ (क) मा उल्लिखित बालबालिकाको सर्वोत्तम् हित, तिनको स्याहार-सम्भार वा राज्यको कानुनले मान्यता दिनुपर्ने तिनको नागरिकता, नाम र पारिवारिक सम्बन्धलगायत तिनको पहिचानको पुनर्बहाली प्राप्तिको अधिकारलाई ध्यानमा लिई बालबालिकालाई दत्तक राख्ने वा अन्य स्वरूपमा स्थापन गर्ने प्रणाली मान्यता प्रदान गरेका राज्यपक्षहरूले यस्तो दत्तक वा स्थापनको कार्यविधिको पुनरावलोकन गर्ने र उपयुक्त भएमा जबर्जस्ती बेपत्ताबाट उत्पन्न कुनै पनि दत्तक-रखाइ वा स्थापन खारेज गर्ने कानुनी कार्यविधिलाई व्यवस्थित गर्ने छन्।

५. सबै मामिलामा र खासगरी यो धारासँग सम्बन्धित सबै कुरामा बालबालिकाको सर्वोत्तम् हित प्रारम्भिक विचारणीय विषय हुने र निजको आफ्नै दृष्टिकोण बनाउन सक्षम बालक वा बालिकालाई निजले दिएको दृष्टिकोणउपर बालकको उमेर र परिपक्वताअनुसार तिनको भार मानिने गरी त्यस्ता दृष्टिकोण वा विचारहरू स्वतन्त्रतापूर्वक व्यक्त गर्ने अधिकार हुने छ।

## खण्ड २

**धारा २६**

१. यस महासन्धिअन्तर्गत व्यवस्था गरिएका कार्यहरू सम्पन्न गर्नका लागि जबर्जस्ती बेपत्तासम्बन्धी एक समिति (यसपछि 'समिति भनिएको) को स्थापना गरिनेछ। सो समितिमा उच्च नैतिक चरित्र र मानवअधिकारका क्षेत्रमा ख्यातिप्राप्त दस जना विशेषज्ञ रहनेछन्, जसले व्यक्तिगतरूपमा कार्य गर्नेछन् एवम् स्वतन्त्र र निष्पक्ष रहनेछन्। समितिका सदस्यहरू समतामूलक भौगोलिक वर्गीकरण आधारमा राज्यपक्षबाट चुनिनेछन्। सम्बन्धित कानुनी अनुभव र सन्तुलित लैङ्गिक प्रतिनिधित्वलाई समितिको कामको संलग्नतामा आवश्यक ध्यान दिइने छ।

२. समितिका सदस्यहरू राज्यपक्षले मनोनित गरेका आफ्ना नागरिकहरूमध्ये गोप्य मतदानद्वारा संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा सोही प्रयोजनका लागि बोलाइएको राज्यपक्षहरूको द्वैवार्षिक बैठकबाट चुनिनेछन्। राज्यपक्षहरूको सम्पूर्ण सङ्ख्याको दुई-तिहाइ सदस्य गणपूरक रहने बैठकमा उपस्थित भई मतदान गरेका राज्यपक्षका प्रतिनिधिहरूको पूर्ण बहुमत पाई सबैभन्दा बढी मत प्राप्त गर्ने व्यक्तिहरू निर्वाचित हुने छन्।

३. सुरुको निर्वाचन यो महासन्धि लागू भएको मितिको ६ महिनाभन्दा ढिलो गरिनेछैन। प्रत्येक निर्वाचनको मितिभन्दा चार महिनाअगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले राज्यपक्षहरूलाई तीन महिनाभित्र मनोनयन दाखिला गर्न आमन्त्रण गर्दै पत्र पठाउनेछन्। महासचिवले यस प्रक्रिया अनुरूप मनोनयन गरिएका सबै व्यक्तिहरूको वर्णानुक्रम- सूची तयार गर्नेछन् र मनोनयन गर्ने राष्ट्रहरूको नाम उल्लेख गर्दै त्यस्तो सूची सबै राज्यपक्षहरूलाई उपलब्ध गराउने छन्।

४. समितिका सदस्यहरू चार वर्षका लागि निर्वाचित हुनेछन् जो अर्को एक पटकका लागि पुन: निर्वाचनयोग्य मानिनेछन्। तथापि, पहिलो निर्वाचनमा निर्वाचित पाँचजना सदस्यहरूको समयावधि दुई वर्ष पुगेपछि अन्त्य हुने छ, पहिलो निर्वाचन सकिएलगत्तै

ती पाँचजना सदस्यको नाम यस धाराको अनुच्छेद–२ ले निर्देश गरेबमोजिम बैठकको अध्यक्षले छान्ने छन्।

५. समितिको कुनै सदस्यको मृत्यु भएमा, उसले राजीनामा दिएमा वा अन्य कुनै कारणले आफ्नो कर्तव्य पूरा गर्न असमर्थ भएमा यस धाराको अनुच्छेद-१ ले निर्धारण गरेको प्रक्रियाको आधारमा जुन राज्यपक्षले उसलाई मनोनीत गरेको हो सो राज्यपक्षले आफ्ना नागरिकहरूमध्येबाट अर्को सदस्यलाई उक्त पदमा नियुक्त गर्नेछ र सो नियुक्तिलाई राज्यपक्षहरूको बहुमतले अनुमोदन गर्नुपर्ने छ। संयुक्त राष्ट्रसङ्घका महासचिवले प्रस्तावित नियुक्तिको सूचना गरेको छ हप्ताभित्र आधा वा सोभन्दा बढी राज्यपक्षहरूले नकारात्मक प्रतिक्रिया व्यक्त नगरेमा मात्र त्यस्तो नियुक्तिले अनुमोदन प्राप्त गरेको मानिने छ।

६. समितिले कार्यविधि नियमित गर्ने आफ्नै नियमावली बनाउने छ।

७. संयुक्त राष्ट्रसङ्घका महासचिवले समितिको कार्यप्रणालीलाई प्रभावकारी बनाउनका लागि समितिलाई आवश्यक साधन, सुविधा र कर्मचारी प्रदान गर्नेछन्। समितिको प्रारम्भिक बैठकको अध्यक्षता संयुक्त राष्ट्रसङ्घका महासचिवले गर्ने छन्।

८. समितिका सदस्यहरूलाई राष्ट्रसङ्घीय काम-कारबाहीका सिलसिलामा संयुक्त राष्ट्रसङ्घको विशेषाधिकार एवम् छुटकारासम्बन्धी महासन्धिसँग सम्बद्ध भागले प्रदान गरेको सुविधा, विशेषाधिकार एवम् उन्मुक्ति प्रदान गरिने छ।

९. प्रत्येक राज्यपक्षले आफूले स्वीकार गरेको समितिको कार्यहरूको हदसम्म समितिलाई सहयोग र सदस्यहरूलाई उनीहरूको आफ्नो जिम्मेवारी पूरा गर्नमा सहायता गर्ने छन्।

**धारा २७**

यो महासन्धि लागू भएको कम्तीमा चार वर्षदेखि र बढीमा छ वर्षभित्र समितिका कार्यहरूको मूल्याङ्कन गर्न र धारा ४४ को अनुच्छेद- २ को प्रक्रिया अनुरूप कुनै पनि सम्भावनालाई अस्वीकार नगर्दै, धारा २८–३६ सम्मले परिभाषित गरेका कार्य अनुरूप यस महासन्धिको अनुगमन गर्ने कार्य कुनै अर्को अङ्कलाई हस्तान्तरण गर्न उपयुक्त छ वा छैन भन्ने निर्णय गर्नका लागि राज्यपक्षहरूको एक सम्मेलन आयोजना हुने छ।

**धारा २८**

१. यस महासन्धिले प्रदान गरेका कार्यक्षमताका आधारमा समितिले सम्बद्ध निकायहरू, कार्यालयहरू, राष्ट्रसङ्घका विशेषीकृत नियोगहरू र कोषलाई सहयोग गर्नुका साथै

अन्तर्राष्ट्रिय कानुनले स्थापना गरेका सन्धि-सम्झौताद्वारा स्थापित अङ्गहरू, संयुक्त राष्ट्रसङ्घका विशेष प्रक्रियाहरू, सम्बद्ध क्षेत्रीय, अन्तर-सरकारी सङ्गठन एवम् अङ्कहरूका साथै जबर्जस्ती बेपत्ता गर्ने कार्यका विरूद्ध व्यक्तिहरूको सुरक्षामा कार्य गरिरहेका सम्बद्ध राष्ट्रिय संस्थाहरू, निकायहरू र कार्यालयहरूलाई पनि सहयोग गर्ने छ।

२. आफूलाई प्राप्त जिम्मेवारी पूरा गर्ने क्रममा समितिले सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकार कानुनद्वारा स्थापित अङ्कहरू, खासगरी नागरिक एवम् राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धद्वारा स्थापित मानवअधिकार समितिसँग, तिनीहरूको अवलोकन र सिफारिसहरूको नियमितता सुनिश्चित गर्न परामर्श गर्ने छ।

**धारा २९**

१. प्रत्येक राज्यपक्षले आफ्नो लागि यो महासन्धि लागू भएको दुई वर्षभित्र यस महासन्धि अन्तर्गतका दायित्वहरूलाई प्रभावकारी बनाउन अवलम्बन गरिएका उपायसम्बन्धी प्रतिवेदन संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत् समितिलाई बुझाउने छ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले सो प्रतिवेदन सम्पूर्ण राज्यपक्षहरूलाई उपलब्ध गराउने छन्।

३. प्रत्येक प्रतिवेदनलाई समितिले विचार गर्नेछ र उपयुक्त ठानेको टिप्पणी, समीक्षा र सुझाव प्रस्तुत गर्नेछ। उक्त टिप्पणी, समीक्षा र सुझावलाई सम्बद्ध राज्यपक्षसमक्ष राखिनेछ र त्यसको उत्तर उनीहरूले आफ्नै तदारूकतामा वा समितिको अनुरोधमा प्रदान गर्ने छन्।

४. यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा थप सूचना प्रदान गर्न समितिले राज्यपक्षहरूलाई अनुरोध गर्न सक्ने छ।

**धारा ३०**

१. बेपत्ता पारिएको व्यक्तिको खोजतलास गरियोस् वा पत्ता लगाइयोस् भन्ने अनुरोध बेपत्ता भएको व्यक्तिको नातेदार वा तिनका कानुनी प्रतिनिधि, वकिल वा तिनले अख्तियार गरेको कुनै पनि व्यक्ति र वैधानिक सरोकार राख्ने जुनसुकै व्यक्तिले समितिसमक्ष जरुरी सवालका रूपमा प्रस्तुत गर्न सक्ने छ।

२. यस धाराको अनुच्छेद- १ अनुसार तत्काल कारबाही प्रक्रिया अगाडि बढाउन प्रस्तुत गरिएको अनुरोधलाई समितिले :

क) स्पष्टरूपमा तथ्यहीन छैन भन्ने ठानेमा,

ख) त्यस्तो अनुरोध दायर गर्न सक्ने अधिकारको उल्लङ्घन नहुने भएमा,

ग) सम्बन्धित राज्यपक्षका आधिकारिक निकाय, उदाहरणका लागि अधिकारप्राप्त अनुसन्धान निकायमा छानबिनका लागि जान सक्ने सम्भाव्यता रहेको अवस्थामा त्यस्ता निकायमा समयमै अनुरोध प्रस्तुत गरिएको पाइएमा,

घ) यस महासन्धिका प्रावधानहरूसँग बेमेल हुने नभएमा, र

ङ) अन्तर्राष्ट्रिय वा सोही प्रकृतिको प्रक्रियाअन्तर्गत अन्य कुनै जाँचबुझद्वारा सो घटनाको जाँच भइरहेको नभएमा,

च) समितिले आफूले तोकेको समयभित्र बेपत्ता पारिएको व्यक्तिको खोजीका विषयमा आफूलाई जानकारी प्रदान गर्न सम्बन्धित राज्यपक्षलाई अनुरोध गर्ने छ।

३. सम्बन्धित राज्यपक्षले यस धाराको अनुच्छेद-२ अनुसार प्रदान गरेको सूचनालाई ध्यानमा राखी समितिले सम्बन्धित राज्यपक्षलाई बेपत्ता पारिएको व्यक्तिलाई यस महासन्धिअनुसार राख्न र सुरक्षा दिन, त्यसका लागि अन्तरकालीन लगायत अन्य सबै आवश्यक उपायहरू अवलम्बन गर्न र स्थितिको गम्भीरतालाई ध्यानमा राखी अवलम्बन गरिएका उपायहरूको बारेमा तोकिएको समयभित्र समितिलाई सूचना दिन सिफारिस गर्न सक्नेछ। बेपत्ता पारिएको व्यक्तिलाई खोज्न तत्काल कारबाही अगाडि बढाउन समितिसमक्ष अनुरोध गर्ने व्यक्तिलाई समितिले आफूले राज्यलाई दिएका सुझावहरू र राज्यपक्षले आफूलाई उपलब्ध गराएको सूचनाको जानकारी उपलब्ध हुनासाथ प्रदान गर्ने छ।

४. बेपत्ता पारिएको व्यक्तिको अवस्थाबारे पत्ता नलागेसम्म समितिले राज्यपक्षसँग कार्य गर्ने आफ्नो प्रयत्नलाई निरन्तरता दिनेछ र सम्बन्धित अनुरोधकर्तालाई लगातार सूचित गर्ने छ।

**धारा ३१**

१. कुनै राज्यपक्षले यस महासन्धिको अनुमोदनका बखत वा सोपश्चात् कुनै पनि बखत राज्यले गरेको कानुन उल्लङ्घनको घटनामा उक्त घटनाको शिकार भएको दाबी गर्ने व्यक्ति वा उसका तर्फबाट अन्य कुनै व्यक्तिसँग पत्राचार गर्ने र उसबाट जानकारी लिने क्षेत्राधिकारका सम्बन्धमा समिति समर्थ रहेको घोषणा गर्न सक्नेछ। यस्तो घोषणा नगर्ने कुनै पनि राज्यपक्षका घटनाका सम्बन्धमा यस समितिले सञ्चार-सम्पर्क गर्ने वा घटनाको छानबिन गर्ने छैन।

२. निम्नलिखित अवस्थामा समितिले सञ्चार-सम्पर्क ग्रहण गर्ने छैन :

क) उक्त सञ्चार-सम्पर्क अज्ञात भएमा,

ख) सो सञ्चार-सम्पर्कबाट सञ्चार-सम्पर्क गर्न पाउने अधिकारको उल्लङ्घन भएमा वा उक्त सञ्चारण यस महासन्धिको प्रावधानसँग मेल खाने नभएमा,

ग) सोही घटनाको जाँच अन्तर्राष्ट्रिय जाँचबुझ वा अन्य कुनै सोही प्रकृतिको प्रक्रियाअन्तर्गत भइरहेको भएमा वा

घ) सबै उपलब्ध राष्ट्रिय उपचार व्यवस्था पूर्णतया समाप्त भइसकेका छैनन्। उपचार अवलम्बन कार्य बिनाकारण लम्ब्याइएको अवस्थामा यो नियम लागू हुने छैन।

३. समितिले सो सञ्चार-सम्पर्क यस धाराको अनुच्छेद-२ मा उल्लिखित व्यवस्थाहरूसँग मेल खाने देखेमा समितिले तोकेको समयावधिभित्र आफ्नो राय, टिप्पणी पठाउन अनुरोध गर्दै सम्बन्धित राज्यपक्षलाई सञ्चार-सम्पर्क गर्ने छ।

४. सञ्चार-सम्पर्क प्राप्त भएपछिको र सो सञ्चार-सम्पर्कमाथि कुनै निर्णयमा पुग्नुभन्दा अघिको कुनै पनि समयमा समितिले सम्बन्धित राज्यपक्षलाई आरोपित उल्लङ्घनका पीडितहरूलाई सम्भाव्य अपूरणीय क्षति हुनबाट रोक्न आवश्यक अन्तरिम उपायहरू अवलम्बन गर्न अनुरोध गर्न सक्नेछ। समितिले यस्तो स्वविवेकाधिकारको अभ्यास गर्नुको अर्थ निवेदनको ग्राह्यतासम्बन्धी वा अन्तर्निहित विषयसम्बन्धी निर्णय भन्ने हुँदैन।

५. वर्तमान धाराअन्तर्गत सञ्चार-सम्पर्कको जाँच गर्दाका बखत समितिले गोप्य बैठकको आयोजना गर्नेछ। सम्बन्धित राज्यपक्षले दिएका जवाफहरूको जानकारी समितिले सञ्चार-सम्पर्ककर्तालाई दिनेछ। जब समितिले प्रक्रियालाई अन्तिम रूप दिने निर्णय गर्दछ तब यसले आफ्नो दृष्टिकोणका बारेमा राज्यपक्ष र सञ्चार-सम्पर्ककर्तालाई जानकारी गराउने छ।

**धारा ३२**

यस महासन्धिको कुनै एक राज्यपक्षले कुनै पनि समय अर्को राज्यपक्षले यस महासन्धिअन्तर्गतको दायित्व पूरा नगरेको दाबी गरिएको सञ्चार-सम्पर्क ग्रहण गर्न र त्यसमाथि विचार गर्न समिति समर्थ भएको घोषणा गर्न सक्नेछ। यस्तो घोषणा नगरिएको राज्यपक्षसँग सम्बन्धित र यस्तो घोषणा नगर्ने राज्यपक्षबाट समितिले निवेदन लिने छैन।

Disappearance 5/25/09 3:38 PM Page 60

**धारा ३३**

१. कुनै राज्यपक्षले यस महासन्धिका प्रावधानहरूको गम्भीर उल्लङ्घन गरिरहेको छ भन्ने विश्वसनीय सूचना यस समितिलाई प्राप्त भएमा समितिले सम्बन्धित राज्यपक्षसँग परामर्श गरेपछि यस समितिका एक वा सो भन्दा बढी सदस्यहरूलाई सम्बन्धित राष्ट्रको भ्रमण गरी ढिलाइ नगरिकन समितिलाई प्रतिवेदन बुझाउन अनुरोध गर्न सक्ने छ।

२. समितिले सम्बन्धित राज्यपक्षलाई भ्रमण आयोजना गर्नुको आफ्नो मनसाय, भ्रमणदलको बनावट र भ्रमणको उद्देश्य लिखितरूपमा सूचित गर्नेछ। राज्यपक्षले ठीक समयभित्र त्यसको जवाफ समितिलाई पठाउने छ।

३. राज्यपक्षको प्रमाणित अनुरोधलाई दृष्टिगत गरी समितिले भ्रमण स्थगित गर्न वा रद्द गर्न सक्ने छ।

४. राज्यपक्ष भ्रमणका लागि राजी भएमा समिति र राज्यपक्ष दुवैले मिलेर भ्रमणको तरिका कस्तो हुने भन्ने परिभाषित गर्नेछन् र राज्यपक्षले भ्रमण सफलतापूर्वक सम्पन्न गर्नका लागि समितिलाई आवश्यक सुविधाहरू प्रदान गर्ने छ।

५. भ्रमणपश्चात्, समितिले सम्बन्धित राज्यपक्षलाई आफ्नो अभिमत र सुझावहरूका सम्बन्धमा जनाउ दिने छ।

**धारा ३४**

कुनै राज्यपक्षको अधिकारक्षेत्रमा पर्ने सीमाभित्र सुनियोजित ढङ्गले जबर्जस्ती बेपत्ता पार्ने कार्य प्रक्रियाबद्ध एवं बृहत्रूपमा भइरहेको छ भन्ने जानकारी समितिलाई प्राप्त भएमा सम्बन्धित राज्यपक्षबाट त्यस्तो अवस्थासँग सम्बन्धित सम्पूर्ण सम्बद्ध सूचनाहरूको मागपश्चात् समितिले संयुक्त राष्ट्रसङ्घका महासचिवका माध्यमबाट संयुक्त राष्ट्रसङ्घको साधारणसभालाई तुरून्त त्यस विषयमा ध्यानाकर्षण गराउन सक्ने छ।

**धारा ३५**

१. समिति यस महासन्धि लागू भएपछि सुरु भएका जबर्जस्ती बेपत्ता पार्ने कार्यको छानबिनमा मात्र समर्थ रहने छ।

२. यो महासन्धि लागू भएपश्चात् कुनै राष्ट्र यस महासन्धिको पक्ष बनेमा, समितिका सम्बन्धमा उक्त राष्ट्रको दायित्व सो सम्बन्धित राष्ट्रका लागि यो महासन्धि लागू भएपछि प्रारम्भ भएका जबर्जस्ती बेपत्ता पार्ने कार्यप्रति मात्र रहन्छ।

**धारा ३६**

१. समितिले यस महासन्धिअन्तर्गत आफ्ना क्रियाकलापहरूको वार्षिक प्रतिवेदन राज्यपक्षहरूलाई र संयुक्त राष्ट्रसङ्घको साधारणसभालाई प्रस्तुत गर्ने छ।

२. कुनै राज्यपक्षमाथिको अभिमत वार्षिक प्रतिवेदनमा प्रकाशित हुनुपूर्व सम्बन्धित राज्यपक्षलाई अग्रिम सूचना प्रदान गरिनेछ। उक्त राज्यपक्षले प्रतिवेदनमा आफ्नो मत र राय प्रकाशित गर्न अनुरोध गर्न सक्ने छ।

## खण्ड ३

**धारा ३७**

यस महासन्धिमा उल्लिखित कुनै पनि कुराले जबर्जस्ती बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिलाई बचाउने कुनै पनि अन्य अनुकूल प्रावधानहरूलाई प्रभावित पार्ने छैन र जसमा

क) राज्यपक्षको कानुन,

ख) कुनै राज्यमा लागू गरिएको अन्तर्राष्ट्रिय कानुन रहन सक्ने छन्।

**धारा ३८**

१. यो महासन्धि संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य-राष्ट्रहरूको हस्ताक्षरका लागि खुला छ।

२. यो महासन्धि संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्यहरूबाट अनुमोदनको विषय रहेको छ। अनुमोदन-लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसँग रहनेछ।

३. यो महासन्धि सम्मिलनका लागि संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्यहरूलाई खुला छ। सम्मिलन-लिखत महासचिवसँग रहने छ।

**धारा ३९**

१. यो महासन्धि सदस्य राज्यपक्षहरूले अनुमोदन वा सम्मिलन गरेको बीसौं लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवलाई बुझाएको तीस दिनपछि लागू हुनेछ।

२. हरेक राज्यले अनुमोदन वा सम्मिलन लिखत बुझाइसकेपछि अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राज्यपक्षका लागि यो महासन्धि त्यस राष्ट्रले अनुमोदन वा सम्मिलन गरेको लिखत बुझाएको तीस दिनपश्चात् लागू हुने छ।

**धारा ४०**

संयुक्त राष्ट्रसङ्घका महासचिवले संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य राष्ट्रहरू र यस

महासन्धिमा हस्ताक्षर वा सम्मिलन गरेका सबै राष्ट्रहरूलाई निम्नलिखित कुराको सूचना दिने छन् :

क) धारा ३८ अन्तर्गत हस्ताक्षर, अनुमोदन र सम्मिलन।

ख) धारा ३९ अन्तर्गत महासन्धि लागू भएको मिति।

**धारा ४१**

यस महासन्धिका प्रावधानहरू सङ्घीय राज्यका सम्पूर्ण भागहरूमा सीमा तथा अपवादरहितरूपमा लागू हुने छ।

**धारा ४२**

१. दुई वा सोभन्दा बढी राज्यपक्षहरूका बीच यस महासन्धिको व्याख्या र प्रयोगका सम्बन्धमा विवाद भएमा र सो विवाद समझदारी एवम् महासन्धिमा स्पष्टरूपमा व्यवस्था गरिएका प्रक्रियाद्वारा समाधान नभएमा विवादमा रहेका मध्ये कुनै एक राष्ट्रको अनुरोधमा मध्यस्थताका लागि बुझाइने छ। मध्यस्थताका लागि अनुरोध गरिएको मितिले छ महिनाभित्र ती राज्यपक्षहरू मध्यस्थतामा सहमत हुन सकेनन् भने तीमध्ये कुनै एक राष्ट्रले उक्त विवादलाई न्यायालयको नियमअनुसार अन्तर्राष्ट्रिय न्यायालयमा उठाउन सक्ने छ।

२. यस महासन्धिमा हस्ताक्षर वा अनुमोदनका बखत वा यसलाई सम्मिलन गर्दाका बखत कुनै राष्ट्रले यस धाराको अनुच्छेद-१ द्वारा आफू बाँधिएको ठानेको छैन भन्ने घोषणा गर्न सक्नेछ। यस्तो घोषणा गर्ने कुनै पनि राज्यपक्षका सम्बन्धमा अन्य राज्यपक्षहरू यस धाराको अनुच्छेद-१ द्वारा बाँधिने छैनन्।

३. यस धाराको अनुच्छेद-२ अनुसार घोषणा गर्ने कुनै पनि राज्यपक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचना दिएर कुनै पनि बेला सो घोषणा फिर्ता लिन सक्ने छन्।

**धारा ४३**

यो महासन्धि १२ अगस्त १९४९ को चारवटा जेनेभा महासन्धि र तिनका ८ जुन १९७७ का दुईवटा अतिरिक्त प्रलेखमा उल्लिखित सम्झौता गर्ने पक्षको उत्तरदायित्वसहितको अन्तर्राष्ट्रिय मानवीय कानुन वा अन्तर्राष्ट्रिय मानवीय कानुनले नसमेटेको अवस्थामा रेडक्रसको अन्तर्राष्ट्रिय समितिलाई कुनै राज्यपक्षले थुनास्थलको भ्रमण गर्ने अनुमतिको अवसरप्रति पूर्वाग्रही छैन।

**धारा ४४**

१. कुनै पनि राज्यपक्षले यस महासन्धिमा संशोधनको प्रस्ताव गर्न, र सो प्रस्ताव संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दर्ता गर्न सक्छ। महासचिवले यस महासन्धिका राज्यपक्षहरूलाई प्रस्तावित संशोधनका बारेमा सूचित गर्दै उक्त प्रस्तावमाथि छलफल गर्न र मतदान गर्न सम्मेलन आयोजना गर्ने विषयमा उनीहरूको धारणा सूचित गर्न अनुरोध गर्नेछन्। यस किसिमको सञ्चार भएको चार महिनाभित्र कम्तीमा एक-तिहाइ राज्यपक्षहरू त्यस्तो सम्मेलनको पक्ष लिएमा महासचिवले संयुक्त राष्ट्रसङ्घको आयोजनामा उक्त सम्मेलन गर्ने छन्।

२. सम्मेलनमा उपस्थित एवम् मतदानमा भाग लिएका राज्यपक्षहरूको दुई-तिहाई बहुमतको संशोधनलाई संयुक्त राष्ट्रसङ्घका महासचिवले समर्थनका लागि सम्पूर्ण राज्यपक्षका सामु प्रस्तुत गर्ने छन्।

३. यस धाराको अनुच्छेद-१ अनुसार ग्रहण गरिएको संशोधन यस महासन्धिका दुई-तिहाई राज्यपक्षहरूले आ-आफ्ना संवैधानिक प्रक्रियाका साथ स्वीकार गरेपछि लागू हुने छ।

४. संशोधन प्रभावमा आएपछि सो स्वीकार गरेका राज्यपक्षहरूका हकमा बन्धनकारी हुनेछ, महासन्धिका प्रावधान र पूर्ववर्ती संशोधनहरू अन्य राज्यपक्षहरूका हकमा पनि बन्धनकारी हुने छन्।

**धारा ४५**

१. अङ्ग्रेजी, अरबी, चिनियाँ, फ्रान्सेली, रसियाली र स्पेनिस भाषाका पाठ समान आधिकारिक रहेको यो महासन्धि संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष रहने छन्।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिका प्रमाणित प्रतिहरू धारा ३८ मा उल्लिखित सम्पूर्ण राष्ट्रहरूलाई पठाउने छन्।

# २ अनुसूची

## बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र, १९९२

संयुक्त राष्ट्रसङ्घीय आयोगद्वारा २८ फेब्रुअरी १९९२ को प्रस्ताव नं. ई/सी एन ४/१९९२/२९ अनुसार जबर्जस्ती बेपत्ता पार्ने कामबाट सम्पूर्ण व्यक्तिहरूलाई सुरक्षा प्रदान गर्नेसम्बन्धी मस्यौदा घोषणापत्र संयुक्त, राष्ट्रसङ्घको साधारणासभामा संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् (समिति) मार्फत् अनुमोदनको लागि प्रस्तुत भयो। संयुक्त राष्ट्रसङ्घ साधारण सभाले उक्त घोषणा पत्र प्रस्ताव नं. ४७/१३३ मिति १८ डिसेम्बर १९९२ मा "सम्पूर्ण राष्ट्रहरूको लागि निर्देशक सिद्धान्तका रूपमा स्वीकार गऱ्यो र "यस घोषणापत्रबारे सर्वसाधारणको समेत जानकारी हुने र पालना हुने अवस्थाको सृजना गर्न हरसम्भव उपायहरू अवलम्बन गर्ने" कुरामा विशेष जोड दियो। यस सिद्धान्तको मूलपाठ (विषयवस्तु) तल दिइएको छ।

यो संयुक्त राष्ट्रसङ्घको वडापत्रको उद्देश्यको निषेध एवम् मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा यससम्बन्धी अन्य अन्तर्राष्ट्रिय प्रावधान (संयन्त्र) मा उल्लिखित मानवअधिकार र आधारभूत स्वतन्त्रताको गम्भीर एवम् लज्जाजनक हनन हो भनी निन्दा गरिन्छ।

**धारा १**

१. बेपत्ता पारिने कुनै पनि काम मानव गरिमाप्रतिको खुल्ला अपराध हो। यसलाई संयुक्त राष्ट्रसङ्घका "चार्टरहरूको उद्देश्य एवम् मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उद्घोषित आधारभूत स्वतन्त्रता र मानवअधिकारको गम्भीर एवम् लज्जाजनक उल्लङ्घन" को रूपमा अस्वीकृत र आलोचना गरिएको छ। साथै यससँग सम्बद्ध अन्तर्राष्ट्रिय उपायहरूका रूपम स्वीकार गरी विकसित गरिएको छ।

२. यस किसिमको जबर्जस्ती बेपत्ता पारिने कामबाट बेपत्ता पारिएका व्यक्तिहरू कानुनको सुरक्षा रेखाभन्दा बाहिर पर्दछन्। उनीहरू तथा उनीहरूका परिवारहरूले अमानवीय यातना भोग्नु पर्दछ। यसले ती अन्तर्राष्ट्रिय कानुनहरूको उल्लङ्घन गर्दछ जसले अन्य कुराका साथसाथै कानुनका दृष्टिमा एउटा कानुनहरूको उल्लङ्घन गर्दछ जसले अन्य कुराका साथसाथै कानुनका दृष्टिमा एउटा व्यक्तिका रूपमा परिचित हुन पाउने हक, व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको हक, तथा यातना र अन्य निर्दयी अमानवीय अथवा निम्नस्तरको व्यवहार वा सजाय विरूद्धको हकलाई ग्यारेण्टी गर्ने अन्तर्राष्ट्रिय कानुनहरूको उल्लङ्घन गर्दछ। यो मानिसको बाँच्न पाउने अधिकारको उल्लङ्घनका साथै यसप्रतिको गम्भीर चुनौति पनि हो।

**धारा २**

१. कुनै पनि मुलुकले जबर्जस्ती बेपत्ता पार्ने काम गर्ने छैन, गर्ने अनुमति दिने छैन र यस्ता कामलाई सहन पनि गर्ने छैन।
२. राज्यहरूले राष्ट्रिय र क्षेत्रीय स्तरमा र संयुक्त राष्ट्रसङ्घसँग मिलेर जबर्जस्ती बेपत्ता पार्ने कामको उन्मूलन र रोकथामको लागि हरसम्भव उपायबाट योगदान पुऱ्याउने काम गर्ने छन्।

**धारा ३**

प्रत्येक राष्ट्रले आफ्नो अधिकार क्षेत्रभित्रको कनै पनि भू-भागमा जबर्जस्ती बेपत्ता पार्ने कामको रोकथाम र समाप्तिका लागि प्रभावकारी न्यायिक, प्रशासनिक, कानुनी व्यवस्थालगायत अन्य हरसम्भव उपायहरू अवलम्बन गर्ने छ।

**धारा ४**

१. सबै किसिमका जबर्जस्ती बेपत्ता पार्ने कामलाई गैरकानुनी ठहर गरी अपराध ऐनअन्तर्गत अत्यन्त गम्भीर अपराधको रूपमा लिई उचित दण्ड सजाय दिइने छ।
२. राष्ट्रिय न्याय व्यवस्थामा ती व्यक्तिहरूको लागि सजाय कम गर्ने परिस्थितिको स्थापना गर्न सकिनेछ। जसले जबर्जस्ती बेपत्ता पार्ने काममा सरिक भए तापनि अभियुक्तलाई जिउँदै फिर्ता बुझाउन सहयोग गर्दछन् वा स्वेच्छाले त्यस्ता सूचना (जानकारी दिन्छन् जसको सहयोगबाट जबर्जस्ती बेपत्ता पारिएकाको मुद्दालाई स्पष्ट गर्न योगदान पुऱ्याउँछ।

**धारा ५**

यस्ता अपराधिक सजायलाई व्यवहारमा उतार्नुका अतिरिक्त, जबर्जस्ती बेपत्ता पर्ने काम गर्ने अपराधीहरूलाई र राज्य वा राज्य सङ्गठनप्रति उत्तरदायी अधिकारीहरू जसले यस्ता बेपत्ता पार्ने व्यवस्था मिलाउँछन्, मौन सहमति दिन्छन् वा विरोध गर्दैनन् यी सबैलाई अन्तर्राष्ट्रिय कानुनको सिद्धान्त मुताबिक सम्बन्धित राष्ट्रको अन्तर्राष्ट्रिय दायित्वप्रति कुनै प्रतिकूल प्रभाव नपर्ने गरी नागरिक अदालतसमक्ष पेश गरिनु पर्छ।

**धारा ६**

१. कुनै पनि निर्वाचित जनप्रतिनिधि, नागरिक, सैनिक वा अरू कसैको आदेश वा निर्देशन जबर्जस्ती बेपत्ता पार्ने कामलाई उचित सावित गर्ने कारण हुन सक्दैन। कुनै पनि व्यक्ति जसले यस्ता आदेश वा निर्देशन पाउँछ, ती आदेश वा निर्देशनको अवज्ञा गर्नु उसको अधिकार र कर्तव्य पनि हुने छ।
२. प्रत्येक राष्ट्रले यो कुराको सुनिश्चितता प्रदान गर्नु पर्छ कि कुनै आदेश वा निर्देशनलाई जसले जबर्जस्ती बेपत्ता पार्ने अधिकार प्रत्यायोजन गर्छ वा प्रोत्साहन गर्छ, पूर्णत: निषेध गरिने छ।

**धारा ७**

जुनसुकै असाधारण अवस्था चाहे त्यो युद्धको धम्की, युद्धको अवस्था, आन्तरिक राजनीतिक अस्थिरता वा सार्वजनिक सङ्कटकालीन अवस्था नै किन नहोस् जबर्जस्ती बेपत्ता पार्ने कामलाई उचित साबित गर्नमा प्रयोग गर्न पाइने छैन।

**धारा ८**

१. कुनै पनि राष्ट्रले त्यस्तो व्यक्ति अर्को राष्ट्रलाई फिर्ता गर्नु, निर्वासन गर्नु अथवा वारदात भएको मुलुकमा फिर्ता गर्नु हुँदैन जसलाई जबर्जस्ती बेपत्ता पारिने खतरा भएको कुरा विश्वास गर्नका लागि भरपर्दा आधारहरू छन्।
२. यस्तो स्थिति कुनै मुलुकमा छ वा छैन भन्ने कुरा निश्चित गर्नका लागि सम्बद्ध सक्षम अधिकारीहरूले व्यवहारिक भएसम्म सम्बन्धित मुलुकमा मानवअधिकार उल्लङ्घनको सामूहिक, अत्यन्त खराब, ठूलो रूपलगायत कस्तो खालको ढाँचा रहेको छ भन्ने विषयमा विचार पुऱ्याउने छन्।

**धारा ९**

१. जस्तोसुकै अवस्थामा पनि जबर्जस्ती बेपत्ता पार्ने काम रोक्नका लागि स्वतन्त्रताको

हक खोसिएका व्यक्तिहरूको स्वास्थ्यको अवस्था र उनीहरू कहाँ छन् र यो स्वतन्त्रता हनन गर्ने वा रोक्न आदेश दिने अधिकारीहरू पत्ता लगाउन तत्काल प्रभावकारी कानुनी उपचारका हक आवश्यक छ। (धारा ७ मा उल्लेख गरिएको लगायत)

२. यस्ता कानुनहरूका सक्षम राष्ट्रिय नियोगहरूको पहुँच ती सबै स्थानहरूमा हुनेछ जहाँ स्वतन्त्रता हनन गरिएका व्यक्तिहरू राखिएका हुन्छन् र त्यस्तो प्रत्येक ठाउँहरूमा पनि जहाँसम्म यस्ता व्यक्तिहरू पाउन सकिन्छ भन्ने विश्वास गर्ने आधारहरू छन्।

३. अरू कुनै सक्षम नियोगहरू जसलाई राज्यको कानुनले अथवा कुनै अन्तर्राष्ट्रिय न्यायिक अनुबन्धले जसमा त्यो राष्ट्र पनि सहभागी हुन्छ, अधिकार दिएको हुन्छ, उनीहरूको पनि त्यस ठाउँमा पहुँच हुने छ।

**धारा १०**

१. स्वतन्त्रताको हक खोसिएको कुनै पनि व्यक्तिलाई आधिकारिकरूपमा मान्यताप्राप्त ठाउँमा मात्र हिरासतमा राखिनेछ र हिरासतमा राख्नासाथ त्यस राष्ट्रको ऐनबमोजिम न्यायिक अधिकारीसमक्ष पेश गरिने छ।

२. त्यस्ता व्यक्तिलाई हिरासतमा राखिएको बारेमा र हिरासतमा राखिएको ठाउँ र स्थानान्तरणका बारेमा समेत उनीहरूको परिवारका सदस्यहरू, सल्लाहकारहरू अथवा अरू व्यक्तिहरू जसलाई न्यायिक जानकारी हासिल गर्ने अभिरूचि छ, सबैलाई सही जानकारी तत्कालै उपलब्ध गराइनु पर्छ। (सरोकारवाला व्यक्तिहरूले यी जानकारीहरू उपलब्ध नगराउन अनुरोध गरेको अवस्थामा बाहेर)

३. स्वतन्त्रताको हक खोसिएका सबै व्यक्तिहरूको आधिकारिक र अद्यावधिक अभिलेख सबै हिरासतस्थलमा राखिनेछ। यस अतिरिक्त प्रत्येक राष्ट्रहरूले यस्तै अभिलेखहरू केन्द्रीय रजिष्ट्रारमा राख्ने व्यवस्थ मिलाउने छन्। यी रजिष्ट्ररहरूमा सङ्कलित जानकारी माथिल्लो अनुच्छेदमा उल्लेख गरिएका सबै मानिसहरूलाई उपलब्ध गराइनेछ साथै कुनै पनि न्यायिक वा अरू कुनै सक्षम र स्वतन्त्र राष्ट्रिय नियोग, कुनै पनि योग्य नियोग जसलाई सम्बन्धित राष्ट्रको कानुनले अधिकार दिएको छ वा सम्बन्धित राष्ट्र सदस्य रहेकोले अन्तर्राष्ट्रिय न्यायिक अनुबन्धले अधिकार दिएको छ, उनीहरूलाई उपलब्ध गराइने छ, जो हिरासतमा राखिएको कुनै व्यक्ति कहाँ छ भन्ने कुरा पत्ता लगाउने काममा सरिक रहेका हुन्छन्।

**धारा ११**

स्वतन्त्रताको हकबाट वञ्चित गरिएका व्यक्तिहरूलाई आफ्ना अधिकारलाई सुरक्षितरूपमा प्रयोग गर्न सक्ने शारीरिक अवस्था र क्षमतामा छुटकारा पाएका छन् छैनन् त्यसमा पनि भरपर्दो जाँच पड्ताल गर्ने अनुमतिसहित छुटकारा दिइनु पर्छ। उनीहरू साँच्चै नै छुटेका हुन् वा होइनन् यसको पनि स्पष्ट जानकारी दिइनु पर्छ।

**धारा १२**

१. प्रत्येक राष्ट्रले आफ्नो मुलुकी ऐनअन्तर्गत त्यस्ता नियमहरू स्थापित गर्ने छन् जसबाट ती अधिकारीहरूलाई स्वतन्त्रताको हक खोस्ने अधिकार दिइएको हुन्छ, उनीहरूले यस्ता आदेशहरू दिन सकिने विशेष अवस्थाहरू तय गर्नेछन्। ती अधिकारीहरू जसले स्पष्ट कानुनी आधार विना हिरासतमा राखिएका व्यक्तिका बारेमा जानकारी दिन अस्वीकार गर्छन्, उनीहरूलाई स्पष्ट र कडा दण्ड सजायको व्यवस्था गर्ने ऐन बनाउने छन्।

२. त्यस्तै प्रकारले प्रत्येक राष्ट्रले सबै कानुन लागू गराउने जिम्मेवार अधिकृतहरू जो पक्राउ गर्ने, हिरासतमा राख्ने, सरूवा र कैद गर्ने र अरू कानुनले दिएको अधिकार प्रयोग गरी सैन्य र हातहतियार समेत प्रयोग गर्नका लागि जिम्मेवार छन्, उनीहरूले आदेशको पूर्णतः पालन गरेका छन् र उनीहरूमाथि कडा निरीक्षण व्यवस्था लागू गरिएको छ भन्ने कुराको विश्वास दिलाउनु पर्छ।

**धारा १३**

१. प्रत्येक राष्ट्रहरूले यो कुराको सुनिश्चितता प्रदान गर्ने छन् कि कानुनी ज्ञान वा अभिरूचि भएको कुनै व्यक्ति जबर्जस्ती बेपत्ता पारिएको छ भन्ने कुराको दाबी गर्दछ भने उसले सक्षम र निष्पक्ष राष्ट्रिय नियोगमा उजुरी गर्न सक्तछ। उक्त उजुरीमाथि सो नियोगले सम्पूर्ण कुराहरूलाई केलाएर तुरून्तै निष्पक्ष ढङ्गले छानबिनको कारबाही गर्नुपर्छ। जबर्जस्ती बेपत्ता पार्ने काम भएको छ भन्ने कुराका विश्वसनीय आधार भएमा कुनै पनि उजुरीबेगर राज्यले उक्त मुद्दा पुर्पक्षका लागि तुरून्त सम्बन्धित निकायमा पठाउनु पर्छ। त्यो छानबिनको काममा कुनै पनि किसिमको बाधा अवरोध, ढिलासुस्ती वा कमी आउन दिनु हुँदैन।

२. प्रत्येक राष्ट्रले यो कुराको सुनिश्चितता प्रदान गर्नु पर्छ कि त्यो सक्षम नियोगसँग प्रभावकारी ढङ्गले छानबिन कार्य सम्पन्न गर्ने सिलसिलामा साक्षीहरूलाई उपस्थित हुन बाध्य गर्ने, सम्बन्धित दस्तावेज तयार गर्ने तथा तुरून्त घटनास्थल निरीक्षण

गर्नेलगायत अन्य आवश्यक अधिकार र स्रोत साधन उपलब्ध छ।

३. छानबिन कार्यमा संलग्न वादी, कानुनी सललहकार, साक्षी र छानबिनकर्ता लगायत छानबिन कार्यमा संलग्न सबै व्यक्तिहरू दुर्व्यवहार, आक्रमण र धाक-धम्कीको शिकार हुनु नपरोस् भन्ने सुनिश्चित गर्न आवश्यक कदम चालिने छ।

४. यस्ता छानबिनबाट प्राप्त निष्कर्ष पाउन अनुरोध गर्ने अधिकार सम्बन्धित सबैलाई उपलब्ध ग राइनेछ, तर यसो गर्दा अपराध छानबिनको कार्यमा कुनै विघ्न भने पर्न दिनु हुन्न।

५. वादी दर्ता गर्ने क्रममा अथवा छानबिन प्रक्रियाका क्रममा हुने कुनै पनि किसिमका दुर्व्यवहार, आक्रमण र धाक-धम्की अथवा अन्य किसिमका बाधा व्यवधानका विरूद्ध उचित दण्ड सजाय दिन आवश्यक कदम चालिने कुरा सुनिश्चित हुने छ।

६. जबर्जस्ती बेपत्ता पार्ने कामका शिकार भएकाहरूको भविष्य जबसम्म अस्पष्ट रहन्छ तबसम्म माथि वर्णन गरिएका प्रक्रियाहरूका आधारमा खोजबिन कार्य जारी रहने छ।

**धारा १४**

कुनै पनि व्यक्ति जसमाथि कुनै खास राष्ट्रमा जबर्जस्ती बेपत्ता पार्ने अपराध गरेको अभियोग लागेको छ भने उसलाई कुनै सरकारी छानबिनबाट प्राप्त तथ्यका आधारमा वारेण्ट गरिन्छ तब उसलाई त्यस राष्ट्रको सक्षम नागरिक आयोगसमक्ष अपराधीबाट रूपमा पुर्पक्षको लागि पेश गरिनेछ। यदि उक्त व्यक्तिलाई अर्को राष्ट्रले यस्तो किसिमको कार्यान्वयन भइरहेको अन्तर्राष्ट्रिय समझदारी अनुरूप कानुनी अभयासका लागि प्रस्तुत गर्ने कार्यक्रम राखेको रहनेछ भने राष्ट्रहरूले जबर्जस्ती बेपत्ता पार्ने कामप्रति उत्तरदायी हुने सम्भव (अभियुक्तहरू) सबै व्यक्तिहरूलाई उनीहरूको न्यायिक आयोगसमक्ष अथवा आफ्नो नियन्त्रणमा अदालत समक्ष पेश गर्न उपयुक्त कानुनी कारबाही गर्नुपर्ने छ।

**धारा १५**

यदि कुनै व्यक्तिले धारा ४ अनुच्छेद १ मा उल्लेख गरिए जस्ता अत्यन्त गम्भीर प्रकृतिको क्रियाकलापमा भाग लिएको छ भन्ने तथ्य विश्वास गर्न सकिने बलिया आधारहरू छन् भने राष्ट्रका सक्षम निकायहरूले राजनीतिक शरण दिने कि नदिने भन्ने विषयमा निर्णय गर्दा उद्देश्यप्रति बिल्कुलै वास्ता नराखिकन यी सबै कुराको लेखाजोखा गरिने छ।

**धारा १६**

१. ती व्यक्तिहरू जसले धारा ४ अनुच्छेद १ मा उल्लेख गरिएका कार्यहरू गरेका छन्

Disappearance 5/25/09 3:38 PM Page 70

भन्ने अभियोग लागेको छ, उनीहरूलाई धारा १३ मा उललेख गरिए अनुसार हुने छानबिन कार्यविधिभर सबै सरकारी कामबाट निलम्बन गरिने छ।

२. ती मुद्दाहरूको सुनुवाई कुनै पनि राष्ट्रको सक्षम साधारण अदालतमा हुनेछ, विशेष ट्रिव्युनल खासगरी सैनिक अदालतबाट हुने छैन।

३. यस्ता खालका कानुनी कारबाहीहरूमा कुटनीतिक सम्बन्धबारे भियना अभिसन्धिमा उल्लिखित "पक्षपातको पूर्व सङ्केत" बाहेक अरू कुनै सुविधा सहुलियत अथवा विशेष छुट दिइने छैन।

४. यस्ता क्रियाकलापको लागि उत्तरदायी ठानिएका व्यक्तिहरूमाथि मानवअधिकारको सार्वभौम घोषणापत्र र अरू सम्बन्धित क्रियाशील अन्तर्राष्ट्रिय अभिसन्धिहरूद्वारा छानबिनको प्रत्येक चरणमा र अभियुक्तलाई अदालतसमक्ष अपराध अभियोग लगाउने र कानुनी कारबाही गर्ने क्रममा उचित व्यवहार गरिने कुराको प्रत्याभूति प्रदान गरिने छ।

**धारा १७**

१. जबर्जस्ती बेपत्ता पार्ने कामलाई जघन्य अपराध ठान्ने कानुनी व्यवस्था त्यतिन्जेलसम्म कायम रहनेछ जबसम्म बेपत्ता भएका व्यक्तिहरू कहाँ छन् भन्ने तथ्य र उनीहरूको स्थितिबारे अस्पष्टता रहन्छ।

२. जब नागरिक र राजनीतिक हक बारेको अन्तर्राष्ट्रिय अनुबन्धको धारा सीमितताको ऐनहरू पनि निलम्बित हुनेछन् (जबसम्म यी दायित्वहरू पुनर्बहाली हुने छैनन् तबसम्मका लागि)।

३. जबर्जस्ती बेपत्ता पारिने कामसँग सम्बन्धित कानुनी बन्देजहरू छन् भने ती अपराध कार्यको अत्यधिक गम्भीरता अनुरूप सारपूर्ण र उचित हुने छन्।

**धारा १८**

१. ती व्यक्तिहरू जसले धारा ४ अनुच्छेद १ मा उल्लिखित अपराध गरेका छन् वा अभियोग लगाइएका छन् उनीहरूले कुनै विशेष क्षमादान कानुन वा त्यससँग मिल्दाजुलदा नियमहरू मार्फत अपराधको सजायबाट उम्कने कुनै पनि नाजायज लाभ उठाउन पाउने छैनन्।

२. क्षमादान दिन पाउने अधिकारको प्रयोग गर्दा पनि जबर्जस्ती बेपत्ता पार्ने कामको अत्यधिक गम्भीरतालाई ध्यान दिइने छ।

**धारा १९**

जबर्जस्ती बेपत्ता पारिने कामबाट प्रभावित हुनेहरू र उनीहरूका परिवारले क्षतिपूर्ति पाउने छन् र उनीहरूलाई हुन सक्ने सम्पूर्ण पुनर्व्यव्यवस्थापनका उपायहरूलगायत समुचित क्षतिपूर्ति पाउने अधिकार हुने छ।

**धारा २०**

१. राज्यहरूले जबर्जस्ती बेपत्ता पारिएका आमाबाबुका केटाकेटीहरू र सो अवस्थाका आमाबाट जन्मेका सन्तानहरूको अपहरण रोक्ने र यस्ता कार्यलाई दबाउने छन् साथै यस्ता केटाकेटहरूको पहिचान, खोजतलास र उनीहरूलानई पुनः आफ्नै आमाबाबु, घरपरिवारमा फिर्ता पठाउने व्यवस्था मिलाउन दृढतापूर्वक लाग्ने छन्।

२. अघिल्लो अनुच्छेदमा उल्लेख भएबमोजिम केटाकेटीहरूको अत्यधिक अभिरूचिलाई सुरक्षा दिने कुरालाई ध्यानमा राख्दा, ती राष्ट्रहरू जहाँ धर्मपुत्र/पुत्री राखन पाउने प्रावधान छ- त्यहाँ यस्ता केटाकेटीलाई धर्मपुत्र/पुत्री राख्ने कुरामा पुनर्विचार गर्नु उपयुक्त हुनेछ। खास गरेर जबर्जस्ती बेपत्ता पारिएका अवस्थामा जन्मिएका केटाकेटीलाई धर्मपुत्र/पुत्री राख्ने कामलाई अवैध घोषित गर्नु पर्छ। केटाकेटीका सबभन्दा नजिकका नातेदारहरूले स्वीकृति दिएमा यस्ता धर्मपुत्र राख्ने कामहरू माथि उल्लेख गरिए झैं पुनर्विचार गर्ने अवस्थामा पनि जारी रहन सक्ने छ।

३. जबर्जस्ती बेपत्ता पारिएका आमाबाबुका केटाकेटीहरू वा जबर्जस्ती बेपत्ता पारिएका अवस्थाकी आमाबाट जन्मिएका केटाकेटीको अपहरण र लिङ्ग बदल्ने काम वा उनीहरूको सही पहिचान दिने कागजात नष्ट गर्ने कामलाई पनि उत्तिकै गम्भीर अपराधको रूपमा लिइनेछ र जबर्जस्ती बेपत्ता पार्ने काम गर्नेलाई झैं सजाय दिइनेछ।

४. यी उद्देश्यहरू पूरा गर्न राज्यहरूले औचित्य हेरी द्विपक्षीय वा बहुपक्षीय सम्झौताहरू गर्ने छन्।

**धारा २१**

वर्तमान घोषणापत्रका प्रावधानहरूले मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा स्पष्ट अभिव्यक्त अवधारणा अथवा अरू कुनै अन्तर्राष्ट्रिय प्रावधानहरूमा व्यक्त विचारहरूलाई कुनै वाधा पुऱ्याएको ठानिनु हुँदैन। यसबाट ती घोषणापत्रहरूमा समाविष्ट प्रावधानहरूलाई होच्याइएको अथवा बाधा पुऱ्याइएको अर्थ लगाइनु हुन्न।

# ३ अनुसूची

## बलपूर्वक बेपत्ता पारिएको पीडितका बारेमा डब्लूजीईआईडीसमक्ष निवेदन पेश गर्नका लागि भर्नुपर्ने फाराम

**विशेष** : (८) चिन्ह अङ्कित सूचनाहरू अनिवार्यरूपमा उल्लेख गर्नु पर्दछ।

**नोट** : अनिवार्य सूचनाहरूबाहेक, प्रतिवेदनमा उल्लेख गरिएको कुनै सूचना गोप्य राख्नुपर्ने भए त्यसमा "गोप्य" राख्नुपर्ने भनी स्पष्ट उल्लेख गर्नुपर्दछ।

**संस्थाहरूद्वारा प्रेषित घटनाहरू**

कृपया ध्यान दिनुहोला, यदि यो घटना कार्यदलसमक्ष कुनै एउटा संस्थाद्वारा प्रेषण गर्न लागिएको छ भने तपाईंको संस्थाले बेपत्ता पारिएको व्यक्तिको अवस्था किटान नहुँदासम्म यो घटनाका सम्बन्धमा भविष्यमा अनुपरीक्षण गर्नुपर्ने तथा कार्यदलमार्फत् आउने सरकारका सूचना परिवारसम्म र परिवारका तर्फबाट कार्यदलसम्म सूचनाहरू पुऱ्याउनुपर्ने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा, आफ्नो तर्फबाट कार्यदलसमक्ष यो सूचना वा प्रतिवेदन पेश गर्न तपाईंको संस्थालाई प्रतिवेदनमा समावेश गरिएको पीडितको परिवारले प्रत्यक्ष स्वीकृति दिएका छन् कि छैनन् र पीडितका परिवार र कार्यदलबीच अनुपरीक्षण सूचना आदान-प्रदान गर्न तपाईंको संस्था सक्षम हुनेछ वा छैन भन्नेबारे स्पष्ट उल्लेख गर्नुहोस्।

- यो घटना विवरण प्रेषणका लागि पीडितको परिवारको प्रत्यक्ष स्वीकृति तपाईंको संस्थालाई दिइएको छ :
  हो, परिवारबाट प्रत्यक्ष स्वीकृति प्राप्त छ .... परिवारबाट स्वीकृति प्राप्त छैन ....
- यो घटना विवरण कुनै संस्थाद्वारा प्रेषण गरिएको हो भने, के यो संस्था पीडितका परिवार र कार्यदलबीच अनुपरीक्षण सूचना आदान-प्रदान गर्न सक्षम हुनेछ :
  हुनेछ .................. हुनेछैन ..................

**१. बेपत्ता व्यक्तिको परिचय**

(क) थर (८): .......................

(ख) नाम (८): .......................

(ग) लिङ्ग : पुरुष ..... / महिला .......

(घ) जन्म मिति : ..................

(ङ) परिचयात्मक दस्तावेज/कागजपत्र (जस्तै: नागरिकता, राहदानी आदि) को नं. ....
जारी गरिएको मिति : ..................
जारी गरिएको स्थान : ..................

(च) स्थायी ठेगाना : ...............................................

(छ) आदिवासी : हो ..... / होइन ......

(ज) गर्भवती : हो ..... / होइन ......

**२. बेपत्ताको घटना भएको मिति (कम्तिमा महिना र वर्ष)** (८):
बेपत्ताको मिति : ...................................................

**३. गिरफ्तारी वा अपहरणमा परेको स्थान, वा बेपत्ता व्यक्ति पछिल्लोपटक देखिएको स्थान** (८):

स्थान (सम्भव भए, गल्ली/टोल, वार्ड नं., नगरपालिका/गाउँ, जिल्ला वा अन्य सान्दर्भिक स्थान सङ्केत): ..........................................................................

**४. बेपत्ताका लागि जिम्मेवार भएको ठानिएको पक्ष (राज्य वा राज्य-समर्थित)** (८):

(क) यदि पीडक राज्यका अधिकारी भएको विश्वास गरिएको छ भने, कृपया उल्लेख गर्नुहोस् (सैनिक, प्रहरी, सैन्य वा सादा पोशाकमा भएको व्यक्ति, सुरक्षा निकायको एजेण्ट, उनीहरू कार्यरत इकाई, पद र कार्यादेश आदि) र किन उनीहरू जिम्मेवार भएको विश्वास गरियो भन्नेबारे उल्लेख गर्नुहोस् दुवैखाले सूचना सकेसम्म सङ्क्षेपमा लेख्नुहोस् :

..........................................................................................

..........................................................................................

(ख) यदि राज्यका अधिकारी जिम्मेवार नभए तापनि सरकारी निकायहरू वा उनीहरूसँग

सम्बन्धित व्यक्तिहरू घटनाको लागि जिम्मेवार भएको किन ठान्नुहुन्छ उल्लेख गर्नुहोस् :

.........................................................................................

.........................................................................................

(ग) यदि घटनाको प्रत्यक्षदर्शी कोही छ भने उसको नाम उल्लेख गर्नुहोस्। यदि प्रत्यक्षदर्शी व्यक्ति अज्ञात रहन चाहन्छ वा घटना विवरणमा नाम उल्लेख गर्न चाहँदैन भने, ऊ नातेदार, पदयात्री आदि के हो उल्लेख गर्नुहोस्। यदि कुनै प्रमाण छ भने त्यो पनि स्पष्ट पार्नुहोस् :

.........................................................................................

.........................................................................................

**५. बेपत्ता पारिएको व्यक्ति पत्ता लगाउन परिवार वा अन्य व्यक्ति वा संस्थाद्वारा चालिएको कदम (प्रहरी, जेल, मानवअधिकार आयोग आदिसँग गरिएको सोधखोज, बन्दी प्रत्यक्षीकरणको निवेदन, आदि)** (८) :

(क) उजुरी दर्ता गरिएको छ भने, कहिले, कसद्वारा, र कुन संस्था वा निकायमा दर्ता गरेको हो उल्लेख गर्नुहोस्

.........................................................................................

(ख) चालिएका अन्य कदमहरू :

.........................................................................................

(ग) यदि कुनै कदम चाल्न सम्भव भएन भने, कृपया त्यसको कारण उल्लेख गर्नुहोस् :

.........................................................................................

६. प्रतिवेदन वा घटना विवरण पठाउने व्यक्ति वा संस्थाको परिचय (८) :

(क) थर : ..........................................

(ख) नाम : ..........................................

(ग) बेपत्ता व्यक्तिसँगको नाता : ..........................................

(घ) संस्था (सान्दर्भिक भए, तल उल्लिखित सूचना विवरण पनि हेर्नुहोस्)

..........................

(ङ) ठेगाना (टेलिफोन, फ्याक्स, ईमेलसमेत) : ..........................................

(च) यदि तपाईं आफ्नो परिचय गोप्य राख्न चाहनुहुन्छ भने, कृपया उल्लेख गर्नुहोस् :

चाहन्छु, मेरो परिचय गोप्य राखियोस् :

............ गोप्य राख्न अनुरोध गर्दिन ............

**घटनासम्बन्धी अतिरिक्त सूचना :**

माथिका प्रश्नावलीमा नसमेटिएका अन्य कुनै सान्दर्भिक सूचना छन् भने कृपया उल्लेख गर्नुहोस्। यदि (८) चिन्ह लगाइएका अनिवार्य सूचना प्रदान गर्न सकिएन भने, कृपया त्यसको कारण उल्लेख गर्नुहोस्।

..........................................................................................

**मिति :** **प्रेषकको हस्ताक्षर :**

**प्रतिवेदन वा घटना विवरण पठाउने ठेगाना**

ईमेल : wgeid@ohchr.org

फ्याक्स : ४१२२ ९१७ ९००६ (पेजको माथिल्लो भागमा "attn: WGEID" लेख्नुपर्ने)

**पोष्ट गर्ने ठेगाना**

WGEID

OHCHR, Palais des Nations

8-14 Avenue de la Paix

CH-1211 Geneva 10

Switzerland